
# येशू को

# हुनुहुन्छ



# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ

**(Who Jesus Is)**

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ

लेखकः एल्टन जी. हिल
अनुवादकः बाल कृष्ण शर्मा

आई सी आई युनिभर्सिटी
पो. ब. नं. ४२४५
काठमाडौं, नेपाल

प्रकाशक

आई सी आई युनिभर्सिटी
पो.ब. नं. ४२४५
काठमाडौं, नेपाल

© १९९५ सर्वाधिकार सुरक्षित
आई सी आई युनिभर्सिटी
काठमाडौं, नेपाल

प्रतिः ५०००

Published by
ICI University
P.O. Box: 4245
Kathmandu, Nepal

Who Jesus is
Reprinting 1995
Third Edition 2007
Reprinting 2012

# विषय सूची


| | पाठ | पृष्ठ |
|---|---|---|
| | सबैभन्दा पहिले आनुहोस् कुराकानी गरौं | ९ |
| १. | येशू खीष्टको विषयमा खोज | १३ |
| २. | येशू प्रतिज्ञा गरिनुभएको खीष्ट हुनुहुन्छ | ३२ |
| ३. | येशू खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ | ५२ |
| ४. | येशू खीष्ट मानिसका पुत्र हुनुहुन्छ | ७२ |
| ५. | येशू खीष्ट वचन हुनुहुन्छ | ९४ |
| ६. | येशू खीष्ट संसारका ज्योति हुनुहशुन्छ | ११० |
| ७. | येशू खीष्ट निको पार्ने र बप्तिस्मा-दिने व्यक्ति हुनुहन्छ | १२७ |
| ८. | येशू खीष्ट मुक्तिदाता हुनुहुन्छ | १४३ |
| ९. | येशू खीष्ट पुनरुत्थान र जीवन हुनुहुन्छ | १६२ |
| १०. | येशू खीष्ट प्रभु हुनुहुन्छ | १७९ |

# प्रभु येशू ख्रीष्ट को हुनुहुन्छ ?

यो विशेष प्रकारको पुस्तक हो, किनभने यो ती मानिसद्वारा लेखिएको हो जसले तपाइंको वास्ता गर्नुहुन्छ। यी आनन्दित मानिसहरूले संसारका सबै मानिसहरूलाई दु:ख, कष्ट दिने समस्याहरू र धेरै प्रश्नहरूको असल उत्तर पत्ता लगाएका छन्। यी आनन्दित मानिसहरू विश्वास गर्छन् कि तिनीहरूले पत्ता लगाएका उत्तरहरू अरूहरूलाई पनि बाँडेको परमेश्वर तिनीहरूबाट चाहनुहुन्छ। तपाईंले आफ्नो जीवनका समस्याहरू र प्रश्नहरूको उत्तर प्राप्त गरी तपाईंको निम्ति उत्तम जीवनको बाटो थाहा गर्न तपाईंलाई महत्त्वपूर्ण सूचनाको आवश्यकता छ भन्ने तिनीहरू विश्वास गर्छन्।

तपाईंलाई यी विशेष सूचनाहरू दिनको लागि नै तिनीहरूले यो पुस्तक तयार गरेका हुन्।


यस पुस्तकका तीन मुख्य सत्यताहरू यी हुन् :

१. तपाईंलाई मुक्तिदाताको आवश्यकता छ। पृष्ठ १८ मा यो पढ्नुहोस्।
२. तपाईं आफैले आफैलाई बचाउन सक्नुहुन्छ। पृष्ठ १४४ मा यो पढ्नुहोस्।
३. तपाईं आफैले आफ्नो अनन्त स्थान निर्णय गर्नुहुन्छ। पृष्ठ १५३ मा यो पढ्नुहोस्।

यो पुस्तकले बताउँछ कि कसरी तपाईंले आफ्नो अनन्त स्थानको निर्णय गर्नुहुन्छ र तपाईंको निर्णय बताउनको निम्ति पनि यसले मौका दिन्छ अनि यो पुस्तक अरू पुस्तकहरू भन्दा फरक पनि छ किनभने यो पुस्तक तयार पार्ने व्यक्तिहरूसँग तपाईं भेटघाट गर्न सक्नुहुन्छ। यदि तपाईं प्रश्न सोध्न चाहनुहुन्छ वा आफ्ना आवश्यकताहरू र विचारहरू बताउन भाहनुहुन्छ भने उनीहरूलाई चिठ्ठी पत्र लेख्न सक्नुहुन्छ।

यो पुस्तकको पछाडि तपाईंले 'निर्णय प्रतिवेदन र निवेदन' भन्ने भाग पाउनुहुनेछ। जब तपाईंले निर्णय गर्नुहुन्छ, यो भागलाई भरेर यसमा बताए अनुसार हुलाकबाट पठाउनुहोस्। त्यसपछि तपाईंले अरू सहायता प्राप्त गर्न सक्नुहुनेछ। यो भागमा तपाईंले प्रश्नहरू सोध्न सक्नुहुनेछ, प्रार्थना वा सूचनाको निम्ति निवेदनहरू बनाउन सक्नुहुन्छ। यो पुस्तकको अध्ययनमा परमेश्वरले तपाईंलाई आशिष दिऊन्।

# सबैभन्दा पहिले आउनुहोस् कुराकानी गरौं



## किन तपाईं यो पुस्तकको अध्ययन गरिरहनुभएको छ ?

झण्डै २,००० वर्ष पहिले जन्मिएको कुनै व्यक्तिको विषयमा तपाईं किन अध्ययन गर्नुहुन्छ ? येशू को हुनुहुन्छ भनी चिन्नाले तपाईंलाई के फाइदा हुन्छ ? यो प्रश्न अति महत्त्वपूर्ण छ, तपाईंले यसका उत्तरहरू यी पाठहरूबाट पाउन सक्नुहुनेछ ।

संसारको इतिहासमा पहिले भन्दा आज धेरै व्यक्तिहरू येशू खीष्टको विषयमा कुराकानी गरिरहेका छन् । करोडौं मानिसहरू आफूलाई येशू खीष्टका चेलाहरू हौं भनी भन्दछन् । यस भन्दा बढी करोडौं मानिसहरूले आफू येशू खीष्टका विश्वासीहरू हौं भनी दावी गर्दछन् । किन ? तपाईंको धर्म जुनसुकै भए तापनि तपाईंले येशू खीष्टको जीवन, उहाँका शिक्षाहरू र उहाँका दावीहरूको विषयमा केही न केही जान्नु अति आवश्यक छ ।

हुन सक्छ, तपाईंले येशू खीष्टको जीवनी र शिक्षाहरू उहाँप्रतिको आफ्नो इच्छा सन्तुष्ट पार्नको लागि अध्ययन गर्नुभएको होला अथवा हुन सक्छ, तपाईंले उहाँलाई आफ्ना मुक्तिदाता भनेर ग्रहण गर्नुभएको छ होला र उहाँलाई अझ राम्रो तरिकाले चिन्न चाहनुहुन्छ । यो पनि हुन सक्छ कि तपाईं आफ्नो आत्मिक जीवनमा वास्तविकता हेरिरहनुभएको

छ, आफ्नो विश्वास दह्रिलो पार्न चाहनुहुन्छ अथवा येशू ख्रीष्टले तपाईंको जीवनका समस्याहरूको समाधान गरेको देख्न चाहनुहुन्छ ।

तपाईंले उद्देश्य जेसुकै भए तापनि अध्ययन गर्दा तपाईंले यी कुराहरूलाई ध्यान दिनुहोस् । जति बढी तपाईंले यी पाठहरू आफ्नो जीवनमा प्रयोगमा ल्याउनहुन्छ, त्यति नै असल कुराहरू तपाईंले तिनीहरूबाट पाउन सक्नुहुनेछ ।

## स्वयम् शिक्षा

यस पुस्तकमा प्रयोग गरिएको स्वयम् शिक्षाको आधुनिक प्रणालीको प्रयोग गरेर अध्ययन गर्दा तपाईंले आनन्द उठाउन सक्नुहुनेछ । यो पकेट साइजको पुस्तक हो । यसैले तपाईं यस पुस्तकलाई जुनसुकै ठाउँमा पनि लान सक्नुहुन्छ र जुनसुकै बेला पनि पाँच-दस मिनेट फुर्सद पाउँदा यसलाई पढ्न सक्नुहुन्छ ।

यस पुस्तकका शैक्षिक सामग्री भारत र श्रीलङ्कामा **एल्टोन जी हिल**ले रेडियोबाट प्रसारित गर्नुभएका विषयवस्तुहरू हुन् । यी विषयहरू प्रशस्त रूपमा भारत र मध्यपूर्वी देशहरूमा पनि फैलिएका थिए । अहिले यी विषयहरूलाई आई.सी.आई.ले स्वयम् शिक्षाको रूपमा विकसित गरेको छ । येशू ख्रीष्टको जीवन र कामको विषयमा पूर्ण शिक्षा दिनलाई धेरै पाठहरू पनि थपिएका छन् ।

## खण्ड

प्रत्येक पाठलाई भाग-भागमा विभाजन गरिएको छ । पूरा पाठलाई सकुञ्जेलसम्म तपाईंले पर्खिरहनु पर्दैन । प्रत्येक खण्डको आफ्नै दोहोऱ्याउने प्रश्नहरू छन्, यसैले एक समयसम्म तपाईं जति पढ्न

चाहनुहुन्छ त्यति पढ्न सक्नुहुन्छ । तपाईंले प्रश्नहरूका उत्तर दिनुभएपछि यो पाठको अन्तमा दिएको ठीक उत्तरमा हेरेर आफ्नो उत्तर ठीक छ कि छैन हेर्नुहोस् र ठीक उत्तरमा अङ्क पनि दिनुहोस् । जे गर्न सक्नुहुन्छ, जहाँ गर्न सक्नुहुन्छ, जहिले गर्न सक्नुहुन्छ, गर्नुहोस् । एक हप्तामा एउटा पाठ सिध्याउने कोसिस गर्नुहोस् ।

## तपाईंको अभ्यासको निम्ति

प्रत्येक पाठको अन्त्यमा तपाईंले गर्नुपर्ने प्रश्नहरू र अरू कुराहरू अति नै महत्त्वपूर्ण छन् । तिनीहरूले:

- तपाईंका विचारहरूलाई यता-उता जानबाट रोक्दछन् ।
- तपाईंले भर्खरै पढेर के बुझ्नुभयो त्यसको जाँच गर्दछन् ।
- पाठका मुख्य भागहरूलाई तपाईंको समझमा राख्नलाई सहायता गर्दछन् ।
- तपाईंले सिकेका पाठहरूलाई तपाईंको आवश्यकता अनुसार र वर्तमान परिस्थितिमा प्रयोग गर्न मद्दत गर्दछन् ।

यो पुस्तक यसका उत्तरहरू यसैमा लेख्ने तरिकाले बनाइएको छ । यदि तपाईं यो पुस्तक फेरि प्रयोग गर्न चाहनुहुन्छ भने आफ्ना उत्तरहरू अभ्यास पुस्तिकामा लेख्नुहोस् नत्रभने पुस्तकमा दिइएको खाली ठाउँमा ठीक उत्तरहरू लेख्नुहोस् ।

तपाईंलाई सोधिने प्रकारको प्रश्नको उदाहरण यहाँ छ । प्रश्नको तल धेरै सम्भाव्य उत्तरहरू छन् । तपाईंले यी दिइएका उत्तरहरूबाट ठीक उत्तर छानी उत्तरको अगाडिको खाली ठाउँमा चिन्ह लगाउनुपर्दछ जसरी तलको उदाहरणमा पनि दिइएको छ ।

१. यो कस्तो प्रकारको पुस्तक हो ?

____ **क.** रेडियोमा प्रसारण भएका वचनहरूको पुस्तक हो ।

____ **ख.** येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने विषयमा दिइएका आत्मिक शिक्षाको पुस्तक हो ।

__✓__ **ग.** येशू ख्रीष्ट को हुनुहुन्छ भनी रेडियोबाट लिएका वचनहरूको स्वयम् शिक्षाको पुस्तक हो ।

## तपाईंको विद्यार्थी प्रतिवेदन

पुस्तकको अन्तिम भागमा तपाईंको विद्यार्थी प्रतिवेदन छ जुन प्रत्येक पाठ पछि भरिनुपर्दछ । तपाईंले कण्ठ गर्नुभएका कामको प्रतिवेदन र प्रत्येक पाठमा तपाईंले ठीक उत्तर दिनुभएका प्रश्नहरू र साथसाथै तपाईंको विद्यार्थी प्रतिवेदनमा लेखिएका उत्तरहरूबाट तपाईंले कस्तो प्रकारले अध्ययन गर्दै हुनुहुन्छ भनी तपाईंका शिक्षकले थाहा पाउनुहुनेछ । यदि पाठहरूका विषयमा तपाईंलाई समस्या छ भने यस विषयमा आफ्नो शिक्षकलाई लेख्नुहोस् । तपाईंलाई सहायता गर्नमा उहाँ खुसी हुनुहुनेछ ।

आफ्नो प्रमाणपत्र प्राप्त गर्नको विद्यार्थी प्रतिवेदन, हुलाकद्वारा आई.सी.आई. को ठेगानामा पठाउनुहोस् अथवा विद्यार्थी प्रतिवेदनमा लेखिएका प्रश्नका उत्तरहरू अर्को कापीमा सारेर पनि पठाउन सक्नुहुनेछ ।

पाठ १

# प्रभु येशू ख्रीष्टको विषयमा खोज



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

बाइबलबाट शिक्षा

- बाइबलको यथार्थता
- बाइबलको उद्देश्य (विषयवस्तु)
- येशू ख्रीष्टको विषयमा नयाँ नियमको व्याख्या

अनुभवबाट शिक्षा

- अरूहरूको अनुभव
- व्यक्तिगत अनुभव




के म तपाईंसँग एउटा प्रश्न गर्न सक्छु ? तपाईंको विचारमा येशू ख्रीष्ट को हुनुहुन्छ ? कोही मानिसले भन्छन् उहाँ एक महान् गुरू हुनुहुन्थ्यो, अरूहरूले उहाँलाई भविष्यवक्ता, दार्शनिक, पश्चिमी ईश्वर अथवा असल मानिस जसको उदाहरण हामीले पछ्याउनुपर्दछ भनी भन्छन् ।

प्रभु येशू ख्रीष्ट महान् गुरू र भविष्यवक्ता हुनुहुन्थ्यो तर उहाँ यी कुराहरूभन्दा पनि धेरै हुनुहुन्छ । उहाँ दार्शनिक वा हाम्रो उदाहरण भन्दा धेरै हुनुहुन्छ । प्रभु येशू ख्रीष्ट पश्चिमी देश बेलायत वा अमेरिकामा जन्मनुभएको होइन । यसकारण हामीहरू उहाँलाई पश्चिमी ईश्वर भन्न सक्तैनौं । उहाँ मध्यपूर्वी देश इस्राएलमा झन्डै २,००० वर्ष पहिले जन्मनुभएको थियो र पनि संसार वरिपरिका करोडौं मानिसहरूले उहाँलाई व्यक्तिगत रूपमा चिनेका दावी गर्दछन् । तिनीहरू उहाँको निम्ति मर्न पनि तयार छन् । उहाँ को हुनुहुन्छ त ?

## बाइबलबाट शिक्षा


### बाइबलको यथार्थता



येशू ख्रीष्ट को हुनुहुन्छ भनेर जान्नलाई हामीहरू बाइबल धर्मशास्त्रमा जानुपर्छ जहाँ उहाँको जीवन र शिक्षाहरू यथार्थ रूपमा पाउन सकिन्छ । बाइबल धर्मशास्त्र ६६ वटा पुस्तकहरूको सङ्कलन हो जुन पुस्तकहरू करीब ३५ देखि ४० लेखकहरूले लेखेका छन् ।

बाइबल धर्मशास्त्रका लेखकहरू विभिन्न पेसा भएका धेरै मानिसहरू थिए । तिनीहरू विद्वान्हरू, डाक्टरहरू, राजाहरू, भविष्यवक्ताहरू, पुरोहितहरू, व्यापारीहरू, किसानहरू, गोठालाहरू, अधिकारीहरू र माछा मार्नेहरू थिए ।

तिनीहरू १६०० वर्षको अवधिको विभिन्न समयमा रहेका मानिसहरू थिए । तिनीहरू सबै भद्र मानिस थिए र यी कुराहरूमा तिनीहरू समान थिए :



१. तिनीहरू विश्वको सृष्टिकर्ता एक मात्र परमेश्वर यह्वेलाई आराधना गर्दथे ।

२. तिनीहरू प्रत्येकसँग परमेश्वर प्रकट हुनुभयो र तिनीहरूले मानव जातिको लागि परमेश्वरबाट सन्देश प्राप्त गरे ।

३. तिनीहरू सबैले ती कुराहरू लेखे जुन कुरा परमेश्वरले तिनीहरूलाई लेख्ने आदेश दिनुभयो ।

जब यी मानिसहरूले बितेका घटनाहरूको वर्णन, आउने घटनाहरूको भविष्यवाणी र प्रत्येक वर्ष र परिस्थितिको मानव जातिको निम्ति परमेश्वरबाट सन्देश पाए, यी कुराहरू लेख्दा परमेश्वरले तिनीहरूलाई भूल गर्नबाट बचाउनुभयो । धेरै वर्ष पहिले परमेश्वरको

प्रेरणाद्वारा लेखिएका यी पुस्तकहरू एउटै पुस्तकमा सङ्कलन गरियो जसलाई पवित्र बाइबल भनिन्छ।




**२ पत्रुस १:२१** अनुसार किनकि मानिसको इच्छाबाट कुनै अगमवाणी आएन तर पवित्र आत्माबाट प्रेरणा पाएर मानिसहरूले परमेश्वरको तर्फबाट बोलेका हुन्।

बाइबल धर्मशास्त्र सबै वर्णनमा यथार्थ (ठीक) छ। यो ऐतिहासिक रूपमा ठीक छ। यो वैज्ञानिक रूपमा ठीक छ। राज्यहरू र व्यक्तिहरूको विषयमा लेखिएको हजारौं भविष्यवाणीहरूको ठीक परिपूर्ति भएको हुनाले प्रमाणित हुन्छ कि यो पुस्तक साँच्चै नै परमेश्वरको वचन हो। यस पुस्तकले येशू ख्रीष्टको विषयमा के बताउँछ त्यसमा हामी भरोसा गर्न सक्दछौं।

### तपाईंको अभ्यासको निम्ति

यदि तपाईंले पेज ७ देखि १० सम्म पढ्नुभएको छैन भने यी प्रश्नहरूका उत्तर लेख्नुभन्दा अगाडि नै पढ्नुहोस्। तल दिइएका प्रश्नहरूका ठीक उत्तरका अगाडि (✓) चिन्ह लगाउनुहोस्।

१. येशू ख्रीष्ट को हुनुहुन्थ्यो ?

____ **क.** महान् गुरू मात्र।

____ **ख.** भविष्यवक्ता मात्र।

____ **ग.** पश्चिमी ईश्वर।

____ **घ.** गुरू, भविष्यवक्ता र दार्शनिक भन्दा पनि महान् व्यक्ति ।

२. येशू ख्रीष्ट कहाँ रहनुहुन्थ्यो ?

____ **क.** युरोपमा ।

____ **ख.** मध्यपूर्वी देशमा ।

____ **ग.** पश्चिमी देशमा ।

३. येशू ख्रीष्टको विषयको यथार्थ वर्णन कुन ठाउँमा पाउन सकिन्छ ?

____ **क.** बाइबलमा ।

____ **ख.** रोमी इतिहासमा ।

____ **ग.** ग्रीक दर्शनमा ।

४. बाइबलका लेखकहरूमा साझा भएका तीन कुराहरूलाई जाँच्नुहोस् ।

____ **क.** सबै जना एकै समयमा रहन्थे ।

____ **ख.** सबैले एउटै परमेश्वरको आराधना गर्दथे ।

____ **ग.** सबै जना धेरै ईश्वरहरू पूजा गर्दथे ।

____ **घ.** परमेश्वर आफै उनीहरूसँग प्रकट भयो र तिनीहरूलाई उहाँका सन्देश दिनुभयो ।


____ **ङ.** सबै व्यक्तिले आफूले इच्छा गरे अनुसार लेखे ।

____ **च.** परमेश्वरले जे भन्नुभयो सबै व्यक्तिले त्यही लेखे ।

____ **छ.** आफूले लेखेका पुस्तकमा सबैले भूल गरेका थिए ।

## बाइबलको उद्देश्य (विषयवस्तु)

किन १६०० वर्ष लगाएर ४० जना मानिसहरूले लेखेका ६६ वटा पुस्तकहरू जम्मा गरी एउटा पुस्तक बनाइयो ? किनभने तिनीहरू सबैको उद्देश्य वा विषयवस्तु एउटै छ। तिनीहरू सबै मिलेर एउटै तस्वीरको विभिन्न भागहरू देखाउँछन्। बाइबल धर्मशास्त्रमा भएका इतिहास, व्यवस्था, भजनहरू, भविष्यवाणी, जीवन कहानी र व्यावहारिक शिक्षाका पुस्तकहरूको एउटै केन्द्रीय विषयवस्तु छ। प्रेमी परमेश्वरद्वारा पापपूर्ण मानिसको मुक्तिको विषयमा यो पुस्तक लेखिएको छ।



बाइबल धर्मशास्त्रका दुवै भागहरू- पुरानो र नयाँ नियमले मानिसलाई मुक्तिदाताको आवश्यकता र येशू खीष्टमा परमेश्वरको मुक्तिको बाटोको विषयमा हामीहरूलाई देखाउँछन्। पुरानो नियम येशू खीष्ट जन्मनु भन्दा पहिल्यै लेखिएको थियो र यसमा खीष्टको विषयमा लेखिएका धेरै भविष्यवाणीहरू छन्। मुक्तिदाता कसरी आउनुभयो र हामीहरू कसरी उहाँबाट बचाइन सक्छौं भन्ने कुरा नयाँ नियमले हामीहरूलाई बताउँछ। सबै मानिसहरूका मुक्तिदाता येशूमा मानिसको मुक्ति केन्द्रित छ भनी बाइबलले बताएको छ।

## तपाईंको अभ्यासको निम्ति

५. बाइबलको मुख्य विषयवस्तु के हो ?

____ **क.** असल व्यवस्थाबाट मुक्ति

____ **ख.** प्रेमी परमेश्‍वरद्वारा पापपूर्ण मानिसको मुक्ति ।

____ **ग.** असल वातावरणबाट मानिसको मुक्ति ।

६. बाइबलको कुन भागमा आउनेवाला मुक्तिदाताको विषयमा प्रतिज्ञा गरिएको छ ?

..........................................................................

७. बाइबलको कुन भागले मुक्तिदाताको जीवनीको विषयमा बताउँछ ?

..........................................................................

**नयाँ नियमले येशू ख्रीष्टको विषयमा बताउँछ**

नयाँ नियमले हामीहरूलाई निम्न विषयहरूको बारेमा बताउँछ-

१. प्रभु येशू ख्रीष्टको जीवन र शिक्षाहरू ।
२. उहाँले स्थापना गर्नुभएको मण्डली (चर्च) ।
३. येशू ख्रीष्टलाई पछ्याउने उपदेशहरू ।
४. येशू ख्रीष्टको आगमन सम्बन्धी भविष्यका घटनाहरू ।


हामीहरू नयाँ नियमको यथार्थतामा भर पर्न सक्दछौं । परमेश्‍वरले ती मानिसहरूलाई चुन्‍नुभयो जसले यी कुराहरू लेख्‍नुपर्ने थियो र तिनीहरूको सम्पूर्ण काममा उहाँले तिनीहरूलाई प्रेरणा दिनुभयो । तीन कुराहरूले हामीलाई निश्‍चयता दिन्छन् कि नयाँ नियमका घटनाहरू सत्य छन् :

(१) ईश्वरीय प्रेरणा, (२) लेखकहरूका आफ्नै आँखाले देखेका गवाही (साक्षी) हरू र (३) वास्तविकताका क्रमिक खोज ।





मत्ती, मर्कूस, लूका र यूहन्नाले लेखेका सुसमाचारहरू लेखे जसलाई उनीहरूका नाम दिएर बोलाइन्छ । यिनीहरू नयाँ नियमका पहिला चार पुस्तकहरू हुन् । हामीहरू यी पुस्तकहरूलाई सुसमाचार भन्छौं किनकि सुसमाचार भनेको अर्थ असल समाचार हो । कसरी येशू ख्रीष्ट हामीहरूलाई अनन्त जीवन दिनलाई आउनुभयो, यही नै यस पुस्तकमा भएको उत्तम समाचार हो ।


हामीहरू मानिसलाई विभिन्न दृष्टिकोणबाट हेर्न सक्दछौं । तपाईंले चिनेको मानिसलाई हेर्नुहोस् । कुनै एक व्यक्तिको लागि ऊ छिमेकी हुन्छ, अर्काको लागि ऊ साथी हुन्छ, अझ अरूहरूको लागि ऊ एक लोग्ने, पिता र कामदार हुन्छ । सबैले त्यही व्यक्तिको विषयमा लेख्न सक्दछन् तर प्रत्येकको भिन्नाभिन्नै दृष्टिकोण र महत्वपूर्णता हुन्छ ।



परमेश्वरले मत्ती, मर्कूस, लूका र यूहन्नालाई प्रेरणा दिएर भिन्नाभिन्नै दृष्टिकोणबाट सुसमाचार लेख्ने अगुवाइ गर्नुभयो । मत्तीले हामीलाई देखाउँछन् कि राजा दाऊदको सन्तान येशू ख्रीष्ट राजा हुनुहुन्छ जसले सारा संसारलाई धार्मिकतामा राज्य गर्नुहुनेछ ।


मर्कूसले हामीलाई देखाउँदछन् कि येशू ख्रीष्ट परमेश्वरको इच्छा पालन गर्ने उहाँका दास हुनुहुन्छ, उहाँलाई पुरानो नियमको भविष्यवाणीमा दुःख उठाउने दासको रूपमा वर्णन गरिएको छ जो हाम्रा पापहरूका निम्ति मर्न आउनुभयो ।





लूका, एक ग्रीक डाक्टरले येशू ख्रीष्टलाई मानिसको पुत्रको रूपमा वर्णन गरेका छन् जो मानव जातिको पूर्ण प्रतिनिधि हुनुहुन्छ र सबै मानव जातिको रोगको उपचार उहाँले मात्र गर्न सक्नुहुन्छ ।

यूहन्नाले आफ्नो सुसमाचारमा येशू खीष्टलाई परमेश्वरका पुत्रको रूपमा देखाएका छन् जो संसारका मुक्तिदाता हुनुहुन्छ । उनको पुस्तक एक व्यक्तिको जीवनको वर्णन हो जसलाई उनले व्यक्तिगत रूपमा चिनेका थिए । उनको उहाँसँग नजिकको सम्बन्ध थियो ।



यूहन्ना गवाही भएर केही कुरा प्रमाणित गर्नलाई लेख्छन्, येशू खीष्ट को हुनुहुन्छ भनी प्रमाणित गर्दछन् । उनको उद्देश्य उनले लेखेको पुस्तक पढ्नेहरूलाई प्रभावित पार्नु हो कि यी मानिस येशू मानिस भन्दा पनि बढी हुनुहुन्छ । उहाँ मानिसको स्वरूपमा आउनुभएका परमेश्वर हुनुहुन्छ । उनी घोषणा गर्दछन् कि जो-जसले येशू खीष्टमा विश्वास गर्छन् तिनीहरूले अनन्त जीवन पाउनेछन् । यो महान् भनाइ हो- सत्य हुनलाई पनि कठिन देखिन्छ तर जुन कुरा प्रभुका चेलाहरूले उहाँको विषयमा लेखेका कुराहरू जब हामी बाइबलमा पढ्दछौं, हामी देख्दछौं कि तिनीहरू सबै एउटै कुरामा सहमत हुन्छन् । तिनीहरूले येशू खीष्टका विषयमा भनेका कुराहरू सत्य छन् ।

मत्ती र यूहन्ना बाह चेलाहरूमध्येका दुई चेलाहरू हुन् जसले येशू खीष्टको सेवकाइको तीन वर्षको समय उहाँसँग बिताएका थिए । तिनीहरूले उहाँले गर्नुभएका आश्चर्यकर्महरू आफैले देखेर वर्णन गरेका छन्, उहाँका केही शिक्षाहरूको वर्णन गरेका छन् र तिनीहरूले उहाँको

मृत्यु र पुनरूत्थानको विषयमा जे कुरा अनुभव गरे त्यही लेखेका छन् । यूहन्नाले येशू ख्रीष्टको ईश्वरत्वको प्रमाण दिन्छन् र उहाँमाथिको विश्वासको महत्तता देखाउँदछन् । येशू ख्रीष्टका चेला हुनुभन्दा पहिले मत्ती कार्यालयमा लेखापढी गर्दथे । उनले क्रमिक रूपमा प्रमाणित गरेका छन् कि येशू ख्रीष्ट राजा हुनुहुन्छ जसको विषयमा पुरानो नियमका भविष्यवक्ताहरूले लेखेका थिए । उनले पुरानो नियमका भविष्यवाणीहरू ल्याएर ती कसरी पूर्ति भएका छन् सो देखाउँदछन्, येशू ख्रीष्टको राजकीय वंशको वर्णन गर्दछन् र उहाँको राज्यको सिद्धान्तहरूको विषयमा बताउँदछन् ।

येशू ख्रीष्टको सेवाकाइको समयमा मर्कूस यरूशलेममा रहने एक जवान व्यक्ति थिए । हुनसक्छ, उनी भीडहरूमध्येका एक थिए जसले येशू ख्रीष्टले गरेको प्रचार सुनेका थिए, उहाँका आश्चर्यकर्महरू देखेका थिए र उहाँलाई क्रूसमा टाँगेको दृश्य हेरेका थिए । पछि मर्कूस ख्रीष्टको एक चेला पत्रुसको नजीकको साथी बनेका थिए, र हुनसक्छ उनले लेखेको सुसमाचारमा केही वर्णनहरू पत्रुसबाट उनले सिकेका थिए ।

डाक्टर लूकाले येशूको विषयमा होशियारीसाथ खोजी गरेका थिए । येशू ख्रीष्टको जीवनको यथार्थ वर्णन र उहाँको मण्डली (चर्च) वृद्धिको विषयमा आफ्नो मुख्य साथीलाई बताउन उनले दुई पुस्तकहरू (सुसमाचार र प्रेरितको पुस्तक) लेखेका थिए ।

लूकाले मरियम (येशू ख्रीष्टकी आमा) र अरू धेरै मानिसहरूसँग अन्तर्वार्ता लिए जसलाई येशू ख्रीष्टको आश्चर्यपूर्ण जन्म, जीवन, मृत्यु र पुनरूत्थानको विषयमा राम्रो ज्ञान थियो । येशू ख्रीष्टले निको पार्नुभएका धेरै मानिसहरूलाई लूकाले जाँच गरे र के भएको थियो भनी वर्णन गरे ।

येशू ख्रीष्टको विषयमा लेख्न नयाँ नियमका अरू बाँकी लेखकहरू, पत्रुस, याकूब, यहूदा र पावल योग्यका थिए। पत्रुसले तीन वर्षसम्म येशू ख्रीष्टसँगै उहाँको चेला भई जीवन बिताएका थिए। याकूब र यहूदा येशू ख्रीष्टका आफ्नै भाइहरू थिए। येशू ख्रीष्ट र उहाँलाई पछ्याउनेहरूका पावल घोर शत्रु थिए तर उनले यस्तो प्रकारले प्रभुलाई भेटे जसले उनको जीवन पूर्ण रूपमा परिवर्तन भयो। त्यसपछि पावलले आफ्नो पूरा समय येशू ख्रीष्टको बारेमा अरूलाई बताउने काममा दिए।

परमेश्वरले यी मानिसहरूलाई तिनीहरूले येशू ख्रीष्टको विषयमा थाहा पाएका कुरा हामीहरूको निम्ति र त्यस बेलाका मानिसहरूको निम्ति लेख्न लगाउनुभयो। तिनीहरूले लेखेका सबै कुराहरूले एकअर्कामा मिलाप राख्दछन्। तिनीहरूले आफ्नो अनुभवबाट हामीहरूलाई बताउँछन् कि हामीहरूले पनि येशू ख्रीष्टलाई चिन्न सक्छौं र उहाँले दिने अचम्मको जीवनको आनन्द प्राप्त गर्न सक्छौं। यूहन्नाले यसलाई छोटकरीमा यसरी बताएका छन्:

> **१ यूहन्ना १:३** हामीले जे देखेका र सुनेका छौं सो हामी तिमीहरूलाई सुनाउँछौं ताकि हामीहरूसँग तिमीहरूको सङ्गति होस्। हाम्रो सङ्गति पिता र उहाँका पुत्र येशू ख्रीष्टसँग छ।

## तपाईंको अभ्यासको निम्ति

८. १ यूहन्ना १:३ कण्ठ गर्नुहोस्।

९. चारवटा सुसमाचारहरू क-कसले लेखेका हुन् ?

.................................................................

.................................................................

१०. बडो होसियारीसाथको खोजबाट प्रभु येशू ख्रीष्टको विषयमा लेख्ने डाक्टरको नाम के हो ?

११. विशेष रूपमा येशू ख्रीष्टलाई भेटेर जीवन परिवर्तन भएका येशूका शत्रु को थिए ?

१२. नयाँ नियमले येशू ख्रीष्टको विषयमा दिएको तथ्याङ्क (विवरण) के हो ?

____ **क.** प्रथम शताब्दीको एक लोकप्रिय वीरको पौराणिक कथाको सङ्कलन ।

____ **ख.** एक यस्तो लेख हा जुन लेखिनुभन्दा पहिल्यै मानिसको मुखबाट पुस्तौँदेखि बताइएको थियो ।

____ **ग.** एक यस्तो वर्णन हो जसलाई येशू ख्रीष्टको जीवनको वास्तविकता जान्ने र जानेका व्यक्तिहरूबाट अन्तर्वार्ता लिने व्यक्तिहरूले लेखेका थिए ।

## अनुभवबाट शिक्षा

येशू ख्रीष्ट अहिले जीवित हुनुहुन्छ र हामीहरू उहाँलाई व्यक्तिगत रूपमा चिन्न सक्दछौँ । यो सुसमाचारको भागको असल समाचार हो । मानिसहरूको निम्ति येशू ख्रीष्टले धेरै समय पहिले गर्नुभएका कामहरू आज पनि गर्न सक्नुहुन्छ ।

**अरूहरूको अनुभव**



प्रभु येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्ने कुनै व्यक्तिलाई के तपाई चिन्नुहुन्छ ? येशू ख्रीष्टलाई यसरी चिन्नु खाली येशूको विषयमा थाहा पाउनु वा इसाइ मण्डलीको सदस्य बन्नु वा इसाइ भनिनुभन्दा महत्त्वपूर्ण छ । येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्नाले प्रत्येक व्यक्तिको जीवन परिवर्तन हुन्छ । आज करोडौं मानिसहरूले येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्छन् । तिनीहरू तपाईंलाई उहाँको विषयमा बताउन खुसी हुन्छन् । तिनीहरूमध्ये कोहीले भनेका छन् ।

> मैले डरलाग्दो दोषको बोझ बोकिरहेको थिएँ तर जब मैले उहाँसँग मेरा पापहरूको क्षमा मागेँ उहाँले मेरा सबै दोषहरू मेटिदिनुभयो । उहाँले मलाई आनन्द, शान्ति र शुद्ध विवेक दिनुभयो ।
>
> मलाई दुःख-कष्ट दिने डरहरूलाई येशू ख्रीष्टले हटाइदिनुभयो । मेरा समस्याहरूको सामना गर्नलाई उहाँले मलाई साहस दिनुहुन्छ ।
>
> येशू ख्रीष्टले मलाई जिउनको निम्ति कारण र जीवनको उद्देश्य दिनुहुन्छ ।
>
> येशू ख्रीष्ट नै मेरा सबै समस्याहरूको उत्तर हुनुहुन्छ । म सबै कुरा उहाँकहाँ प्रार्थनामा ल्याउँछु । उहाँले मलाई के गर्नुपर्दछ भनी देखाउनुहुन्छ र मेरा सबै खाँचोहरूलाई पूरा गर्नुहुन्छ । अब म एक्लो छैन किनभने येशू ख्रीष्ट सबै समयमा मसँग हुनुहुन्छ ।

म लागू नसाहरूमा भुलिएको थिएँ । जब मैले मेरो जीवन उहाँलाई दिएँ, उहाँले यी लागू पदार्थहरूको तलतल मबाट हटाइदिनुभयो ।

प्रभु येशू ख्रीष्टले मेरो प्रार्थनाको उत्तर दिएर मलाई निको पार्नुभयो ।

यी साक्षीहरू र हजारौँ अरू मानिसहरू जसले येशू ख्रीष्टलाई चिनेका छन्, तिनीहरूले परमेश्वरले भन्नुभएको सत्यतालाई आज प्रमाणित गरेका छन् ।


**हिब्रू १३:८-** "येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ ।

## तपाईंको अभ्यासको निम्ति

१३. हिब्रू १३:८ कण्ठ गर्नुहोस् ।

१४. विचार गर्नुहोस्: माथि लेखिएको जस्तै यदि तपाईंले आफ्ना येशू ख्रीष्टसँगका अनुभवहरू मानिसहरूले बताइरहेको सुन्नुभयो भने तपाईं कस्तो विचार गर्नुहुन्छ ? येशू ख्रीष्टले तपाईंका केही समस्याहरूको समाधान गर्न सक्नुहुन्छ भनी के यी साक्षीहरूले तपाईंलाई बताउन सक्छन् ?

### व्यक्तिगत अनुभव



येशू ख्रीष्ट को हुनुहुन्छ ? भन्ने कुरा उत्तम तरिकाले कसरी तपाईं जान्न सक्नुहुन्छ ? तपाईंले बाइबल अध्ययन गरेर उहाँको विषयमा प्रशस्त सिक्न सक्नुहुन्छ ? बाइबल धर्मशास्त्रमा तपाईंले उहाँको जीवन र उहाँका शिक्षाहरूको विषयमा पाउनुहुनेछ ।

प्रभु येशू ख्रीष्ट यस संसारमा किन आउनुभयो र उहाँले तपाईंको लागि के गर्नुभएको छ सो खोजेर पत्ता लगाउनुहोस् । तपाईं अरूहरूको अनुभवबाट पनि येशू ख्रीष्टको विषयमा सिक्न सक्नुहुन्छ । जब येशू ख्रीष्ट यस पृथ्वीमा रहनुहुन्थ्यो त्यस बेलादेखि अहिलेसम्म मानिसहरूले पत्ता लगाएका छन् कि जसले यथार्थ रूपमा प्रभु येशूलाई चिन्न चाहन्छन् तिनीहरूलाई उहाँ आफै प्रकट भइदिनुभएको छ । सबैभन्दा उत्तम कुरा चाहिँ यो हो कि तपाईंले उहाँलाई व्यक्तिगत रूपमा चिनेर आफ्नो अनुभवबाट सिक्नसक्नुहुन्छ कि बाइबल धर्मशास्त्रले उहाँको विषयमा जे बताउँछ ती सबै सत्य छन् ।



तपाईंले आफ्नो पूरा जीवन कालमा येशू ख्रीष्टको बारेमा सिक्नुभएको होला वा तपाईंले धेरै रूपमा उहाँको विषयमा कहिल्यै पनि नसुन्नुभएको होला । हुन सक्छ, तपाईंले उहाँलाई चिन्नुभएको छ र प्रेम गर्नुहुन्छ अथवा पावल प्रेरित जस्तो येशू ख्रीष्टको शत्रु हुनुहुन्छ जसले येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा भेटेपछि उनको जीवन परिवर्तन भएको थियो । हुन सक्छ, तपाईं पनि सुसमाचारको विरोध गर्नुहुन्छ होला । येशू ख्रीष्टप्रतिको तपाईंको ज्ञान र व्यवहार जस्तो भए पनि तपाईंले येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्न सक्नुहोस् भनी तपाईंलाई सहायता

गर्नको निम्ति लेखिएका यी पाठहरू हुन्। जब तपाईं उहाँसँग परिचित हुनुहुन्छ, हामीहरू आशा र प्रार्थना गर्दछौँ कि येशू ख्रीष्टसँग जोडेको नाताले तपाईंले महान् आशिषको आनन्द प्राप्त गर्न सक्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

१५. यी पाठहरू कसको निम्ति लेखिएका हुन् ?

____ **क.** येशू ख्रीष्टलाई चिन्नेहरूका लागि मात्र।

____ **ख.** येशू ख्रीष्टलाई नचिन्नेहरूका लागि मात्र।

____ **ग.** येशू ख्रीष्ट को हुनुहुन्छ भनी चिन्न चाहने प्रत्येक व्यक्तिको लागि मात्र।

१६. येशू ख्रीष्ट साँच्चै को हुनुहुन्छ भनी जान्नलाई तल दिइएका तीन उत्तम मार्गहरू छान्नुहोस् :

____ **क.** बाइबल धर्मशास्त्रले उहाँको विषयमा के भन्छ सो अध्ययन गर्नु।

____ **ख.** अरू धर्महरूले के भन्छन् सो अध्ययन गर्नु।

____ **ग.** धर्महरूको बीचको तुलनात्मक अध्ययन गर्नु।

____ **घ.** येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्नेहरूका निम्ति उहाँले के गर्नुभएको छ सो सुन्नु।

____ **ङ.** येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्नु।

____ **च.** उहाँको बारेका विचारहरूलाई सुन्नु।

____ **छ.** येशूका शत्रुहरूले के भनेका छन् ती कुराहरू सुन्नु।

१७. विचार गर्नुहोस् : येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने कुरा सिकेर के तपाईंलाई फाइदा भयो ? कसरी ?

१८. अर्को पन्नामा दिइएका उत्तरहरूसँग तपाईंका उत्तरहरू जाँच गरिसकेपछि विद्यार्थी प्रतिवेदन पन्नामा पल्टाउनुहोस् र पाठ १ को खाली भागमा भर्नुहोस्।

## पाठ १ - उत्तरहरू

तल दिइएका उत्तरहरूसँग तपाईंको उत्तर जाँच्नुहोस् र तपाईं आफैले अङ्क वा श्रेणी पनि दिनुहोस् । तपाईंले २० वटा प्रश्नहरूको उत्तर दिएको हुनुपर्छ (जसको अर्थ हो तीनवटा प्रश्नहरूमा एउटाभन्दा धेरै लेख्नुपर्नेछ) । यदि तपाईंका उत्तरहरू १८ देखि २० वटासम्म ठीक छन् भने "उत्तम श्रेणी" लेख्नुहोस् । यदि १४ देखि १७ वटा सम्म ठीक छन् भने "राम्रो" लेख्नुहोस् र यदि १० देखि १३ वटा सम्म ठीक छन् भने "असल" लेख्नुहोस् । यदि तपाईंका ठीक उत्तरहरू १० वटाभन्दा पनि कम भए भने पाठलाई फेरि दोहोऱ्याउनुहोस् र तपाईंले राम्रो सँग सिक्न सक्नुहुनेछ ।

१. घ) गुरू, भविष्यवक्ता र दार्शनिक भन्दा पनि महान् व्यक्ति ।
२. ख) मध्यपूर्वी देशमा ।
३. क) बाइबलमा ।
४. ख) सबैले एउटै परमेश्वरको आराधना गर्दथे ।
   घ) परमेश्वर आफै उनीहरूसँग प्रकट हुनुभयो र तिनीहरूलाई उहाँको सन्देश दिनुभयो ।
   च) सबै व्यक्तिले परमेश्वरले जे भन्नुभयो त्यही लेखे ।
५. ख) प्रेमी परमेश्वरद्वारा पापपूर्ण मानिसको मुक्ति ।
६. पुरानो नियम ।
७. नयाँ नियम ।
९. मत्ती, मर्कूस, लूका र यूहन्ना ।

१०. लूका ।

११. पावल ।

१२. ग) एक यस्ता वर्णन हो जसलाई येशू ख्रीष्टको जीवनको वास्तविकता जान्ने र वानेका व्यक्तिहरूबाट अन्तर्वार्ता लिने व्यक्तिहरूले लेखेका थिए ।

१५. ग) येशू ख्रीष्ट को हुनुहुन्छ भनी चिन्न चाहने प्रत्येक व्यक्तिको लागि ।

१६. क) बाइबल धर्मशास्त्रले उहाँको विषयमा के भन्छ सो अध्ययन गर्नु ।


घ) येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्नेहरूका निम्ति उहाँले के गर्नुभएको छ सो सुन्नु ।

ङ) येशू ख्रीष्टलाई व्यक्तिगत रूपमा चिन्नु ।

ठीक उत्तर लेख्नुभएको सङ्ख्या ...................... माथि भने अनुसार कुन श्रेणी प्राप्त गर्नुभयो ? ...................... अब आफ्नो विद्यार्थी प्रतिवेदनमा पाठ १ को नतिजा भर्नुहोस् ।

पाठ २

# येशू प्रतिज्ञा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

बाइबल धर्मशास्त्रमा भएको भविष्यवाणीको स्वभाव

भविष्यवाणीहरूको महत्त्वपूर्णता

ख्रीष्टको विषयमा भएको भविष्यवाणीको विकास

भविष्य वर्णन सम्बन्धी धार्मिक कार्य

ख्रीष्टको विषयमा भएका भविष्यवाणीहरू

मानव र ईश्वर

बलिदान र मुक्तिदाता

भविष्यवक्ता, पूजाहारी र राजा

## बाइबल धर्मशास्त्रमा भएको भविष्यवाणीको स्वभाव




बाइबल धर्मशास्त्रका भविष्यवाणीहरू परमेश्वरले उहाँका दूतहरू र भविष्यवक्ताहरूद्वारा उहाँका मानिसहरूलाई दिनु भएका सन्देशहरू हुन् । उहाँ मानिसहरूलाई के गर्न चाहनुहुन्छ सो कुरा उहाँले तिनीहरूद्वारा मानिसलाई थाहा दिनुभयो र भविष्यमा केके हुन्छ भनेर धेरै कुराहरू तिनीहरूलाई देखाउनुभयो ।

परमेश्वरले भविष्यवक्ताहरूलाई आफूले दिनुभएका प्रकाशहरू लेख्नलाई प्रेरणा दिनुभयो । ती ईश्वरीय प्रेरणाका प्रकाशहरू हामी बाइबलमा पाउँछौं । तिनीहरूले भविष्यको विषयमा बताएका घटनाहरूको कारणले बाइबल संसारका अरू धार्मिक ग्रन्थहरूभन्दा भिन्दै छ । यी भविष्यवाणीहरूमध्ये धेरै प्रत्येक शब्द-शब्दमा सत्य प्रमाणित भएका छन् । बाइबल धर्मशास्त्रमा यस्ता भविष्यवाणीहरू धेरै मात्रामा पाइन्छन् जो ऐतिहासिक रूपमा परिपूर्ति भएका छन् । कुनैकुनै भविष्यवाणीहरू अहिले पूरा भइरहेका छन् । अरू भविष्यमा पूरा हुनेछन् ।

### भविष्यवाणीहरूको महत्त्वपूर्णता

बाइबल धर्मशास्त्रको भविष्यवाणीहरूको परिपूर्तिले हामीहरूलाई थाहा गराउँछ कि धर्मशास्त्र उही हो जो उही हुनको निमित्तदावी गर्दछ- यो परमेश्वरको वचन हो । सयौं वर्षपछि हुने भविष्यको प्रत्येक

विवरण कसले जान्न सक्छ, निश्चित मानिसहरूमा, निश्चित स्थानमा, निश्चित समयमा यी घटनाहरूको वर्णन कसले गर्न सक्दछ ? परमेश्वरले समयभन्दा पहिल्यै नै आफ्नो योजनाको घोषणा गरेर धर्मशास्त्र बाइबलको प्रेरणालाई निश्चय गरिदिनुभयो र फेरि उहाँले सबै कुराहरू हुन दिनुभयो जो उहाँले आफ्ना भविष्यवक्ताहरूद्वारा बताउनुभएको थियो ।





आउने मुक्तिदाताको विषयमा भएको पुरानो नियमका भविष्यवाणीहरू हाम्रो लागि अत्यन्त महत्त्वपूर्ण छन्, त्यसो हुनुका तीन कारणहरू तल दिइन्छन्:

१. हामीहरू यस भविष्यवाणीको आधारमा येशू ख्रीष्टको जीवनको तुलना गरेर वास्तवमा उहाँ प्रतिज्ञा गरिनुभएको ख्रीष्ट हुनुहुन्छ वा हुनुहुन्न भनी देख्न सक्दछौं ।

२. येशू ख्रीष्ट को हुनुहुन्छ र उहाँ किन आउनुभयो भन्ने कुरा हामीहरू यी भविष्यवाणीद्वारा राम्रो तरिकाले बुझ्न सक्छौं । हामीहरूलाई उहाँको बितेको, वर्तमान र भविष्यका कामहरू देखाइएको छ ।

३. परमेश्वर आफूले प्रतिज्ञा गरेको काम गर्नुहुन्छ भनी हामीहरू जान्न सक्छौँ । येशू ख्रीष्टको विषयको भविष्यवाणीको प्रथम चरण ठीक उही प्रकारले नै पूर्ण भयो, जुन प्रकार पहिल्यै नै बताइएको थियो, भविष्यको बारेमा भएका भविष्यवाणीहरू पनि उही प्रकारले पूरा हुनेछन् ।




## तपाईंको अभ्यासको निम्ति

तल दिइएका उत्तरहरूमा ठीक उत्तर छान्नुहोस् :

१. भविष्यको घटनाप्रति बाइबल धर्मशास्त्रको भविष्यवाणी के कुरामा निर्धारित छ ?

____ **क.** मरेकाहरूको आत्माबाट भविष्यवक्ताहरूले पाएको प्रकाशमा ।

____ **ख.** ताराहरूको अध्ययनबाट पाएको भविष्यको पूर्व ज्ञानमा ।

____ **ग.** परमेश्वरले आफ्ना भविष्यवक्ताहरूद्वारा दिनुभएको प्रकाशमा ।

२. विचार गर्नुहोस्: पुरानो नियमको भविष्यवाणीको अध्ययन तथा येशू ख्रीष्टमा ती भविष्यवाणीहरूको पूर्तिको अध्ययन तपाईंको लागि कुन प्रकारले महत्त्वपूर्ण छ ? किन ?

## ख्रीष्टको विषयमा भएको भविष्यवाणीको विकास



मुक्तिदाताको विषयमा गरिएका भविष्यवाणीलाई हामीहरू ख्रीष्टको विषयको भविष्यवाणीहरू भन्दछौँ। यो मसीह वा ख्रीष्ट शब्द हिब्रू भाषाको हो जसको अर्थ अभिषेक गरिएका व्यक्ति भन्ने हुन्छ। पूजाहारीहरू, भविष्यवक्ताहरू र राजाहरूलाई परमेश्वरले उहाँको कामको निम्ति चुन्नुभएको र छुट्याउनुभएको छ भनी देखाउनलाई तिनीहरूलाई तेलले अभिषेक गरिन्थ्यो। आउनेवाला ख्रीष्ट परमेश्वरको पवित्र आत्माले अभिषिक्त भई उहाँको कामको निम्ति नियुक्त हुनुभएको थियो। उहाँ भविष्यवक्ता, पूजाहारी र राजा हुनुहुनेछ। मसीहको निम्ति प्रयोग गरिएको ग्रीक शब्द ख्रीष्ट हो। जब हामी येशू ख्रीष्टको विषयमा कुरा गर्दछौँ, हामीहरू येशूलाई ख्रीष्ट अभिषेक गरिएका जन र ख्रीष्टको विषयमा भएको भविष्यवाणीको परिपूर्ति गर्ने व्यक्ति हुनुहुन्छ भन्दछौँ।

परमेश्वरले आफ्ना मानिसहरूलाई ख्रीष्टको बारेमा प्रतिज्ञा अलिअलि गरी करीब ४००० वर्ष वा त्यसभन्दा अघिदेखि नै दिइरहनुभएको थियो। ती प्रतिज्ञाहरूमध्ये धेरैले येशू ख्रीष्ट हाम्रा मुक्तिदाता भएर यस संसारमा के गर्नुहुन्छ सो विषयमा बताएका छन्।



अरू प्रतिज्ञाहरूले उहाँको भविष्यको अनन्त राज्यको विषयमा बताउँछन् । यी भविष्यवाणीहरूमध्ये केही स्थानीय अवस्थाको विषयमा लेखिएका थिए तर यी भविष्यवाणीहरू त्यस बेलाको प्रत्यक्ष समस्याहरूभन्दा पनि अझ बढी खीष्टको आगमनको विषयमा बताइएका थिए ।

जब समय बित्दै गयो परमेश्वरले खीष्टको विषयमा उहाँ कहाँ जन्मनुहुन्छ, उहाँ कसरी मर्नुहुन्छ, उहाँले कस्तो प्रकारको काम गर्नुहुन्छ भनी धेरै रूपमा प्रकट गराउनुभयो । वास्तवमा, बाइबलका विद्यार्थीहरूले पुरानो नियममा खीष्टको विषयमा भएका स्पष्ट भविष्यवाणीहरू करीब ३३० वटा छन् भनी गन्ती गरेका छन् । परमेश्वर चाहनुहुन्थ्यो कि जब खीष्ट संसारमा आउनुहुन्छ प्रत्येकले उहाँलाई चिनोस् ।

## तपाईंको अभ्यासको निम्ति

३. येशू खीष्ट नामको अर्थ के हो ?

____ **क.** येशू खीष्ट जो विजयी र राजा हुनुहुन्छ ।

____ **ख.** येशू खीष्ट बलिदान र मुक्तिदाता हुनुहुन्छ ।

____ **ग.** येशू अभिषेक गरिनुभएको खीष्ट हुनुहुन्छ ।

४. कुन तीन प्रकारका मानिसलाई परमेश्वरको निम्ति अलग गराएर तेलले अभिषेक गरिन्थ्यो ?

५. परमेश्वरले ख्रीष्टको विषयमा भएका भविष्यवाणीहरू कसरी दिनुभयो ?

____ **क.** करीब ४००० वर्षको अवधिभित्र धेरै भविष्यवक्ताहरूद्वारा विस्तारै दिनुभयो ।

____ **ख.** येशू ख्रीष्ट जन्मनुभन्दा ४००० वर्ष पहिले एकैपल्ट ।

____ **ग.** विस्तारै रूपमा येशू ख्रीष्ट जन्मनुभन्दा ४०० वर्षको समयमा ।

६. येशू ख्रीष्टको विषयमा पुरानो नियममा गन्ती गरिएका भविष्यवाणीहरू कतिवटा छन् ?

____ **क.** ३

____ **ख.** ३३


____ **ग.** ३३०

७. विचार गर्नुहोस्: ख्रीष्टको विषयमा लेखिएका भविष्यवाणीहरू तपाईंका लागि किन महत्त्वपूर्ण छन् ?

## भविष्य वर्णनसम्बन्धी धार्मिक कार्य

पुरानो नियममा परमेश्वरका मानिसहरूले आराधनामा जुन धार्मिक कार्य गर्थे, ती भविष्य वर्णन सम्बन्धी नै हुन्थे । परमेश्वरले बलिदानको एक पूर्ण प्रणाली स्थापित गर्नुभयो जुन आफ्नो जीवन दिएर मानिसहरूलाई तिनीहरूका पापबाट बचाउन आउनुहुने ख्रीष्टको एक नमूना थियो ।

येशू ख्रीष्टले सबै मानिसहरूको लागि पूर्ण पूजाहारी भएर गरिने कामको एक नमूना पूजाहारीहरूको काम थियो ।




पुरानो नियममा भएका धार्मिक विधिहरूले येशू ख्रीष्टको नमूना देखाउँछन् भनी नयाँ नियमको हिब्रुको पुस्तकले हामीलाई बताउँछ।

आज संसारभरि नै हामीहरू पाउन सक्छौं कि जब मानिसले पाप गऱ्यो परमेश्वरले विभिन्न प्रकारका भविष्य वर्णनका धार्मिक विधि र बलिदानहरूका विधि दिनुभएको थियो जुन आज संसारभरि नै चलिरहेको छ। धेरै धार्मिक विभिका कुनै यस्ता चिन्ह पाइन्छन् जुन चिन्हहरूको अर्थ येशू ख्रीष्टलाई औंल्याउनु हो। यी धर्मका मानिसहरूले उनीहरूको यस धार्मिक विधिको साँचो अर्थ पत्ता लगाउन पवित्र धर्मशास्त्र बाइबल अध्ययन गर्नुपर्दछ।

## तपाईंको अभ्यासको निम्ति

८. पुरानो नियमका धार्मिक बलिदानहरू र पुरोहितपन-

____ **क.** महत्त्वपूर्ण छ र हामीहरूले पालन गर्नुपर्छ।

____ **ख.** ख्रीष्टको भविष्य वर्णनको र उहाँको कामको नमूना भएकोले महत्त्वपूर्ण छ।

ग. आज हामीहरूका लागि महत्त्वपूर्ण छैन ।

९. येशू ख्रीष्टले पुरानो नियमको धार्मिक विधिलाई पूरा गर्नुहुन्छ भनेर लेखिएको पुस्तक कुन हो ?

......................................................................

......................................................................

## ख्रीष्टको विषयमा भएका भविष्यवाणीहरू

### मानव र ईश्वर

हामीहरू ख्रीष्टको बारेमा पहिलो प्रतिज्ञा बाइबल धर्मशास्त्रको पहिलो पुस्तकमा नै पाउँछौं । परमेश्वरले उहाँलाई स्त्रीको सन्तान भनी बोलाउनुभएको छ । उहाँ स्त्रीबाट जन्मनुहुनेछ । पहिलो मानिस र स्वास्नीमानिस आदम र हव्वाले पाप गरे । शैतान परमेश्वरको विरोधीले तिनीहरूलाई परमेश्वरको आज्ञा भङ्ग गर्नलाई उत्साह दिएको थियो । यस पापले तिनीहरूलाई परमेश्वरबाट अलग पाऱ्यो र शैतानलाई तिनीहरूमाथि अधिकार दियो तर परमेश्वरले प्रतिज्ञा गर्नुभयो कि मुक्तिदाताको जन्म हुनेछ जसले शैतानसँग युद्ध गरेर त्यसको शक्तिलाई नाश गर्नुहुनेछ । परमेश्वरले शैतानलाई भन्नुभयो-

> उत्पत्ति ३ : १५- "तेरो र स्त्रीको बीचमा, तेरो सन्तान र स्त्रीको सन्तानको बीचमा म दुश्मनी हालिदिनेछु । त्यसले तेरो शिर कुच्याउनेछ र तैँले त्यसको कुर्कुच्चो डस्नेछस् ।"

गएका शताब्दी भरि नै परमेश्वरले मुक्तिदाताको विषयमा आफ्ना मानिसहरूलाई प्रशस्त रूपमा बताउनुभएको थियो । उहाँ प्यालेस्टाइनको बेथलेहेममा जन्मनुहुनेछ । तरै पनि उहाँ साधारण मानिस नै हुनुहुनेछ । उहाँ अनन्त हुनुहुन्थ्यो । उहाँ सधैं नै हुनुहुन्थ्यो तर उहाँ संसारमा

मानिसको बालक भएर जन्मनुहुनेछ र इस्राएलको शासक हुनको लागि बढ्नुहुनेछ । मीका भविष्यवक्ताले भविष्यवाणी गरेका छन् :

> **मीका ५:२** तर ए बेतलेहेम एप्राता, तँ जो यहूदाका हजारौँका बीचमा सानो छस्, तँबाट मेरो निम्ति एकजना निस्कनेछ जो इस्राएलका शासक हुनेछ जसको शुरू अघिदेखि अर्थात् प्राचीनकालदेखि नै छ ।





येशू ख्रीष्ट संसारमा जन्मनुभन्दा ७०० वर्ष पहिले परमेश्वरले यशैया भन्ने भविष्यवक्तालाई आउनेवाला येशू ख्रीष्ट दुवै ईश्वर र मानिस हुनुहुन्छ भनी देखाउनुभएको थियो । उहाँ सांसारिक पिताविना नै कन्या केटीको गर्भबाट जन्मनुहुनेछ । परमेश्वर नै उहाँका पिता हुनुहुनेछ । उहाँलाई इम्मानुएल पनि भनिनेछ जसको अर्थ हो, 'परमेश्वर हामीहरूसँग' ।

**यशैया ७:१४** यसैकारण परमप्रभु आफैले तिमीहरूलाई एउटा चिन्ह दिनुहुनेछ। हेर, कन्या गर्भवती हुनेछ र त्यसले एउटा छोरो जन्माउनेछ र उनको नाम इम्मानुएल राखिनेछ।

**यशैया ९:६** किनभने हाम्रा निम्ति एउटा पुत्र दिइएको छ। शासन उहाँको हातमा हुनेछ। उहाँको नाउँ उदेकका, युक्ति निकाल्नुहुने, पराक्रमी परमेश्वर, सनातनका पिता र शान्तिका राजकुमार कहलाइने छ।

मत्ती र लूकाको सुसमाचारमा तपाईं पढ्न सक्नुहुन्छ कि कसरी येशू ख्रीष्टले बेतलेहेममा सांसारिक पिता विना कन्या मरियम र परमेश्वरका छोरा भएर जन्म लिनुभयो।



**तपाईंको अभ्यासको निम्ति**

१०. तपाईंले बाइबलमा पढ्नुभएको पाठको आधारमा ख्रीष्टको विषयमा लेखिएका भविष्यवाणीहरूका पदहरू लेख्नुहोस् । यो तलको सूचीमा बाइबलको एउटै पद धेरै ठाउमा पनि प्रयोग भएको छः


क. स्त्रीको सन्तान ......................................
ख. महान् परमेश्वर ....................................
ग. बेतलेहेममा जन्मिएको ............................
घ. इम्मानुएल ..........................................
ङ. शान्तिको राजकुमार ...............................
च. कन्याबाट जन्मनुभएको ..........................

११. दुवै पुरानो नियम र नयाँ नियमले ख्रीष्टको विषयमा के सिकाउँछन् ?

____ **क.** एक साधारण व्यक्ति ।
____ **ख.** ईश्वर तर मानिस होइन ।
____ **ग.** ईश्वर र मानिस दुवै ।

## बलिदान र मुक्तिदाता


मुक्तिदाताले आफ्नो जीवन हामीहरूका पापको निम्ति बलिदान दिनुहुनेछ भनी परमेश्वरले धेरै भविष्यवक्ताहरूलाई बताउनु भएको थियो । प्रभु येशू ख्रीष्ट आउनुभन्दा अगाडि परमेश्वरका निम्ति चढाइएका बलिदानहरू उहाँको आउने



पुरानो बलिदान

पूर्ण बलिदानको नमूनाहरूमात्र थिए । पापी मानिसले एउटा भेडा वा बोका पूजाहारीकहाँ ल्याउँथ्यो र त्यसलाई मारेर वेदीमा जलाइन्थ्यो । यसको अर्थ यो हुन्थ्यो कि: परमेश्वर, मैले तपाईंको विरूद्धमा पाप गरेको छु । म क्षमा चाहन्छु र फेरि यस्तो पाप गर्ने छैन । मलाई थाहा छ कि पापको ज्याला मृत्यु हो यसले म मर्न योग्यको छु । तर प्रभु यो बलिदान मेरो सट्टामा ग्रहण गर्नुहोस् र मलाई क्षमा गर्नुहोस् । त्यसपछि म तपाईंको निम्ति जिउनेछु ।

कसरी परमेश्वरले मुक्तिदातालाई हाम्रो पापको निम्ति बलिदान गराउनुहुन्छ, र पछि फेरि उहाँ कसरी जीवित हुनुहुनेछ र आफ्नो मृत्युद्वारा मुक्ति पाएका मानिसहरूलाई देख्न पाउँदा उहाँ कसरी खुशी हुनुहुनेछ भनी यशैया ५३ अध्यायले पूर्ण रूपमा वर्णन गर्छ । येशू खीष्ट हाम्रा पापको निम्ति र हाम्रा मुक्तिदाता हुनको निम्ति बलिदान हुनुभयो । येशू खीष्टले कहिले, कहाँ र कसरी आफ्नो नजीकको मित्रबाट धोका पाउनुहुनेछ, उहाँलाई झूटा दोष लगाइनेछ, झ्यालखानमा हालिने छ, सभाको अगाडि उभ्याइने छ, गिल्ला गरिने छ, कोर्रा लगाइने छ र क्रूसमा टाँगिने छ भनी भविष्यवक्ताहरूले पहिल्यै भनेका थिए । यी सबै कुराहरू पुरानो नियमका भविष्यवक्ताहरूले भनेका जस्तै गरी उहाँमा पूरा भए । यस विषयमा तपाईंले अझ बढी रूपमा अध्ययन गर्नुहुनेछ ।


नयाँ बलिदान

**तपाईंको अभ्यासको निम्ति**

१२. प्रभु येशू ख्रीष्टले हामीहरूलाई हाम्रो पापबाट छुटकारा दिनलाई कस्तो प्रकारको बलिदान दिनुभयो ?

____ **क.** भेडा र बोकाहरू ।

____ **ख.** उहाँका असल कामहरू ।

____ **ग.** उहाँको जीवन जो हाम्रो लागि मर्नुभयो ।

## भविष्यवक्ता, पूजाहारी र राजा

ख्रीष्ट हामीहरूका भविष्यवक्ता, पूजाहारी र राजा हुनलाई परमेश्वरको आत्माबाट अभिषिक्त हुनुहुनेछ भनी पुरानो नियमका भविष्यवाणीहरूले देखाउँछन् । भविष्यवक्ताका रूपमा उहाँ हामीहरूका लागि परमेश्वरको आवाज हुनुहुन्छ । राजाको रूपमा उहाँ हामीलाई सहायता र अगुवाइ गर्न परमेश्वरको हात हुनुहुन्छ । उहाँले हामीहरूको जीवनस्तर निर्धारण गर्नुहुन्छ र परमेश्वरको नियम हाम्रो जीवनमा स्थापना गर्नुहुन्छ ।

जब प्रभु येशू ख्रीष्टले सामूहिक सेवकाइ शुरू गर्नुभयो, उहाँले ख्रीष्टको विषयमा लेखिएको यो भविष्यवाणी मानिसहरूलाई पढेर सुनाउनुभयो र यो भविष्यवाणी उहाँमा पूरा भएको छ भनी तिनीहरूले थाहाा पाऊन् भनेर देखाउनुभयो ।

> **यशैया ६१:१,२** "परमप्रभु परमेश्वरको आत्मा ममाथि छ किनकि नम्रहरूलाई सुसमाचार सुनाउनलाई परमप्रभुले मलाई अभिषेक गर्नुभएको छ । मन भाँचिएकाहरूका हृदयलाई निको पार्नलाई, कैदमा परेकाहरूलाई स्वतन्त्रता र बन्धनमा परेकाहरूलाई छुटकाराको घोषण गर्नलाई पठाउनुभएको छ । परमप्रभुको ग्रहणयोग्य वर्ष र हाम्रा परमेश्वरको बदला दिने दिनको घोषणा गर्नलाई, सबै विलाप गर्नेहरूलाई सान्त्वना दिनलाई ।"

**भविष्यवक्ताः-** येशू ख्रीष्ट जन्मनु भन्दा करीब १४०० वर्ष अगाडि मोशा एक महान् भविष्यवक्ता, धार्मिक अगुवा र यहूदी जातिहरूका शासक थिए। परमेश्वर उनीद्वारा मानिसहरूसँग बोल्नुभयो। उनले परमेश्वरको व्यवस्था पाए र मानिसहरूलाई दिए। उनले तिनीहरूलाई दासत्वपनबाट छुटकारा दिए। उनको सेवकाइमा महान् आश्चर्यकर्महरू भएका थिए र यसले यो प्रमाणित गर्थ्यो कि परमेश्वरले उनका मानिसहरूका अगुवा हुन उनलाई पठाउनुभएको हो। मोशाले भनेका थिए:



**व्यवस्था १८:१५** "परमप्रभु तिमीहरूका परमेश्वरले तिमीहरूमध्येबाट म जस्तै एउटा अगमवक्ता खडा गर्नुहुनेछ। तिमीहरूले तिनको कुरा सुन्नू।"

येशू ख्रीष्ट धेरै रूपमा मोशाजस्तै हुनुहुन्थ्यो। परमेश्वर उहाँद्वारा बोल्नुभयो। उहाँले धेरै आश्चर्यकर्महरू गर्नुभयो। उहाँले मानिसहरूलाई पापको दासत्वबाट छुटकारा दिनुभयो। भविष्यवक्ता हुनुभएको हुनाले येशू ख्रीष्टले धेरै घटनाहरूको विषयमा भविष्यवाणी गर्नुभयो। उहाँले आफ्नो क्रूसको मृत्युको बारेमा, तीन दिनपछि हुने आफ्नो पुनरूत्थानको बारेमा, आफ्नो स्वर्गारोहण र आफ्ना चेलाहरूले के गर्नेछन् भन्ने विषयमा, पवित्र आत्माको आगमनको विषयमा, सुसमाचारको प्रचारको विषयमा, येरूशलेमको मन्दिरको नाशको विषयमा बताउनुभयो। यी सबै कुराहरू येशू ख्रीष्टले भने जस्तै गरी पूरा भए। उहाँका अरू

भविष्यवाणीहरू अहिले धमाधम पूरा हुँदैछन् र हामीहरूलाई थाह छ कि अरू बाँकी भएकाहरू पनि सबै पूरा हुनेछन् ।"

**पूजाहारीः-** भजनसङ्ग्रहमा ख्रीष्टको विषयमा लेखिएको छः


> **भजन ११०:४** परमप्रभुले शपथ लिनुभएको छ, र पछुताउनुहुनेछैन, तिमी मल्कीसेदेकका रीतिबमोजिम सदाको निम्ति पूजाहारी हौ ।



पुरानो नियमका भविष्यवक्ताहरूले मानिसहरूको निम्ति प्रार्थना गरे र तिनीहरूका पापका निम्ति बलिदानहरू पनि चढाए । यस संसारमा हुँदा प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरूका निम्ति धेरै नै प्रार्थना गर्नुभयो र अहिले पनि उहाँले हामीहरूका लागि प्रार्थना गरिरहनुभएको छ । उहाँले हाम्रा पापका निम्ति गर्नुभएको बलिदान उहाँको आफ्नै जीवनको बलिदान हो । अहिले हामीहरू हाम्रो पाप क्षमाको निम्ति हाम्रा पूजाहारी येशू ख्रीष्टद्वारा परमेश्वरकहाँ जान सक्छौँ । जुनबेला पनि जब हामी उहाँकहाँ प्रार्थनामा जान्छौँ हामीहरूका पूजाहारीले हाम्रा आवश्यकताहरू परमेश्वरमा पुऱ्याउनुहुन्छ ।

***राजाः-*** पुरानो नियमको भविष्यवाणीअनुसार ख्रीष्ट कस्तो विजयी राजा हुनुहुन्छ ! उहाँले परमेश्वर र मानिसको शत्रु शैतानलाई हराउनुहुन्छ । उहाँले पाप, रोग, दुःख र मृत्युलाई पनि विजय गर्नुहुन्छ । उहाँले दुष्टको दवाबलाई नित्नुहुन्छ र यस संसारमा पूर्ण न्याय र शान्तिको राज्य स्थापना गर्नुहुनेछ । उहाँले संसारका सबै समस्याहरूको समाधानको बाटो दिनुहुनेछ । मानिसहरूले उहाँको आगमन पर्खिरहेको वास्तविकतामा

कुनै आश्चर्य मान्नुपर्ने कुरा छैन। तपाईंले यशैया ९:६ मा पढ्नुभएको शान्तिको राजकुमारको विषयमा अझ बढी भनिएको छः




**यशैया ९:७** उहाँको शासन र शान्तिको वृद्धिको अन्तचाहिँ कहिल्यै हुनेछैन। दाऊदको सिंहासन र तिनको राज्यमाथि त्यसलाई न्याय र धार्मिकताको साथ खडा गरी स्थिर गराउन अब उप्रान्त सदाको निम्ति उहाँले शासन गर्नुहुनेछ। सेनाहरूका परमप्रभुको उत्तेजित जोशले यो गर्नेछ।

सुसमाचारका पुस्तकहरूमा तपाईंले देख्नुहुन्छ कि कोही मानिसहरूले येशू ख्रीष्टलाई दाऊदको पुत्र भनी बोलाउँथे। उहाँ नियमपूर्वक नै दाऊदको सिंहासनको उत्तराधिकारी हुनुहुन्थ्यो। उहाँका चेलाहरूले उहाँले गर्नुभएका आश्चर्यकर्महरू र उहाँको सेवकाइमा ख्रीष्टले स्थापना गर्ने राज्यको स्वभावहरू कस्तो हुन्छ सो थाहा पाए। त्यसपछि धेरैले उहाँलाई राजा बनाउने इच्छा गरे। तर प्रभु येशू ख्रीष्ट उहाँको आफ्नो विश्वव्यापी राज्य खडा गर्नलाई तयार हुनुभएको थिएन। सर्वप्रथम उहाँले आफ्नो राज्यको स्तर र अवस्था हाम्रो हृदयमा र जीवनमा दिनुभएको छ। हामीहरू अहिले मानिसहरूले येशू ख्रीष्टलाई तिनीहरूका आफ्ना राजाका रूपमा स्वीकार गरून् भन्ने समयमा छौं। उहाँलाई आफ्ना राजा भनेर स्वीकार गर्नेहरू सबैलाई उहाँले पाप र शैतानको शक्तिबाट स्वतन्त्र गराउनुहुनेछ।

कुनै दिन येशू ख्रीष्ट यस पृथ्वीमा उहाँको अनन्त राज्य स्थापना गर्न आउनुहुनेछ। यसैकारणले यो महत्त्वपूर्ण छ कि येशू ख्रीष्ट को हुनुहुन्छ, उहाँको शासन कस्तो हुन्छ र उहाँको राज्यमा तपाईंको कस्तो भाग छ भन्ने कुरा तपाईंले सिक्नुपर्छ। हुन सक्छ, यो प्रार्थना तपाईंले आफ्नो प्रार्थना गराउन सक्नुहुन्छ।

## प्रार्थना

प्रभु येशू ख्रीष्ट तपाईंको विषयको सत्यता सिक्न मलाई सहायता गर्नुहोस् । मेरो जीवनमा तपाईं जुन ठाउँ लिन योग्य हुनुहुन्छ त्यो ठाउँ तपाईंलाई दिन मलाई सहायता गर्नुहोस् ।



### तपाईंको अभ्यासको निम्ति

१३. मुक्तिदाता कति समयको लागि पूजाहारी हुनुपर्ने थियो ?
.......................................................................
.......................................................................

१४. मुक्तिदाता कस्तो भविष्यवक्ता हुनुहुन्छ ? ....................
.......................................................................

१५. जब हामीहरू येशू ख्रीष्टसँग प्रार्थना गर्छौं र उहाँको बलिदानको कारणले उहाँसँग हाम्रा पापहरूको क्षमा माग्छौं, हामीहरू उहाँलाई के भनेर स्वीकार गर्छौं ?

____ **क.** मोशा जस्तो भविष्यवक्ता ।
____ **ख.** हामीहरूका पूजाहारी ।
____ **ग.** विजयी र राजा ।

१६. दाऊदका पुत्र भनेर ख्रीष्टलाई दिइएको शीर्षकले के बताउँछ ?
____ **क.** भविष्यवक्ता ।
____ **ख.** पूजाहारी ।
____ **ग.** राजा ।

१७. विचार गर्नुहोस्: येशू ख्रीष्ट को हुनुहुन्छ भनेर उहाँको विषयमा तपाईंले जति सक्दो जान्नु किन महत्त्वपूर्ण छ ?

१८. तपाईंका उत्तरहरू जाँच गर्नुहोस् र पाठ २ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस् ।

## पाठ २ - उत्तरहरू

यी प्रश्नहरूले २१ वटा विषयहरूको सूचना दिन्छन् । १९ देखि २१ वटा ठीक छन् भने “उत्तम”, १५ देखि १८ वटा ठीक छन् भने “राम्रो” र ११ देखि १४ वटा ठीक छन् भने “असल” भनी लेख्नुहोस् । यदि तपाईंले दिनुभएका उत्तरहरू ११वटाभन्दा पनि घटी छन् भने पाठलाई फेरि पढ्नुहोस् ।

१. ग) परमेश्वरले आफ्ना भविष्यवक्ताहरूबाट दिनुभएको प्रकाशमा ।
३. ग) येशू अभिषेक गरिएको ख्रीष्ट हुनुहुन्छ ।
४. भविष्यवक्ता, पूजाहारी र राजा ।
५. क) करीब ४००० वर्षको अवधिभित्र धेरै भविष्यवक्ताहरूद्वारा विस्तारै दिनुभयो ।

६. ग) ३३०

८. ख) ख्रीष्टको भविष्यवर्णनको र उहाँको कामको नमूना भएकोले महत्त्वपूर्ण छ।

९. हिब्रूको पुस्तकमा।

१०. क) स्त्रीको सन्तान - उत्पत्ति ३:१५

ख) महान् परमेश्वर - यशैया ९:६

ग) बेतलेहेममा जन्मिएकी - मीका ५:२

घ) इम्मानुएल - यशैया ७:१४

ङ) शान्तिको राजकुमार - यशैया ९:६

च) कन्याबाट जन्मनुभएको - यशैया ७:१४

११. ग) ईश्वर र मानिस दुवै।

१२. ग) उहाँको जीवन जो हाम्रो लागि मर्नुभयो।

१३. सदाको लागि।

१४. मोशा।

१५. ख) हामीहरूका पूजाहारी।

१६. ग) राजा।

ठीक उत्तर लेख्नुभएको सङ्ख्या, कतिवटा उत्तर ठीक थियो ? ................................... माथि भने अनुसार कुन श्रेणी प्राप्त गर्नुभयो ? .............................. अब आफ्नो विद्यार्थी प्रतिवेदनमा पाठ २ को नतिजा भर्नुहोस्।

पाठ ३

# येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ



यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ

पुत्र र उहाँका पिता
- पिता र पुत्र अनन्त संयुक्ति
- पुत्रले पितालाई चिन्नुहुन्छ
- पिताले पुत्रलाई चिन्नुहुन्छ

पुत्र र उहाँलाई पछ्याउनेहरू
- पुत्रलाई पछ्याउनेहरूले उहाँलाई चिन्छन्
- पुत्रले उहाँलाई पछ्याउनेहरूलाई चिन्नुहुन्छ
- पुत्र र उहाँलाई पछ्याउनेहरूको अनन्त संयुक्ति



येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ । हामीहरू उहाँको विषयमा के विश्वास गर्छौं त्यो अति महत्त्वपूर्ण छ । उहाँ खाली असल मानिस वा शिक्षकभन्दा बढी हुनुहुन्छ । उहाँ एक मात्र साँचो परमेश्वरका पुत्र येशू ख्रीष्ट हुनुहुन्छ । हामीहरू पूर्ण विश्वास गर्छौं र निश्चय छौं कि उहाँ परमेश्वर हुनुहुन्छ जो यस संसारमा मानिसको रूप लिएर आउनुभयो । पाप र दुष्टको शक्तिबाट हामीहरूलाई स्वतन्त्र पार्ने शक्ति उहाँसँग छ भनी हामीलाई थाह छ ।

## पुत्र र उहाँका पिता

### पिता र पुत्रको अनन्त संयुक्ति

येशू ख्रीष्ट बेतलेहेममा जन्मनुभन्दा पहिले उहाँ आफ्ना पिता परमेश्वरसँग सधैँभरि नै हुनुहुन्थ्यो । जन्मनुहुने ख्ष्टिको विषयमा मीकाले लेखेका थिए:

**मीका ५:२** तर ए बेतलेहेम एप्राता, तँ जो यहूदाका हजारौँका बीचमा सानो छस्, तँबाट मेरो निम्ति एकजना निस्कनेछ जो इस्राएलका शासक हुनेछ जसको शुरू अघिदेखि अर्थात् प्राचीनकालदेखि नै छ ।

येशू ख्रीष्टको मृत्यु भएको अगिल्लो रात उहाले प्रार्थना गर्नुभयो:

**यूहन्ना १७:५** अब हे पिता, संसारको सृष्टि हुन अघि तपाईंको सम्मुख मेरो जुन महिमा थियो, त्यसैले तपाईंको उपस्थितिमा मलाई महिमित पार्नुहोस् ।

येशू ख्रीष्ट परमेश्वरसँग हुनुहुन्थ्यो र संसारको सृष्टिमा उहाँले परमेश्वरसँग काम गर्नुभयो । यूहन्नाले येशूलाई वचन भनी बोलाउँछन् र हामीहरूलाई यी कुराहरू भनी आफ्नो सुसमाचारको पुस्तक शुरू गर्छन्:

> **यूहन्ना १:१-३** आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो । उहाँ आदिमा परमेश्वरसँग हुनुहुन्थ्यो । सबै थोक उहाँद्वारा बनिए, र बनिएको कुनै थोक पनि उहाँविना बनिएन ।

पुरानो नियम पढ्नेहरूलाई आश्चर्य लागेको रहस्य खोल्नलाई यो भागले सहायता गर्छ । कसलाई परमेश्वरले भनिरहनुभएको थियो जब उहाँले भन्नुभयो, मानिसलाई आफ्नै स्वरूपमा हाम्रै प्रतिरूपमा बनाऔँ ? र किन परमेश्वरले यशैयालाई भन्नुभयो कि जन्मिने ख्रीष्टलाई महान् परमेश्वर र अनन्तको पिता भनी बोलाइने छ ?

बाइबलले हामीहरूलाई सिकाउँछ कि त्यहाँ एक मात्र साँचो परमेश्वर हुनुहुन्छ जो सृष्टिकर्ता हुनुहुन्छ । तरै पनि पुरानो नियमले परमेश्वरको निम्ति बहुवचन नाम प्रयोग गर्छ –एलोहिम– २,७०० पल्टभन्दा पनि बढी यो प्रयोग भएको छ । एलोहिम हिब्रु भाषाको शब्द हो जसलाई नेपालीमा परमेश्वर भनेर अनुवाद गरिएको छ । कहिलेकाहीँ यसलाई परमेश्वरको कामको वर्णन गर्न बहुवचन सर्वनाम र क्रियामा पनि प्रयोग गरिएको छ । सृष्टिको वर्णनमा पनि यस्तै छ । कहिलेकाहीँ यो एकवचन क्रियासँग पनि प्रयोग भएको पाइन्छ जसरी कि एकभन्दा बढी पनि एक व्यक्तिजस्तै भएर काम गरिरहेको । बाइबलले 'एक' भन्ने शब्द एकतामा वा सङ्ख्यामा वर्णन गर्छ । ईश्वरीय एकता यो हो कि परमेश्वर एक व्यक्तिभन्दा धेरै भएर बन्नुभएको छ ।

**उत्पत्ति १:१-२, २६** आदिमा परमेश्वर (एलोहिम)-ले आकाश र पृथ्वी सृष्टि गर्नुभयो। अथाह पृथ्वी आकारविनाको र शुन्य थियो, अनि रमेश्वरका आत्मा पानीमाथि घुमिरहनुहुन्थ्यो। फेरि परमेश्वर (एलोहिम)-ले भन्नुभयो मानिसहरूलाई आफ्नै स्वरूपमा, हाम्रै प्रतिरूपमा बनाऔं।





पुरानो नियममा परमेश्वरको प्रकाशको विकास हुन्छ र नयाँ नियममा हामी सिक्छौं कि तीन व्यक्तिलाई परमेश्वर भनिएको छ– परमेश्वर पिता, पुत्र र पवित्र आत्मा। हामीहरू उहाँहरूलाई त्रिएक परमेश्वर वा पवित्र त्रित्व भन्छौं जसको अर्थ हो पवित्र तीन व्यक्तिहरू एक हुनुहुन्छ। उहाँहरू उद्देश्य, शक्ति र स्वभावमा एक हुनुहुन्छ। उहाँहरू सधैं नै एकैसाथ पूर्ण संयुक्ति र मिलापमा काम गर्नुहुन्छ। उहाँहरूले सधैं नै एकैसाथ पूर्ण संयुक्ति र मिलापमा काम गर्नुहुन्छ। उहाँहरूले सृष्टिमा त्यसैगरी काम गर्नुभयो। येशू ख्रीष्ट यस संसारमा हुँदा पनि उहाँहरूले त्यसैगरी काम गर्नुभयो र उहाँहरूले सधैं नै तयसरी नै काम गर्नुहुनेछ। परमेश्वर नाम जुन प्रयोग भएको छ यो पिता, पुत्र र पवित्र आत्माको पारिवारिक नामजस्तो गरी प्रयोग भएको हो। उहाँहरूका बीचमा फरक देखाउनको निम्ति, पितालाई हामी परमेश्वर भनी बोलाउँछौं, पुत्रलाई संसारमा दिइएको येशू नाम लिएर बोलाउँछौं, र पवित्र आत्माको विषयमा कुरा गर्छौं।

पिता र आफू एक हुनुहुन्छ भनी येशू ख्रीष्टले बताउनुभयो वा उहाँका पितामा उहाँ र उहाँमा पिता हुनुहुन्छ:

**यूहन्ना १७:२१-२३** हे पिता, जसरी तपाईं ममा हुनुहुन्छ, र म तपाईंमा, त्यसरी तिनीहरू पनि ममा होऊन्, र तपाईंले मलाई पठाउनुभयो भनी संसारले विश्वास गरोस् । जुन महिमा तपाईंले मलाई दिनुभएको छ, मैले तिनीहरूलाई दिएको छु, ताकि हामी एक भएझैँ तिनीहरू पनि एक होऊन् । म तिनीहरूमा, अनि तपाईं ममा, र तिनीहरू पूर्ण रूपले एक होऊन् ।

परमेश्वर पिताले येशू खीष्टको प्रार्थनाको उत्तर दिनुभएको कुरा हामीहरू १७ अध्यायको ५ पदमा पाउँछौँ । येशू खीष्ट हाम्रा पापको निम्ति मर्नुभएपछि परमेश्वरले उहाँलाई बिउँताउनुभयो । चालीस दिनपछि धेरै मानिसहरूले उहाँलाई स्वर्गमा फर्किरहनु भएको देखे । पछि धेरैलाई परमेश्वरले येशू खीष्टको पितासँगको महिमा देखाउनुभयो । स्तिफनसले उहाँको महिमालाई देखेका थिए ।

**प्रेरित ७:५५** तर तिनले चाहिँ पवित्र आत्माले भरिपूर्ण भईकन स्वर्गतिर एकटक लाएर हेरे, र परमेश्वरको महिमा र येशूलाई परमेश्वरको दाहिनेपट्टि उभिरहनुभएको देखे ।



**तपाईंको अभ्यासको निम्ति**

१. यी शब्दहरू तल दिइएका वाक्यहरूमा मिल्ने गरी लेख्नुहोस्:
एलोहिम, मीका, स्तिफनस, येशू, यूहन्ना, त्रित्व, यशैया ।

क. ________ ले ख्रीष्टलाई महान् परमेश्वर भनेका छन् ।
ख. ________ ले ख्रीष्ट अनन्त हुनुहुन्छ भनेका थिए ।
ग. ________ परमेश्वरको निम्ति बहुवचन नाम हो ।
घ. ________ को अर्थ हो पवित्र तीन व्यक्ति एक परमेश्वर हुनुहुन्छ ।
ङ. ________ ले सृष्टिमा येशू ख्रीष्टको विषयमा लेखे ।
च. ________ ले बताउनुभयो उहाँ पितासँग एक हुनुहुन्छ ।
छ. ________ ले येशू ख्रीष्टलाई स्वर्गमा परमेश्वरको साथमा देखे ।

## पुत्रले पितालाई चिन्नुहुन्छ

येशू ख्रीष्टलाई थाहा थियो कि परमेश्वर उहाँका पिता हुनुहुन्छ र यो कुरा उहाँले अरूहरूलाई पनि थाहा दिनुभयो । उहाँले लगातार रूपमा परमेश्वर उहाँका पिता हुनुहुन्छ भनी बताउनुभयो । उहाँ १२ वर्षका हुँदा नै उहाँले भन्नुभयो । प्रार्थनामा येशू ख्रीष्टले परमेश्वरलाई आफ्ना पिता भनी सम्बोधन गर्नुभयो । येशू ख्रीष्टले मानिसहरूलाई भन्नुभयो कि उहाँमा विश्वास गर्नेहरू जतिलाई अनन्त जीवन दिनलाई परमेश्वरले उहाँलाई पठाउनुभएको हो । उहाँले भन्नुभयो:

> **यूहन्ना ३:१६** "किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विशवस गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस् ।"

परमेश्वरले जे गर्न भनी येशू ख्रीष्टलाई पठाउनुभएको थियो, उहाँले त्यो काम गरेर आफ्ना पिताको आदर गर्नुभयो । परमेश्वर




कस्तो उदेकको हुनुहुन्छ भनी उहाँले मानिसहरूलाई सिकाउनुभयो । उहाँले मानिसहरूलाई थाहा दिनुभयो कि उहाँका महान् शिक्षाहरू र आश्चर्यकर्महरू सबै उहाँका पिताबाटकै हुन् ।

**यूहन्ना ८:२८,२९** येशूले भन्नुभयो, "जब तिमीहरूले मानिसको पुत्रलाई माथि उचाल्नेछौ, तब म उही हुँ भनी थाहा पाउनेछौ, र म आफ्नै अधिकारमा केही गर्दिनँ तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ । उहाँले मलाई एक्लै छोड्नुहुन्न किनकि सधैँ उहाँलाई प्रसन्न तुल्याउने काम गर्दछु ।"

### तपाईंको अभ्यासको निम्ति

२. यूहन्ना ३:१६ कण्ठ गर्नुहोस् ।
३. आफ्नो प्रार्थनामा येशू खीष्टले परमेश्वरलाई कुन नामले बोलाउनुभयो ?

## पिताले पुत्रलाई चिन्नुहुन्छ


हामीलाई थाहा छ कि येशू खीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ, किनभने परमेश्वर आफैले यो स्पष्ट बनाउनुभएको छ । परमेश्वरले आफ्ना पुत्रको आदर गर्नुहुन्छ । येशू खीष्टले भन्नुभयो:

**यूहन्ना ८:१८,५४** आफ्नो विषयमा म आफै गवाही दिन्छु, र मलाई पठाउनुहुने पिताले मेरो विषयमा गवाही दिनुहुन्छ । मैले आफ्नै

महिमा गरेँ भने त्यो व्यर्थै हुन्छ। मलाई महिमा दिने पिता हुनुहुन्छ, जसलाई तिमीहरू 'हाम्रा परमेश्वर' भन्दछौ।


परमेश्वरले येशू ख्रीष्टलाई महिमा दिनुभयो र यी कुराहरूद्वारा येशू ख्रीष्ट उहाँका पुत्र हुनुहुन्छ भनी गवाही दिनुभयोः १) स्वर्गदूतहरूद्वारा २) पवित्र आत्माद्वारा ३) अलौकिक चिन्हहरूद्वारा।

***स्वर्गदूतहरूः***



परमेश्वरले आफ्ना स्वर्गदूतहरू पठाएर मानिसहरूलाई थाहा गराउनुभयो कि येशू ख्रीष्ट उहाँका पुत्र हुनुहुन्छ। स्वर्गदूतले योसेफ र मरियमलाई भनेका थिए कि कन्याको कोखबाट जन्मिनुहुने बालक परमेश्वरका पुत्र हुनुहुनेछ। स्वर्गदूतहरूले बेतलेहेमको चौरमा भएका गोठालाहरूलाई सूचना दिए कि मुक्तिदाताको जन्म भएको छ। येशू ख्रीष्टका दुई समयका कठिन अवस्थामा स्वर्गदूतहरू आएर उहाँलाई मद्धत र निश्चयता दिएका थिए। स्वर्गदूतले येशू ख्रीष्टलाई गाडेको चिहान माथिको ढुङ्गा गुडाइदिए र उहाँका चेलाहरूलाई खबर दिए कि उहाँ मुर्दाबाट बौरिउठ्नुभएको छ। जब येशू ख्रीष्ट स्वर्गतिर उचालिनुभयो उहाँलाई हेरिरहने भीडको अगाडि स्वर्गदूतहरू देखा

परे । ती स्वर्गदूतहरूले भने कि यी येशू ख्रीष्ट जसरी स्वर्ग गइरहनुभएको छ त्यसैगरी कुनै एक दिन संसारमा फर्किआउनुहुनेछ ।



***पवित्र आत्माः*** येशू ख्रीष्टलाई महिमा दिन र उहाँ को हुनुहुन्छ भनी मानिसहरूलाई चिनाउन परमेश्वरले आफ्ना आत्मा पठाउनुभएको थियो । पवित्र आत्माले एलिशिबा, जकरिया, सिमोन, मरियम र हन्नालाई भर्नुभयो र तिनीहरूद्वारा बोल्नुभयो । तिनीहरूले मानिसहरूलाई भने कि बालक येशू नै ख्रीष्ट हुनुहुन्छ । परमेश्वरले बप्तिस्मा दिने यूहन्नालाई आफ्नो आत्माले भर्नुभयो र येशू ख्रीष्ट परमेश्वरका पुत्र र परमेश्वरका थुमा हुनुहुन्छ, जसले संसारको पापलाई उठाउनुहुन्छ भनी बताउन पठाउनुभयो । जब येशू ख्रीष्टले बप्तिस्मा लिनुभयो तब परमेश्वरका आत्मा ढुकुरजस्तै गरी येशू ख्रीष्ट माथि आउनुभयो । सेवकाइको निम्ति परमेश्वरका आत्माले येशू ख्रीष्टलाई अभिषेक गर्नुभयो र उहाँ जो अभिषिक्त हुनुभएको थियो, उहाँ परमेश्वरको बुद्धि र शक्तिमा पूर्ण हुनुहुन्थ्यो ।



***अलौकिक चिन्हहरू:***

परमेश्वरले आफ्ना पुत्रको गवाही धेरै चिन्हहरूबाट दिनुभयो। बुद्धिमान् मानिसहरूलाई बालक येशूकहाँ जानलाई आकाशको ताराले अगुवाइ गरेको थियो। परमेश्वरले येशू ख्रीष्टलाई महिमा दिएर स्वर्गबाट बोल्नुभएको कुरा तीन पल्ट मानिसहरूले सुने। परमेश्वरले यसो भन्नुभएको मानिसहरूले दुईपल्ट सुनेः



> **मत्ती ३:१७;१७:५** तब स्वर्गबाट यो वाणी आयो, "यिनी मेरा प्रिय पुत्र हुन्, यिनीसँग म अति प्रसन्न छु, यिनको कुरा सुन।"

येशू ख्रीष्टले गर्नुभएका सबै आश्चर्यकर्महरू परमेश्वरका गवाही थिए, जो उहाँ जो हुनुहुन्थ्यो त्यो उहाँ हुनुहुन्थ्यो, अर्थात् परमेश्वरका पुत्र। परमेश्वरले येशू ख्रीष्टको रूप परिवर्तनको समयमा उहाँका पुत्रको अलिकति महिमा उहाँका चेलाहरूलाई देखाउनुभएको थियो।

> **मत्ती १७:२** तिनीहरूका सामुन्ने उहाँको रूप परिवर्तन भयो। उहाँको चेहरा सूर्यझैं चम्क्यो।

आफ्ना पुत्र येशू ख्रीष्ट क्रूसमा मर्दा परमेश्वरले गवाही दिनुभयो। पृथ्वी हल्लियो। अन्धकारले सूर्यलाई ढाक्यो, मन्दिरको पर्दा दुई भाग भएर च्यातियो।

तीन दिनपछि परमेश्वरले आफ्ना पुत्रलाई मृत्युबाट बौरी उठाएर महिमा दिनुभयो। पछि परमेश्वरले धेरै भीडको दृश्यमा उहाँलाई स्वर्गीय घरमा त्यही शरीरमा लानुभयो। त्यसपछि परमेश्वरले धेरै मानिसहरूलाई देखाउनुभयो कि येशू ख्रीष्ट स्वर्गमा आफ्ना पिताको दाहिने हातपट्टि विराजमान हुनुभएको छ। जब चेलाहरूले येशू ख्रीष्टको नाममा परमेश्वरसँग प्रार्थना गरे उहाँले तिनीहरूका प्रार्थनाको उत्तर दिनुभयो र आश्चर्यकर्महरू गर्नुभयो। निश्चय नै ज-जसले परमेश्वरमाथि विश्वास गर्छन् उहाँले आफ्ना पुत्र येशू ख्रीष्टको विषयमा दिनुभएको गवाही पनि तिनीहरूले विश्वास गर्नैपर्छ।

## तपाईंको अभ्यासको निम्ति

४. मत्ती ३:१७ मा भएको परमेश्वरको वचन कण्ठ गनुहोस्।

५. येशू ख्रीष्ट आफ्ना पुत्र हुनुहुन्छ भनी कसरी परमेश्वरले गवाही दिनुभयो ? तल दिइएका भागहरूमा कम से कम तीनवटा घटनाहरू वा अवसरहरू बताउनुहोस्:

क. स्वर्गदूतहरू देखा परेका ........................................

........................................................................

ख. पवित्र आत्मा ......................................................

........................................................................

ग. अलौकिक चिन्हहरू ..............................................

........................................................................

## पुत्र र उहाँलाई पछ्याउनेहरू

जसरी परमेश्वर पिता र पुत्रको बीचमा राम्रो चिनारी छ, त्यसरी नै परमेश्वरका पुत्र र उहाँलाई पछ्याउनेहरूका बीचमा पनि छ। यस्तो प्रकारको चिनारी भएको कारणले नै पुत्रसँग परमेश्वरको अनन्त संयुक्ति छ।

### पुत्रलाई पछ्याउनेहरूले उहाँलाई चिन्छन्

प्रभु येशू ख्रीष्ट यस पृथ्वीमा हुनुहुँदा मानिसहरूले उहाँलाई विश्वास गरेको कारणले उहाँलाई पछ्याए। तिनीहरूले थाहा पाए कि उहाँले आफू जो हुँ भन्नुभएको थियो उहाँ उही नै हुनुहुन्थ्यो– अर्थात् परमेश्वरका पुत्र। अनि तिनीहरूले उहाँमाथिको आफ्नो विश्वास खुला रूपमा प्रकट गरे।

> **मत्ती १६:१६** सिमोन पत्रुसले जवाफ दिए, "तपाईं ख्रीष्ट हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।"
>
> **यूहन्ना २०:२८** थोमासले उहाँलाई भने, "मेरा प्रभु, र मेरा परमेश्वर !"

आज येशू ख्रीष्टलाई पछ्याउनेहरूका विषयमा के छ त ? हामी उहाँलाई कसरी चिन्न सक्छौं ? खाली मण्डलीको सदस्य बन्दैमा ? वा इसाई भनेर बोलाउँदैमा ? साँचो इसाई बन्नको निम्ति हामीहरूले प्रभु येशू ख्रीष्टमा विश्वास गर्नुपर्छ र उहाँलाई परमेश्वरका पुत्र र हाम्रा मुक्तिदाताको रूपमा चिन्नुपर्छ। हामीहरू यो कसरी गर्नसक्छौं त ? हामीहरू हाम्रा जीवन उहाँलाई सुम्पिन्छौं, उहाँमाथि भरोसा गर्छौं र उहाँले जहाँ अगुवाइ गर्नुहुन्छ त्यहीं जान्छौं येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ भनी प्रमाणित गर्नलाई यूहन्नाले उनको सुसमाचार लेखेका थिए, ताकी हामीहरूले उहाँमा विश्वास गरेर अनन्त जीवन पाउनेछौं। यूहन्ना आफूले लेखेको पत्रमा परमेश्वरको सन्देश दोहेऱ्याएर भन्छन् कि, अनन्त जीवन पाउने एउटै मात्र बाटो उहाँको पुत्रमा छ।

**यूहन्ना २०:३१** तर यी लेखिएका छन्, कि तिमीहरूले येशू परमेश्वरका पुत्र, ख्रीष्ट हुनुहुन्छ भनी विश्वास गर, र विश्वासद्वारा उहाँको नाउँमा तिमीहरूलाई जीवन प्राप्त होस् ।

**१ यूहन्ना ५:११,१२** गवाहीचाहिँ यही हो, कि परमेश्वरले हामीलाई अनन्त जीवन दिनुभयो, र यो जीवन उहाँका पुत्रमा छ, जससँग पुत्र हुनुहुन्छ, त्यससँग जीवन छ, जससँग परमेश्वरका पुत्र हुनुहुन्न, त्यससँग जीवन हुँदैन ।

**तपाईंको अभ्यासको निम्ति**

६. येशू ख्रीष्ट परमेश्वरका पुत्र हुनुहुन्छ र उहाँमा हामीहरूले विश्वास गर्नुपर्छ भनी विशेष सहायता पुऱ्याउन कुन पुस्तक लेखिएको थियो ?

____ **क.** मत्तीको सुसमाचार ।
____ **ख.** मर्कूसको सुसमाचार ।
____ **ग.** लूकाको सुसमाचार ।
____ **घ.** यूहन्नाको सुसमाचार ।

७. १ यूहन्ना ५:११,१२ अनुसार अनन्त जीवन कहाँ छ र कुन परमेश्वरले हामीहरूलाई दिनुहुन्छ ? ....................................
..............................................................................

## पुत्रले उहाँलाई पछ्याउनेहरूलाई चिन्नुहुन्छ

हामीहरू जन्मनुभन्दा पहिल्यै येशू ख्रीष्टले हामीलाई चिन्नुहुन्थ्यो । संसार सृष्टि गरिनुभन्दा पहिल्यै नै परमेश्वर पिता, पुत्र र पवित्र आत्माले मानव जातिको निम्ति भएको उहाँहरूको योजनामा हामीहरूलाई देख्नुभएको थियो । उहाँहरूले हामीहरूलाई उहाँको स्वरूपमा सृष्टि गरिएको परमेश्वरको सन्तान भएको, उहाँको प्रेम बाँडेको, उहाँले

हामीहरूका निम्ति तयार पार्नुभएको कुरामा आनन्द लिएको र पूर्ण आनन्दमा उहाँसँगै जिएको देख्नुभएको थियो ।

तर परमेश्वरले अरू केही कुरा पनि देख्नुभयो । मानव जातिले उहाँलाई विरोध गरेर उहाँबाट तर्किनेछ र उसले पाप र मृत्युको बाटोलाई रोज्नेछ भनी उहाँले देख्नुभएको थियो । परमेश्वरले हामीहरूलाई पापको कारणले संसारमा दुःख पाएको र अनन्त मृत्युको दण्डमा पुगेको देख्नुभएको थियो । हामीहरूजस्तो विरोधी र अधन्यवादी मानिसहरूलाई पूर्ण प्रेमले प्रेम गर्नुभयो । हाम्रो मुक्तिको योजनाको निम्ति परमेश्वर पिता, पुत्र र पवित्र आत्माले काम गर्नुभएको छ ।

हामीहरू पापी छँदैमा परमेश्वरको पुत्रले हामीहरूलाई उहाँका चेलाहरू हुनलाई रोज्नुभयो । उहाँले हाम्रा दोष देख्नुभयो र हाम्रो सट्टामा सजाय भोग्नुभयो । उहाँले हाम्रा कमजोरीहरू देखेर हामीलाई बल दिनुभयो । उहाँकोमा आउने सबैलाई उहाँले स्वीकार्नु हुन्छ र तिनीहरूलाई पापको बन्धनको शक्तिबाट स्वतन्त्र गराउनुहुन्छ ।



**एफिसी १:४,५** उहाँको सामुन्ने पवित्र र निष्कलङ्क होऔँ भनेर संसारको उत्पत्तिभन्दा अघिबाटै उहाँले हामीलाई चुन्नुभयो । उहाँको इच्छाको लक्ष्यअनुसार ख्रीष्ट येशूद्वारा प्रेममा उहाँले हामीलाई आफ्ना सन्तान हुनलाई अघिबाटै नियुक्त गर्नुभएको थियो ।

उहाँ यस पृथवीमा हुँदा प्रभु येशू ख्रीष्टले आफ्ना चेलाहरूका निम्ति प्रयोग गर्नुभएको नामले देखाउँछ कि उहाँले तिनीहरूलाई प्रेम गर्नुभएको थियो । उहाँले तिनीहरूलाई यसरी बोलाउनुहुन्थ्योः उहाँका साना केटाकेटीहरू, परमेश्वरका छोराहरू, संसारको ज्योति, पृथ्वीको नून, उहाँकी दुलही, उहाँका गवाहीहरू (साक्षीहरू), तिनीहरू जसलाई परमेश्वरले उहाँलाई दिनुभएको छ, उहाँको सानो भेडाको बथान, उहाँले चुन्नुभएकाहरू, उहाँको मण्डली, उहाँका भाइहरू, रूखका हाँगाहरूजस्तै उहाँका आफ्नै अङ्गहरू ।

के हामीहरू येशू ख्रीष्टलाई हाम्रा मुक्तिदाता र प्रभुको रूपमा चिन्छौं ? यदि हो भने उहाँले पनि हामीलाई उहाँका आफ्नै गरेर चिन्नुहुन्छ ।

**मत्ती १०:३२,३३** "यसैकारण हरेक जसले मानिसहरूका सामु मलाई स्वीकार गर्छ, म पनि उसलाई स्वर्गमा हुनुहुने मेरा पिताको सामुन्ने स्वीकार गर्नेछु तर हरेक जसले मलाई मानिसहरूका सामुन्ने इन्कार गर्छ, म पनि उसलाई स्वर्गमा हुने पिताको सामुन्ने इन्कार गर्नेछु ।"

**यूहन्ना १:१२** तर जतिले उहाँलाई ग्रहण गरे र उहाँको नाउँमाथि विश्वास गरे, उहाँले तिनीहरूलाई परमेश्वरका सन्तान हुने अधिकार दिनुभयो ।

## तपाईंको अभ्यासको निम्ति

८. एफिसी १:४,५ बाट तलका यी प्रश्नहरूका उत्तर दिने वाक्य लेख्नुहोस् ।

क. परमेश्वरले कहिले हामीलाई चुन्नुभयो ?

..............................................................

ख. परमेश्वरले हाम्रो निम्ति के चुन्नुभयो ?

..............................................................

ग. यसको नतिजा कस्तो हुन्छ ?

..............................................................

घ. किन परमेश्वरले हामीलाई आफैमा ल्याउन चाहनुहुन्छ ?

..............................................................

ङ. कुन बाटोद्वारा परमेश्वरले हामीलाई उहाँमा ल्याउने योजना बनाउनुभएको छ ?

..............................................................

च. परमेश्वरको आनन्द र उद्देश्य के थियो ?

..............................................................

९. येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई के नामले बोलाउनुभयो ? आफ्नो सम्झनाबाट कम्तिमा पनि पाँच नाम दिनुहोस्, त्यसपछि पूरा नाम दिनलाई चाहनुहुन्छ भने पुस्तकमा हेर्नुहोस् । येशू ख्रीष्टले तपाईंलाई तिनीहरू- मध्ये कुनमा प्रयोग गरेको तपाईं चाहनुहुन्छ, ती लेख्नोस् ।

..................................................................

## पुत्र र उहाँलाई पछ्याउनेहरूको अनन्त संयुक्ति

हामीहरू उहाँसँग भएको येशू ख्रीष्ट चाहनुहुन्छ किनकि उहाँ हामीलाई प्रेम गर्नुहुन्छ र हाम्रो जीवन, खुशियाली र भविष्य उहाँसँगको


संयुक्तिमा भर पर्छ भनी उहाँलाई थाहा छ। उहाँले हाम्रो शरीर, प्राण र आत्माको निम्ति नयाँ जीवन दिनुहुन्छ। उहाँमा हामीले साँचो आनन्द, परिपूर्ति र दुष्टमाथि विजयी हुने उहाँको शक्ति पाउँछौँ। अहिले जो उहाँसँग दिनदिनै हिँड्छ ऊ उहाँसँग अनन्तसम्म स्वर्गमा जिउनेछ। येशू ख्रीष्टले भन्नुभयो:

**यूहन्ना १०:१०** म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।

**यूहन्ना १४:६** येशूले तिनलाई भन्नुभयो, 'बाटो, सत्य र जीवन म नै हुँ। मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन।'

**यूहन्ना ३:३५,३६** 'पिताले पुत्रलाई प्रेम गर्नुहुन्छ, र सबै थोक उहाँकै हातमा दिनुभएको छ। जसले पुत्रमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ। जसले पुत्रको आज्ञापालन गर्दैन, त्यसले जीवन देख्नेछैन, तर परमेश्वरको क्रोध त्यसमाथि रहिरहन्छ।'

येशू ख्रीष्टसँग हाम्रो संयुक्ति यति नजिक छ कि, ज-जसले उहाँमा विश्वास गर्छन्, उनीहरू उहाँमा छन्, र उहाँ तिनीहरूमा हुनुहुन्छ। उहाँ रूख हुनुहुन्छ र हामीहरूचाहिँ हाँगा हौँ।



**यूहन्ना १५:५** "दाखको बोट म हुँ, तिमीहरूचाहिँ हाँगाहरू हौ। यदि कोही ममा रह्यो भने, र म त्यसमा रहेँ भने, त्यसले धेरै फल फलाउँछ, मबाट अलग रहेर तिमीहरू केही गर्न सक्दैनौ।"

पावल प्रेरितले ख्रीष्टसँगको हाम्रो संयुक्ति उहाँको शरीरको अङ्गहरूजस्तो हो भनी बताएका छन्। येशू ख्रीष्ट शिर हुनुहुन्छ। उहाँको मण्डली उहाँको शरीर हो। पापरहित परमेश्वरका पुत्रको सबै अधिकार र मौका, उहाँका सबै महिमित सम्पत्ति, पिता र पुत्रका बीचमा भएको सबै प्रेम र सङ्गति, हामीहरू उहाँका शरीरका अङ्ग भएकाले हाम्रो पनि बनेको छ।

> **कलस्सी १:१७,१८,२७,२८** उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन्। उहाँ शरीर, अर्थात् एकलेसियाका शिर हुनुहुन्छ, उहाँ नै शुरू हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ। यस रहस्यको महिमा सम्पत्ति अन्य जातिहरूमा कति महान् छ, त्यो कुरा आफ्ना सन्तहरूलाई प्रकट गर्न परमेश्वरले चुन्नुभयो। यो रहस्य ख्रीष्ट तिमीहरूमा हुनु हो, जो महिमाको आशा हो। प्रत्येक मानिसलाई चेताउनी दिँदै, र प्रत्येक मानिसलाई सारा बुद्धिमा सिकाउँदै हामी प्रत्येक मानिसलाई ख्रीष्टमा परिपक्व बनाई प्रस्तुत गर्न सकौँ।

## तपाईंको अभ्यासको निम्ति

१०. यूहन्ना १०:१० र १४:६ कण्ठ गर्नुहोस्।

११. यूहन्ना १४:६ मा आफू को हुनुहुन्छ भनी येशूले कुन तीन कुरा भन्नुभएको थियो ? ..................................................

..............................................................................

१२. आफ्नो उत्तर जाँच्नुहोस् र पाठ तीनको निम्ति विद्यार्थी प्रतिवेदनमा भर्नुहोस्।

## पाठ ३ - उत्तरहरू

३३ वटा विभिन्न उत्तरहरू लेख्नुपर्ने प्रश्न तपाईंलाई सोधिएको छ । यदि तपाईंले २९ वटा देखि ३३ वटा सम्म ठीक मिलाउनुभयो भने तपाईंले "उत्तम श्रेणी" लेख्नुहोस्, यदि २१ वटा देखि २८ वटासम्म ठीक छन् भने "राम्रो" लेख्नुहोस्, र १६ वटा देखि २० वटा सम्म ठीक छन् भने, "असल" लेख्नुहोस् । यदि तपाईंले १६ वटाभन्दा पनि घटी मिलाउनुभयो भने, यस पाठलाई फेरि दोहोऱ्याउनुहोस् ।

१. क) यशैया, ख) मीका, ग) एलोहिम,
घ) त्रित्व, ङ) यूहन्ना, च) येशू, छ) स्तिफन

३. पिता

५. (प्रत्येकको तीनवटा)

क) स्वर्गदूतहरू देखा परेः- युसूफलाई, मरियमलाई, गोठालाहरूलाई, येशूलाई, चिहानमा, स्वर्गारोहणको समयमा ।

ख) पवित्र आत्माः- एलिशिवा, जकरिया, मरियम, हन्ना, सिमोन, बप्तिस्मा दिने यूहन्नाद्वारा बोल्नुभयो, ढुकुरजस्तो भएर येशू ख्रीष्टमा आउनुभयो, शक्ति र बुद्धिले येशू ख्रीष्टलाई अभिषेक गर्नुभयो ।

ग) अलौकिक चिन्हहरूः- ताराहरू, स्वर्गबाट आवाज, येशू ख्रीष्टका आश्चर्यकर्महरू, रूप परिवर्तन, भुइँचालो, अँध्यारो, पर्दा च्यातिएको, पुनरूत्थान, स्वर्गारोहण, स्वर्गमा येशू

खीष्टको दृष्य, उहाँको नाममा प्रार्थना गर्नाले पाइने आश्चर्यकर्मद्वाराको उत्तर ।

६. घ) यूहन्नाको सुसमाचार ।

७. उहाँको पुत्रमा ।

८. क) संसारको सष्टि हुनुभन्दा अगाडि नै ।
ख) खीष्टमा परमेश्वरको हुनको निम्ति ।
ग) हामी उहाँमा पवित्र र निर्दोष हुन्छौँ ।
घ) उहाँको प्रेमको कारणले ।
ङ) येशू खीष्ट द्वारा ।
च) हामीलाई उहाँका सन्तानजस्तै गरी आफैमा ल्याउनु ।


९. यिनीहरूमध्ये पाँचः उहाँका साना केटाकेटीहरू, परमेश्वरका छोराहरू, संसारको ज्योति, पृथ्वीका नून, उहाँकी दुलही, उहाँका गवाहीहरू, तिनीहरू जसलाई परमेश्वरले उहाँलाई दिनुभएको छ, उहाँका भेडाको सानो बथान, उहाँले चुन्नुभएकाहरू, उहाँको मण्डली, उहाँका भाइहरू, रूखका हाँगाहरूजस्तै उहाँका आफ्नै अङ्गहरू ।

११. बाटो, सत्य र जीवन ।

ठीक भएका उत्तरहरूको संख्या ......... श्रेणी ............ अब विद्यार्थी प्रतिवेदनमा पाठ तीनको निम्ति भर्नुहोस् ।

पाठ ४

# येशू ख्रीष्ट मानिसका पुत्र




**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछः**

अवतार

- कन्याबाटको जन्म
- मानवीय सीमितपना
- पूर्ण जीवन

अवतारको उद्देश्य

- प्रकाश
- तयारी
- सट्टा
- मध्यस्थ

मानिसको पुत्र भन्ने शीर्षक येशू ख्रीष्ट आफैले अति प्यारो प्रकारले प्रयोग गर्नुभयो। उहाँ आफैले यसलाई सुसमाचारहरूमा ७९ पल्ट प्रयोग गर्नुभएको छ। उहाँले किन प्रयोग गर्नुभयो ? यसको अर्थ के हुन्छ ? यसले येशू ख्रीष्टको अवतार र उहाँ मानव जातिको प्रतिनिधि हुनुहुन्छ भन्ने विषयमा बताउँछ।

पुरानो नियमका भविष्यवाणीहरूमा पनि येशू ख्रीष्टलाई मानिसको पुत्र भनेर सम्बोधन गरिएको छ। यसलाई हिब्रु भाषामा बेन आदाम भनिन्छ। यसलाई अनुवाद गर्दा आदमको पुत्र वा मानिसको पुत्र वा मानव जातिको पुत्र भन्ने बुझिन्छ। यसले येशू ख्रीष्टको विषयको चार कुरामा मुख्य जोड दिन्छः

१. येशू ख्रीष्ट साँचो मानिस हुनुहुन्थ्यो। परमेश्वर भएर उहाँले मानिसको भेष मात्र लिनुभएन। उहाँको साँचो मानविक शरीर र स्वभाव थियो।
२. परमेश्वरले आदम र हव्वालाई प्रतिज्ञा गर्नुभएको उनीहरूको पुत्र वा सन्तान येशू ख्रीष्ट हुनुहुन्छ, जसले शैतानलाई जित्नुहुनेछ।
३. आदमको पुत्र येशू ख्रीष्टले सबै मानवजातिको प्रतिनिधित्व गर्नुहुन्छ। उहाँ खाली एक राज्य, समय र ठाउँको निम्ति मात्र ख्रीष्ट नभएर सबै मानवजातिको निम्ति हुनुहुन्छ।
४. मानवजातिको निम्ति एक मात्र साँचो प्रतिनिधि हुने उद्देश्यले येशू ख्रीष्ट यस संसारमा आउनुभयो।

## अवतार

अवतार दुई शब्दहरूबाट आउँछ जसको अर्थ शरीरमा हुनु हो। मानव शरीरमा परमेश्वर यस संसारमा आउनुभयो। परमेश्वरका पुत्र येशू ख्रीष्ट परमेश्वर भएर पनि मानव रूप लिई शरीरमा आउनुभयो।

## कन्याबाटको जन्म

कस्तो काम वा आश्चर्यकर्मद्वारा परमेश्वरका पुत्र मानिसको पुत्र बन्नुभयो ? आदमको सन्तान भएर जन्मिनको निम्ति येशू ख्रीष्टको मानविक आमा हुनु आवश्यक थियो । तर उहाँको मानविक पिता भने कोही पनि थिएन । परमेश्वर नै उहाँका पिता हुनुहुन्थ्यो । यशैया अगमवक्ताले गरेको भविष्यवाणीअनुसार परमेश्वर कन्याबाट जन्मिएर हाम्रा बीचमा हामीजस्तै भएर जिउनुभयो ।

डाक्टर लूकाले यो वास्तविकता अनुसन्धान गरी येशू ख्रीष्टको जन्मको विषयमा यसरी लेखेका छन्:

**लूकास १:२६-३८** परमेश्वरले गब्रिएल स्वर्गदूतलाई गालीलको नासरत नाउँको शहरमा पठाउनुभयो । तिनी एउटी कन्ये केटीकहाँ गए जसको मगनी दाऊदका घरानाको योसेफ भन्ने एउटा मानिससँग भएको थियो । त्यस कन्याको नाउँ मरियम थियो । स्वर्गदूतले तिनीकहाँ गएर भने, "हे कृपापात्र, तिमीलाई अभिवादन ! परमप्रभु तिमीसँग हुनुहुन्छ ।" तर तिनी त्यस कुराले साह्रै विचलित भइन्, र यो कस्तो किसिमको अभिवादन हो भनी मनमा सोच्न लागिन् । स्वर्गदूतले तिनलाई भने, "नडराऊ, मरियम, किनभने तिमीले परमेश्वरबाट कृपा पाएकी छयौ । अब हेर, तिमीले गर्भधारण गर्नेछयौ, एउटा छोरो जन्माउनेछयौ, तिमीले



उहाँको नाउँ येशू राख्नेछ्यौ । उहाँ महान् हुनुहुनेछ, र परमप्रधानको पुत्र कहलाइनुहुनेछ, र परमप्रभु परमेश्वरले उहाँलाई उहाँका पुर्खा दाऊदको सिंहासन दिनुहुनेछ । उहाँले याकूबको वंशमाथि सदासर्वदै राज्य गर्नुहुनेछ, र उहाँको राज्यको अन्त्य हुनेछैन ।" मरियमले स्वर्गदूतलाई भनिन्, "यो कसरी हुन सक्छ, किनकि मेरो पति छैन ।" स्वगृदूतले तिनलाई जवाफ दिएर भने, "पवित्र आत्मा तिमीमा आउनुहुनेछ, र सर्वोच्चका शक्तिको छायाँ तिमीमाथि पर्नेछ । यसैकारण जो जन्मनुहुनेछ, उहाँ पवित्र अर्थात् परमेश्वरका पुत्र कहलाइनुहुनेछ ।" मरियमले भनिन्, "हेर्नुहोस्, म परमप्रभुकी दासी, मलाई तपाईंको वचनअनुसार होस् ।" तब स्वर्गदूत तिनीबाट बिदा भए ।


मरियम गर्भवती भएको कुरा तिनका पति हुनेवाला योसेफले थाहा पाएपछि के भयो सो कुरा प्रभुको चेला मत्तीले लेखेका छन्:

**मत्ती १:१९-२५** तर तिनका पति योसेफ धार्मिक मानिस भएका हुनाले, तिनलाई शर्ममा पार्ने इच्छा नगरी तिनलाई गुप्तमै त्याग्ने इच्छा गरे । तर जब उनले यी कुरा विचार गर्दै थिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ । तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुनेछ ।"



अगमवक्ताद्वारा उहाँले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: "हेर, एउटा कन्याले गर्भधारण गर्नेछे, र त्यसले एउटा पुत्र जन्माउनेछे, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग"। योसेफ निद्राबाट ब्युँझे, र परमप्रभुका दूतले उनलाई भन्नुभएबमोजिम उनले मरियमलाई आफ्नी पत्नी स्वीकार गरे। मरियमले पुत्र नजन्माउञ्जेल योसेफले तिनीसँग सहवास गरेनन्। योसेफले उहाँको नाउँ येशू राखे।

येशू ख्रीष्ट मानव बन्दैमा उहाँबाट परमेश्वरीय अस्तित्व हटेको थिएन। मानिस हुँदा पनि परमेश्वरको पुत्र परमेश्वर नै हुनुहुन्थ्यो। मानिसको पुत्र बनेर एकै व्यक्तिमा उहाँले मानव स्वभाव र ईश्वरीय स्वभाव धारण गर्नुभयो। यसैले येशू ख्रीष्ट साँचो परमेश्वर र साँचो मानिस हुनुहुन्छ। यसैलाई नै हामी अवतार भन्छौं।



## तपाईंको अभ्यासको निम्ति

१. "मानिसको पुत्र" को शीर्षकले हामीलाई येशू ख्रीष्टको बारेमा के बताउँछ ?

____ **क.** उहाँ आदमका पुत्र, साँचो मानिस र मानवजातिका प्रतिनिधि हुनुहुन्छ ।

____ **ख.** उहाँका मानव पिता थिए ।

____ **ग.** आदम उहाँका पिता थिए ।

२. येशू ख्रीष्ट कसरी मानिस बन्नुभयो ?

____ **क.** उहाँ कन्या मरियमबाट जन्मनुभयो र परमेश्वर उहाँका पिता हुनुहुन्थ्यो ।

____ **ख.** उहाँका मानव पिता र माता थिए ।

____ **ग.** उहाँ परमेश्वर हुन छोडेर मानिस बन्नुभयो ।

____ **घ.** उहाँले आफ्नो परमेश्वरीय स्वभावमा मानव स्वभाव पनि थप्नुभयो ।

## मानवीय सीमितपना

साँचो मानिस बन्न र हाम्रो प्रतिनिधि हुनको निम्ति येशू ख्रीष्टले आफैलाई सीमित तुल्याउनु भयो ।

उहाँले आफूलाई मानव शरीर र मानव स्वभावसँग,
मानिसहरूको बीचको जीवनको अवस्थासँग र
सबैलाई उपलब्ध भएका आत्मिक वस्तुहरूसँग सीमित राख्नुभयो ।

***मानव शरीर र स्वभावः*** येशू ख्रीष्टले आफ्नो अमरतालाई त्यागेर कमजोरी मानव शरीर धारण गर्नुभयो । उहाँ दुःख र मृत्युको अधीनमा रहनु पऱ्यो । उहाँ धेरै समयमा भोकाउनु, तिर्खाउनु र थकित हुनुभयो । उहाँले दुःख, निराशपन, दिक्दारी र विलाप के हो भन्ने कुराको अनुभव गर्नुभएको थियो । उहाँले मानव आनन्द र डर पनि अनुभव गर्नुभयो ।


**मानिसहरूका बीचमा जीवनको अवस्था:** संसारका सृष्टिकर्ताले उहाँको आफ्नो शक्तिलाई एकातिर पन्छाएर एक सहाराहीन बालक बन्नुभयो। सबै ज्ञान र बुद्धिको मुहान्, आफै विद्यालयमा गएर पढ्न, लेख्न र परमेश्वरको वचन अध्ययन गर्न सिक्नुभयो। उहाँले सिकर्मी भएर काम गर्नुभयो। सबै स्वर्गदूतहरूले आराधना गर्ने महिमाको सिंहासनलाई उहाँले त्यागेर एक दासको ठाउँ लिनुभयो। उहाँले मानिसहरूबाट तिरस्कार, गिल्ला र सतावट पाउनुभयो। उहाँले आफ्नो जीवन अरूहरूको सेवाको निम्ति बलिदान गर्नुभयो।

***सबैलाई उपलब्ध भएका आत्मिक वस्तुहरू:*** सबैलाई उपलब्ध भएका आत्मिक वस्तुहरूमा सीमित रहेर येशू ख्रीष्टले हामीलाई परमेश्वरको नमूना देखाउनुभयो। येशू ख्रीष्टले प्रार्थना गर्नुभयो र परमेश्वरले उहाँका प्रार्थनाहरूको उत्तर दिनुभयो। उहाँले बल र शक्तिको निम्ति परमेश्वरसँग भरोसा गर्नुभयो। उहाँ परमेश्वरको घरमा गएर उहाँको वचनको अध्ययन गर्नुभयो। जब शैतानले उहाँलाई पापमा फसाउनको निम्ति परीक्षा गऱ्यो, उहाँले त्यस अवस्थामा परमेश्वरको वचनबाट नै शैतानलाई जवाफ दिनुभयो। उहाँले गर्नुभएका सबै आश्चर्यकर्महरू परमेश्वरको आत्माले उहाँद्वारा गर्नुभएको हो भनी सबैलाई बताउनुभयो। परमेश्वरले उहाँलाई सिकाउनु भनी भन्नुभएको शिक्षा मात्र उहाँले सिकाउनुभएको हो।

प्रेरित पावलले फिलिप्पीको पुस्तकमा येशू ख्रीष्टले कसरी आफूलाई नम्र तुल्याएर हाम्रो मुक्तिदाता बन्नुभयो कसरी परमेश्वरले उहाँलाई यसको निम्ति इज्जत दिनुभयो सो कुरा लेखेका छन्।

> **फिलिप्पी २:६-११** परमेश्वरको स्वरूपमा भएर पनि उहाँले परमेश्वरको बराबरी हुने कुरालाई एउटा पक्रिराख्ने वस्तुजस्तो ठान्नुभएन। तर आफैलाई रित्त्याईकन कमाराको रूप धारण गरेर, तथा मनुष्य भएर जन्मनुभयो। स्वरूपमा मानिसजस्तै

भएर आफैलाई होच्याउनुभयो, र मृत्युसम्मै, अर्थात् क्रुसको मृत्युसम्मै आज्ञाकारी रहनुभयो । त्यसैकारण परमेश्वरले उहाँलाई अति उच्च पार्नुभयो, र उहाँलाई त्यो नाउँ प्रदान गर्नुभयो, जो हरेक नाउँभन्दा उच्च छ, कि स्वर्गमा, पृथ्वीमाथि र पृथ्वीमुनि भएको हरेक प्राणीले येशूको नाउँमा घुँडा टेक्नुपर्छ, र हरेक जिब्रोले परमेश्वर पिताको महिमाको निम्ति येशू ख्रीष्टलाई प्रभु भनी स्वीकार गर्नुपर्छ ।




## तपाईंको अभ्यासको निम्ति

३. येशू ख्रीष्ट यस संसारमा छँदा उहाँका तीन मानविक सीमितपनाको नाम दिनुहोस् ।

क. ..................................................

ख. ..................................................

ग. ..................................................

४. फिलिप्पी २: ६-११ मा आधारित तालिका पढ्नुहोस् र नहेरिकनै यस्तै अर्को तालिका बनाउनुहोस् ।

## सिद्ध वा पूर्ण जीवन

येशू ख्रीष्टले सिद्ध जीवन जिउनुभयो । उहाँमा कुनै भूल वा कमजोरीपना थिएन । उहाँका शत्रुहरूले पनि उहाँमा केही दोष भेट्टाउन सकेनन् । येशू ख्रीष्ट जब शरीरमा बढ्नुभयो, मानिसलाई आउने खालका सबै परीक्षाहरू उहाँमा आएका थिए तर उहाँले यी सबै परीक्षाहरूमाथि विजय प्राप्त गरी पवित्र, ईमानदार र सच्चा भएर जिउनुभयो । परमेश्वरप्रति र मानिसप्रति उहाँको पूर्ण प्रेम थियो ।

येशू ख्रीष्टले पापलाई घृणा गरेर यसको विरूद्धमा बोल्नुभयो तर पापीहरूलाई प्रेम गर्नुभयो । उहाँले पापीहरूलाई बदली गर्नुभयो । पापीहरूले उहाँलाई बदल्न सकेनन् ।

येशू ख्रीष्ट मानिसको पुत्र भएर सिद्ध जीवन जिउनु उहाँको सेवकाइको एक भाग थियो । मानवजातिको प्रतिनिधि भएर येशू ख्रीष्टले परमेश्वरको प्रत्येक व्यवस्था पालन गर्नुभयो । परमेश्वरको व्यवस्थालाई पालन गर्ने व्यक्तिहरूलाई दिइएको आशिष्‌को प्रतिज्ञा उहाँले कमाउनुभयो । त्यो आशिष्‌को प्रतिज्ञाचाहिँ अनन्त जीवन र परमेश्वरको घरमा आनन्द प्राप्त गर्नु हो । उहाँ हाम्रो सट्टामा मर्नको निम्ति पूर्ण योग्य हुनुभयो ।

१) हाम्रो दोष बोकेर हाम्रो पापको निम्ति हाम्रो सट्टामा मर्न उहाँ योग्य हुनुभयो ।

२) उहाँको धार्मिकता र परमेश्वरको व्यवस्था पालन गर्नेहरूलाई दिइएको आशिषको प्रतिज्ञा दिन उहाँ योग्य हुनुभयो ।


शैतानले येशू ख्रीष्टलाई पापमा फसाएर उहाँको सेवकाइबाट उहाँलाई फर्काउने कोशिश गरेको थियो । तर येशू ख्रीष्टले सबै परीक्षाहरूलाई इन्कार गरेर हामीलाई पापबाट बचाउने काममा लागिरहनु

भयो । येशू ख्रीष्टको भलाइमा नकारात्मक वा दुष्टताको अनुपस्थितिमात्र थिएन । यो परमेश्वरको इच्छाअनुसारको सकारात्मक समर्पणमा गरिएको थियो । येशू ख्रीष्टले कुनै गल्ती काम गर्न इन्कार गर्नुभएको मात्र होइन, उहाँ असल गर्नको लागि समर्पित हुनुभएको थियो । उहाँले प्रेम अवतार लिएर आफ्नो प्रेम काममा प्रकट गर्नुभयो ।

येशू ख्रीष्टले ३० वर्षको उमेरमा सामान्य सेवकाइ शुरू गर्नुभयो । उहाँले मानिसहरूलाई परमेश्वरको विषयमा र उनीहरूले परमेश्वरको राज्यमा कस्तो भाग पाएका छन् त्यस विषयमा सिकाउनुभयो । संसारले थाहा पाएका भविष्यवक्ता र गुरूमध्ये उहाँ सबैभन्दा उत्तम हुनुहुन्थ्यो । उहाँले अलिकति छोएर वा आज्ञा गरेर सयौँ बिरामीहरूलाई निको पार्नुभयो । पापीहरूले उहाँकोमा आएर क्षमा, शान्ति, पापबाट शुद्धता, र उहाँको प्रेमले भरिएको अचम्मको नयाँ जीवन पाए ।

> **प्रेरित १०:३८** परमेश्वरले नासरतका येशूलाई पवित्र आत्मा र शक्तिले अभिषेक गर्नुभयो । उहाँ सुकर्म गर्दै र दियाबलसबाट पेलिएकाहरूलाई निको पार्दै हिँड्नुभयो, किनकि परमेश्वर उहाँको साथमा हुनुहुन्थ्यो ।

तर त्यस बेलाका धार्मिक अगुवाहरूले येशू ख्रीष्टमाथि डाह गरी उहँलाई मसीह वा ख्रीष्ट भनी स्वीकार गरेनन् । तिनीहरूले उहाँलाई झूटा दोषहरू लगाएर, यशैया भविष्यवक्ताले भविष्यवाणी गरेझैँ, उहाँलाई क्रूसमा टाँगे । उहाँलाई साधारण अपराधीलाई जस्तै दुई अपराधीहरूको बीचमा किला ठोकेर क्रूसमा झुण्ड्याइएको थियो । उहाँले बचाउन आउनुभएका मानिसहरूले नै उहाँ मर्दा उहाँलाई गिल्ला गरे । मानिसहरूले उहाँलाई त्यति गरे पनि, येशू ख्रीष्टले तिनीहरूलाई प्रेम गर्नुभयो र तिनीहरूको निम्ति प्रार्थना गर्नुभयोः



**लूकास २३:३४** "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।"

येशू ख्रीष्टको सिद्ध जीवन चिहानमा सिद्धिएन । परमेश्वर पिताले उहाँलाई मृत्युबाट तेस्रो दिनमा बौरी उठाउनुभयो । त्यसपछि चालीस दिनसम्म संसारमा बसेपछि उहाँ फर्केर स्वर्ग जानुभयो र जहाँ उहाँ अहिले हाम्रा प्रतिनिधि हुनुहुन्छ । अनि त्यहाँबाट कुनै दिन उहाँ संसारमा फर्किआउनुहुनेछ र पूर्ण न्याय र अनन्त शान्तिमा यस संसारलाई राज्य गर्नुहुनेछ ।

## तपाईंको अभ्यासको निम्ति

५. येशू ख्रीष्टले कसरी परीक्षाहरूको सामना गर्नुभयो ?

____ **क.** परीक्षित नहुनको निम्ति उहाँ मानिसहरूबाट अलग भएर रहनुभयो ।

____ **ख.** उहाँले परीक्षाहरूलाई इन्कार गरेर असल काम गर्नमा व्यस्त भइरहनुभयो ।

____ **ग.** उहाँ परीक्षामा फस्नुभयो ।

६. येशू ख्रीष्टको भलाइ सकारात्मक वा नकारात्मक कस्तो थियो ? व्याख्या गर्नुहोस् । ........................................................
..............................................................................

७. विचार गर्नुहोस् : तपाईंको विचारमा येशू ख्रीष्टको सिद्ध जीवनको प्रमुख जाँच र प्रदर्शन के हो ? येशू ख्रीष्टले पाप गर्नुभयो वा सिद्ध जीवन जिउनुभयो, यसले तपाईंको जीवनमा के फरक पर्छ ?

## अवतारको उद्देश्य

परमेश्वर किन मानिस बन्नुभयो ? उहाँले किन मानव शरीर लिएर, उहाँको परमेश्वरीय स्वभावमा मानव स्वभाव थप्नुभयो ? किन अवतारको आवश्यकता थियो ? हामीहरू सारांशमा यसको उत्तर चार शब्दमा दिन सक्छौँ: (१) प्रकाश (२) तयारी (३) सट्टा (४) मध्यस्थ ।

**प्रकाश**

परमेश्वर कस्तो हुनुहुन्छ भनी हामीलाई देखाउन येशू ख्रीष्ट मानिस भएर जिउनुभयो । हामीहरू उहाँमा परमेश्वरको स्वभाव प्रकट भएको देख्छौँ । येशू ख्रीष्टलाई चिन्नाले हामी परमेश्वरलाई चिन्छौँ । तपाईंले यस विषयमा अझै अध्ययन गर्नुहुनेछ ।

सिद्ध मानवत्व कस्तो हुनसक्छ भनेर हामीलाई देखाउन परमेश्वरका पुत्र मानिस बन्नुभयो । हामी मानवजातिको निम्ति येशू ख्रीष्टको सिद्ध जीवन र स्वभाव एक नमूनाको रूपमा देख्छौँ । यही नै हाम्रो निम्ति परमेश्वरको फलदायक योजना थियो । येशू ख्रीष्ट हाम्रो उदाहरण हुनुहुन्छ । उहाँको स्तरबाट नै हाम्रा शब्दहरू, विचारहरू र कामहरूको नाप हुन्छ । उहाँमा हाम्रो जीवन कस्तो प्रकारको हुनसक्छ भन्ने कुरा उहाँले हामीलाई देखाउनुहुन्छ । उहाँ हामीमा रहेर हामीलाई परमेश्वरका सन्तान बनाउनुहुन्छ ।

**एफिसी ४:१३** जबसम्म हामी सबै विश्वासको र परमेश्वरको पुत्रको ज्ञानको एकता प्राप्त गर्दैनौं, र परिपक्व मानिस बनी ख्रीष्टका पूर्णताको नापसम्म पुग्दैनौं ।

येशू ख्रीष्टको जीवनले उहाँको सेवाको निम्ति चाहिने योग्यता पनि प्रदर्शन गराएको छ । उहाँ हाम्रो सट्टाको योग्य हुनुहुन्छ भन्ने कुरा उहाँको पापरहित जीवनले देखाउँछ । उहाँको शक्ति, बुद्धि र प्रेमले उहाँ हाम्रा राजा हुन योग्य हुनुहुन्छ भनी प्रमाणित गर्छ ।

## तपाईंको अभ्यासको निम्ति

८. अवतारको उद्देश्यलाई सारांशमा बताउने चार शब्दहरू दिनुहोस् । ..................................................

९. येशू खष्टिको जीवनमा प्रकट वा प्रदर्शन भएका के के कुरा हामी देख्छौं ?

____ **क.** सिद्ध मानवत्व ।
____ **ख.** परमेश्वरको स्वभाव ।
____ **ग.** उहाँको सेवाको निम्ति योग्यताहरू ।
____ **घ.** हाम्रो निम्ति परमेश्वरको नमूना ।
____ **ङ.** माथिका सबै ।
____ **च.** क र ग दुवै ।

१०. विचार गर्नुहोस्: एफिसी ४:१३ लाई भाग भागमा छुट्याई तपाईंको जीवनमा प्रयोग गर्नुहोस् । यदि येशू ख्रीष्ट हाम्रो निम्ति परमेश्वरको नमूना हुनुहुन्छ भने, उहाँको विषयमा सिक्नु हाम्रो निम्ति कति महत्त्वपूर्ण छ ? एफिसी ४:१३ ले हामीलाई के बताउँछ ? के येशू ख्रीष्टलाई राम्रोसँग चिन्नाले हामी उहाँ जस्तै बनिन सक्छौं ?

## तयारी

मानिस हुनुभएको कारणले उहाँले गर्नुपर्ने कामको निम्ति येशू ख्रीष्टको जीवन तयारी हुन आवश्यक थियो। येशू ख्रीष्टको जीवन तयारी हुन आवश्यक थियो। येशू ख्रीष्टले मानव स्वभावको अनुभव गर्नुभयो जसद्वारा उहाँ हाम्रा प्रतिनिधि र न्यायधीश हुनको निम्ति तयारी हुनुभयो।

हाम्रा पूजाहारी हुनको निम्ति येशू ख्रीष्ट मानिस बन्न आवश्यक थियो। उहाँले हाम्रा कमजोरीहरू बाँड्नुभयो। आज्ञाकारिताको निम्ति चुकाउनु पर्ने मूल्यको विषयमा उहाँले आफ्नै दुःख कष्टबाट सिक्नुभयो। येशू ख्रीष्ट यस संसारमा छँदा आफ्ना चेलाहरूका निम्ति प्रार्थना गर्नुभयो। र अहिले पनि हाम्रा आवश्यकताहरूलाई राम्रोसँग बुझेर, हाम्रा निम्ति स्वर्गमा प्रार्थना गरिरहनुहुन्छ।

> **हिब्रू २:१७,१८** यसैकारण हरेक कुरामा उहाँ आफ्नै भाइहरूजस्तै बनाइनुपर्‍यो, र मानिसहरूका पापको प्रायश्चित गर्नलाई परमेश्वरको सेवामा उहाँ कृपालु र विश्वस्त प्रधान पूजाहारी बन्नुभयो। किनकि उहाँ आफैले कष्ट भोग्नुभयो र परीक्षित हुनुभयो, यसैले परीक्षामा पर्नेहरूलाई उहाँले सहायता गर्न सक्नुहुन्छ।

> **हिब्रू ४:१४-१६** आकाश छिचोलेर जानुभएका परमेश्वरका पुत्र येशू हाम्रा महान् प्रधान पूजाहारी हुनुभएका कारण हामीले पक्कासँग स्वीकार गरेको यो विश्वास थामिराखौं। किनकि हाम्रा प्रधान पूजाहारी हाम्रो दुर्बलतामा हामीसँग सहानुभूति देखाउन नसक्ने हुनुहुन्न। तर हामीजस्तै उहाँ सबै कुरामा परीक्षित हुनुभयो, र पनि पापरहित हुनुहुन्थ्यो। यसकारण साहससँग अनुग्रहको सिंहासन नजीक जाऔँ, र खाँचोको समयमा सहायता पाउनलाई कृपा र अनुग्रह प्राप्त गर्न सकौं।

येशू ख्रीष्टको मानवीय अनुभवले मानिसमाथि शासन गर्नको लागि उहाँलाई तयारी पारेको थियो। मानिसको पुत्र र आदमको वंशको सिद्ध प्रतिनिधि नै यस संसारको शासक हुनुहुनेछ। हामीलाई आवश्यक परेका सबै कुराहरू जान्ने हुनुभएकोले उहाँ सिद्ध राजा हुनुहुनेछ। उहाँले हामीलाई बुझ्नुहुनेछ। हाम्रा निम्ति उहाँ मर्नुभएको कारणले हाम्रो जीवनलाई शासन गर्ने अधिकार उहाँसँग छ। उहाँलाई विश्वास गरी स्वीकार गर्नेको हृदयमा उहाँ राजा हुनुहुन्छ। कुनै दिन उहाँले संसारमा शासन गर्नुहुनेछ, जसको निम्ति उहाँ मर्नु पनि भयो।

**दानिएल ७:१३,१४** रातीको दर्शनमा मैले हेरिनै रहेको थिएँ, अनि आकाशका बादलहरूसँग मानिसका पुत्रजस्तै कोही आइरहनुभएको मैले देखें। उहाँ ती अति प्राचीन उमेरकहाँ आउनुभयो, र उहाँकै सामने हाजिर गराइनुभयो। अनि विभिन्न भाषा बोल्ने सबै जातिका मानिसहरूले उहाँको सेवा गरून् भनेर उहाँलाई सर्वाधिकार, महिमा र राज्याधिकार दिइयो। उहाँको सर्वाधिकार कहिल्यै नबित्ने, सदासर्वदैको सर्वाधिकार छ, अनि उहाँको राज्याधिकार कहिल्यै नष्ट हुनेछैन।

## तपाईंको अभ्यासको निम्ति

११. तपाईंले अहिलेसम्म थाहा पाएको बाट, येशू ख्रीष्टको मानवीय जीवनले उहाँ तपाईंका पूजाहारी र राजा हुनका निम्ति उत्तम तयारी भएको जस्तो के तपाईंलाई लाग्छ ?

...............................................................................................

कुन प्रकारमा ?

...............................................................................................

## सट्टा

येशू ख्रीष्ट मर्न सक्नको निम्ति नै जन्मनुभएको थियो। सबै मानवजातिले पाप गरेका कारणले अनन्तको निम्ति मर्ने दण्ड पाएका थिए। हामीहरू प्रत्येकले यही नै दण्ड पाएका छौँ। परमेश्वर आफैले हाम्रो दण्ड लिएर मात्र हामीलाई बचाउन सक्नुहुन्थ्यो। परमेश्वर भएरै उहाँ मर्न सक्नुभएन। यसकारण हाम्रो सट्टामा मर्न र हामीलाई पापबाट उद्धार गर्न उहाँ मानिस बन्नुभयो।

येशू ख्रीष्टले क्रूसमा हाम्रो ठाउँ लिनुभन्दा पनि अझ धेरै गर्नुभयो। उहाँ मरेको शरीरबाट बौरीउठ्नुभयो र उहाँलाई मुक्तिदाता भनी स्वीकार गर्ने सबैलाई उहाँको अनन्त राज्यमा ठाउँ पनि उहाँले दिनुभएको छ। उहँ आफैसँग उहाँले हामीलाई मिलाउनु हुन्छ, यसकारण उहाँले परमेश्वरको पुत्रको अधिकार हामीसँग बाँड्नु भएको छ।

**हिब्रू २:९-११, १३-१५** तर हामी येशूलाई देख्दछौँ। उहाँ अलि बेरको निम्ति स्वर्गदूतहरूभन्दा केही तल होच्याइनुभयो, यस हेतुले कि परमेश्वरको अनुग्रहद्वारा हरेक मानिसको निम्ति उहाँले मृत्युको स्वाद चाखून्। यो उचित थियो, कि परमेश्वर, जसको निम्ति र जसद्वारा सबै थोकको अस्तित्व छ, उहाँले नै धेरै सन्तानलाई महिमामा ल्याउनुहँदा तिनीहरूका मुक्तिका कर्ता येशूलाई कष्टहरूद्वारा सिद्ध तुल्याउनुभयो। किनकि पवित्र तुल्याउनुहुने र पवित्र तुल्याइएकाहरू पनि सबै एउटै परिवारका हुन्। त्यसैकारण तिनीहरूलाई भाइ भन्नमा येशू शर्माउनु हुन्न। र फेरि, "हेर, म र परमेश्वरले मलाई दिनुभएका यी छोराछोरीहरू।" किनकि छोराछोरीहरू मासु र रगतका सहभागी भएका हुनाले उहाँले पनि त्यही स्वभाव लिनुभयो, ताकि मृत्युद्वारा नै मृत्युको शक्ति भएकोलाई अर्थात् दियाबलसलाई उहाँले नष्ट गरून्, र मृत्युको डरले आजीवन बन्धनमा परेकाहरूलाई उहाँले मुक्त गरिदिऊन्।

**तपाईंको अभ्यासको निम्ति**

१२. माथि बताएअनुसार हिब्रू २ अध्यायबाट अवतार र यसको उद्देश्यको बारेमा व्याख्या गर्नुहोस् ।

क. अवतारः केही समयको निम्ति उहाँलाई ......................................

ख. उद्देश्यः यसरी परमेश्वरको अनुग्रहद्वारा उहाँ ......... हामीलाई .......... निम्ति ........... आवश्यक नै थियो ।


ग. अवतारः येशू ख्रीष्ट आफै .........................

घ. उद्देश्यः उहाँले यसो गरेर आफ्नो मृत्युद्वारा ........... र ....... यसरी मृत्युको डर हुने मानिसहरूलाई .......... पार्नुभयो ।

अब तपाईंलाई सम्बोधन गर्ने सबै शब्दहरूका मुनि धर्को तान्नुहोस् ।

## मध्यस्थ

परमेश्वर र मानिसलाई एकैसाथ ल्याउनको निम्ति येशू ख्रीष्ट मानव बन्नुभयो । पापले पवित्र परमेश्वर र दुष्ट अनि विद्रोही मानिसको बीचमा ठूलो अन्तर गराएको छ। तर परमेश्वरको प्रेमले त्यस पापी मानिसलाई उहाँ आफैकोमा ल्याउन र खाली ठाउँमा पुल हाल्ने काम गर्न सक्यो । प्रभु येशू ख्रीष्ट परमेश्वर र मानिसको बीचमा नयाँ करार वा सम्बन्धको मध्यस्थ हुनुभएको छ ।




**१ तिमोथी २:५,६** किनकि परमेश्वर एउटै हुनुहुन्छ, परमेश्वर र मानिसहरूका बीचमा मध्यस्थ पनि एउटै हुनुहुन्छ- मानिस ख्रीष्ट येशू। उहाँले सबैका छुटकाराका मोलको निम्ति आफैलाई सुम्पिदिनुभयो।

नयाँ नियम समयमा अदालतले ऋण तिर्न नसक्ने व्यक्तिको प्रतिनिधित्व गर्न र उसको सबै जिम्मा लिनको निम्ति मध्यस्थलाई नियुक्त गर्थ्यो। सबै व्यक्तिहरूको ऋण तिरिएको छ कि छैन भनी हेर्ने जिम्मेवारी मध्यस्थको हुन्थ्यो। यदि ऋणीले आफ्नो सम्पत्तिबाट तिर्न नभ्याउने भए, मध्यस्थ आफैले त्यो ऋण तिरिदिन्थ्यो।

येशू ख्रीष्टको नमूना कस्तो सुन्दर देखिन्छ। उहाँ परमेश्वरको अगाडि हाम्रो मध्यस्थ हुनुहुन्छ। उहाँको मृत्युले हाम्रा सबै पाप ढाक्छ

र हामीलाई परमेश्वरबाट छुट्याउने पाप र दोषबाट हामी उहाँमा स्वतन्त्र हुन्छौँ। उहाँको क्रूसले परमेश्वर र मानिसको बीचको खाली ठाउँलाई जोड्छ। उहाँले हामीलाई नयाँ स्वभाव अर्थात् उहाँको स्वभाव दिएर परमेश्वरका छोराछोरीहरू बनाउनुभयो। येशू ख्रीष्टले मानव स्वभाव धारण गरेर हामीकहाँ अनाउनुभयो र उहाँले हामीलाई उत्तम तरीकाले जिउन सहायता गर्नुहुन्छ। हामी परमेश्वरका सन्तान हुन सकौँ भनेर परमेश्वरका पुत्र मानिसको पुत्र बन्नुभयो।

**गलाती ४:४, ५** तर समयको पूर्णतामा परमेश्वरले आफ्ना पुत्रलाई पठाउनुभयो। उहाँ एउटी स्त्रीबाट जन्मनुभयो, तथा व्यवस्थाको अधीनमा रहनेहरूलाई मोल तिरेर छुटाउनलाई उहाँ पठाइनुभयो, ताकि हामी पुत्रको पूरा हक पाउन सकौँ।

**१ पत्रुस ३:१८** किनभने हामीलाई परमेश्वरकहाँ ल्याउन ख्रीष्ट पनि पापहरूका निम्ति सदाको लागि एक चोटि मर्नुभयो। उहाँ शरीरमा मारिनुभयो- धर्मीजन अधर्मीहरूका निम्ति- तर आत्माद्वारा जीवित पारिनुभयो।

पूरा नयाँ नियम भरि नै हामी, यस्ता भागहरू भेट्टाउँछौँ जसले हाम्रो निम्ति परमेश्वरको उद्देश्यको बारेमा बताउँछन् र येशू ख्रीष्ट किन मानिसको पुत्र बन्नुभयो सो कुरा बुझ्न सहायता पुऱ्याउँछन्। येशू ख्रीष्टले यसलाई सारांशमा भन्नुभएको छः

**लूकास १९:१०** किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो।

## तपाईंको अभ्यासको निम्ति

१३. लूका १९:१० कण्ठ गर्नुहोस् ।

१४. दायाँपट्टि भएका शब्दहरूलाई बायाँपट्टिका वर्णनहरूसँग जोडा मिलाउनुहोस्:

| | |
|---|---|
| क. परमेश्वर मानव बन्नुहुन्छ | १) मध्यस्थ |
| ख. हाम्रो सट्टामा मर्नुहुन्छ | २) प्रकाश |
| ग. हामीलाई परमेश्वरकोमा ल्याउनुहुन्छ | ३) अवतार |
| घ. मानिसको निम्ति नमूना | ४) तयारी |
| ङ. समस्याहरू छन् | ५) सट्टा |

१५. मध्यस्थको मानचित्र बनाउनुहोस्:

१६. विचार गर्नुहोस्: 'मानिसको पुत्र' भन्ने शीर्षकले के तपाईंलाई पहिलेको भन्दा अहिले बढी अर्थ दिन्छ ? के यसले तपाईंलाई येशू ख्रीष्टको कामप्रति कृतज्ञ गराउँछ ? उहाँको अवतारको निम्ति उहाँलाई धन्यवाद दिनुहोस् । आफ्ना खाँचोहरू उहाँकोमा लानुहोस् । परमेश्वरको अगाडि उहाँ परमेश्वरका प्रतिनिधि हुनुहुन्छ ।

१७. आफ्ना उत्तरहरू जाँचेर, पाठ चारको विद्यार्थी प्रतिवेदनमा लेख्नुहोस् ।

## पाठ ४ उत्तरहरू

यस पाठबाट तपाईंले २६ वटा विषयहरूको सूचना दिनुपर्छ। तीमध्ये कति वटा तपाईंका व्यक्तिगत उत्तरहरू र सम्झनाबाट लेखिनु पर्ने छन्। यदि तपाईंले २४ वटा देखि २६ वटा सम्म ठीक मिलाउनुभयो भने, "उत्तम श्रेणी" लेख्नुहोस्, यदि २० वटा देखि २३ वटा सम्म ठीक भयो भने "राम्रो" लेख्नुहोस्, र १४ वटा देखि १९ वटा सम्म ठीक छन् भने "असल" लेख्नुहोस्। यदि तपाईंले १४ वटा भन्दा पनि कम मिलाउनुभयो भने, यस पाठलाई फेरि दोहोऱ्याएर पढ्नुहोस्।

१. क) उहाँ आदमका पुत्र, साँचो मानिस र मानवजातिका प्रतिनिधि हुनुहुन्छ।

२. क) उहाँ कन्या मरियमबाट जन्मनुभयो र परमेश्वर उहाँका पिता हुनुहुन्थ्यो।
   घ) उहाँले आफ्नो परमेश्वरीय स्वभावमा मानव स्वभाव पनि थप्नुभयो।

३. क) मानविक शरीर र स्वभाव।
   ख) मानिसहरूको बीचमा जीवनको अवस्था।
   ग) सबैलाई उपलब्ध भएका आत्मिक वस्तुहरू।

४. पृष्ठ ७० मा भएको तालिकालाई हेर्नुहोस्।

५. ख) उहाँले परीक्षाहरूलाई इन्कार गरेर असल काम गर्नेमा व्यस्त भइरहनुभयो।

६. दुवै, उहाँले खराब गर्न इन्कार गर्नुभयो (नकारात्मक) र जे ठीक छ सो गर्नुभयो (सकारात्मक)।

८. प्रकाश, तयारी, सट्टा र मध्यस्थ।

९. ङ) माथिका सबै

११. तपाईंको आफ्नै उत्तर

१२. क) स्वर्गदूतहरूभन्दा अलि तल राखियो।
ख) बचाउनको निम्ति।
ग) तिनीहरू जस्तो बनेर, तिनीहरूको स्वभाव बाँड्नुभयो।
घ) शैतानलाई जित्नुभयो र स्वतन्त्र पार्नुभयो।


१४. क) - ३, ख) - ५, ग) - १, घ) - २, ङ) - ४

१५. पृष्ठ ८१ हेर्नुहोस्।

ठीक भएका उत्तरहरूको संख्या ............ श्रेणी .......... अब विद्यार्थी प्रतिवेदनमा पाठ ४ को निम्ति भर्नुहोस्।

पाठ ५

# येशू ख्रीष्ट वचन हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

येशू ख्रीष्टमा परमेश्वरको स्वयम्-प्रकाश
- परमेश्वरको स्वभाव
- परमेश्वरका भावना, विचार र योजनाहरू
- परमेश्वरका शक्ति र इच्छा

येशू ख्रीष्टमा परमेश्वरको नामको वर्णन
- म हुँ
- यह्वे

## येशू ख्रीष्टमा परमेश्वरको स्वयम् प्रकाश

हाम्रा विचार व्यक्त गर्न र अरूहरूलाई हाम्रा भावना, चाहना र इच्छा थाहा गराउनको निम्ति हामी शब्दहरू प्रयोग गर्छौं। हामीले भनेका कुराहरूबाट नै मानिसहरूले हामीलाई बुझ्छन् र हाम्रा विषयमा थाहा पाउँछन्। हाम्रा शब्दहरूले हाम्रो स्वभाव प्रकट गर्छ।

येशू ख्रीष्टलाई वचन भनिएको छ। परमेश्वर येशू ख्रीष्टद्वारा आफै हामीकहाँ प्रकट हुनुहुन्छ। येशू ख्रीष्टले परमेश्वरको सन्देश खालि आफ्ना शिक्षामा मात्र दिनुभएको होइन, उहाँ आफै नै हाम्रा निम्ति परमेश्वरका सन्देश हुनुहुन्छ।

### परमेश्वरको स्वभाव

परमेश्वर आत्मा हुनुहुन्छ। हाम्रा स्वाभाविक चेतनाले हामी उहाँलाई देख्न, सुन्न र अनुभव गर्न सक्तैनौं। त्यसो भए हामी कसरी उहाँलाई चिन्न सक्छौं ? कमजोर र पापी मानिसले सर्वशक्तिमान् सिद्ध र अदृश्य परमेश्वरलाई कसरी बुझ्न सक्छ ? कसरी परमेश्वरले आफैलाई हामीकहाँ देखाउन सक्नुहुन्छ ? येशू ख्रीष्टमात्र उत्तर हुनुहुन्छ। येशू ख्रीष्टले मानविक व्यक्तित्वबाट परमेश्वरलाई हामीकहाँ प्रकट गराउनुभएको छ। परमेश्वर कस्तो हुनुहुन्छ ? हामीले परमेश्वरका पुत्र येशू ख्रीष्टलाई हेरे थाहा पाउन सक्छौं।

**यूहन्ना १४:९** जसले मलाई देखेको छ, त्यसले पितालाई पनि देखेको छ।

**यूहन्ना १:१८** परमेश्वरलाई कसैले कहिल्यै देखेको छैन। पिताको साथमा हुनुहुने एक मात्र पुत्रले उहाँलाई प्रकट गर्नुभएको छ।

**कलस्सी १:१५** 'उहाँ अदृश्य परमेश्वरको प्रतिरूप, सारा सृष्टिका ज्येष्ठ हुनुहुन्छ।'


परमेश्वरले मानिससँग धेरै प्रकारले बोल्नुभएको छ, तर उहाँको स्वभावका स्पष्ट प्रकाश, परमेश्वरको जीवित वचन, उहाँका पुत्र येशू ख्रीष्टमा छ। येशू ख्रीष्टको विषयमा पढ्दा परमेश्वर आज हामीसँग बोल्नुहुन्छ। येशू ख्रीष्टको जीवन, काम र शिक्षाले मानिसको अनुभवबाट हामीले बुझ्ने भाषामा परमेश्वरको विषयमा बताउँछ।

**हिब्रू १:१-३** प्राचीनकालमा हाम्रा पिता पुर्खाहरूसँग अगमवक्ताहरूद्वारा धेरै र विभिन्न किसिमले परमेश्वर बोल्नुभयो। तर यी आखिरी दिनहरूमा उहाँ आफ्ना पुत्रद्वारा हामीसँग बोल्नुभएको छ। उहाँ नै परमेश्वरका महिमाको प्रतिविम्ब हुनुहुन्छ।

**यूहन्ना १:१, १४** आदिमा वचन हुनुहुन्थ्यो, वचन परमेश्वरसँग हुनुहुन्थ्यो, अनि वचन परमेश्वर हुनुहुन्थ्यो। अनि वचन देहधारी हुनुभयो, र अनुग्रह र सत्यताले पूर्ण भई हाम्रा बीचमा वास गर्नुभयो। हामीले उहाँको महिमा देख्यौं।

येशू ख्रीष्टले मानिसहरूलाई केवल परमेश्वरको विषयमा मात्र सिकाउनु भएन, तर उहाँले परमेश्वरको स्वभावलाई प्रकट गराउनुभयो। उहाँले परमेश्वरको पवित्रता, भलाइ, बुद्धि, न्याय, कृपा, शक्ति र प्रेमको विषयमा बताउनुभयो। मानिसहरूले यी गुणहरू येशू ख्रीष्टमा देखे। उहाँले संसारमा सबैभन्दा उच्च नैतिकताको घोषणा गर्नुभयो र त्यस स्तरअनुसार जिउनु पनि भयो। उहाँको शिक्षाको बुद्धिले अझै पनि संसारलाई चकित पारेको छ। उहाँले मानिसहरूको आवश्यकताअनुसार सेवा गरेर आफ्नो जीवन अरूहरूका लागि दिई परमेश्वरको प्रेम कामद्वरार प्रकट गराउनुभयो।

येशू ख्रीष्ट हाम्रा पापको निम्ति जुन क्रूसमा मर्नुभयो, हामी त्यहाँ परमेश्वरको न्याय र प्रेमको स्पष्ट वर्णन भएको देख्छौं । परमेश्वरको न्यायले पापको दण्ड मृत्युको माग गऱ्यो । परमेश्वरको प्रेमको कारणले उहाँ पापको दण्ड मृत्युको माग गऱ्यो । परमेश्वरको प्रेमको कारणले उहाँ पापीहरूका निम्ति, उनीहरूका ठाउँमा मर्नु पऱ्यो ।



उहाँको प्रेमले उहाँलाई क्रूसमा टाँग्नेहरूका निम्ति पनि प्रार्थना गर्न लगायो । यो कस्तो प्रकारको प्रेम हो । हामीसँग कस्तो अचम्मको परमेश्वर हुनुहुन्छ ।

## तपाईंको अभ्यासको निम्ति

१. यूहन्नाले येशू ख्रीष्टको निम्ति यूहन्ना १:१, १४ मा के शब्द प्रयोग गरेका छन् ?

____ **क.** परमेश्वरको थुमा

____ **ख.** जीवित वचन

____ **ग.** वचन

२. यी अन्तिम दिनहरूमा परमेश्वर हामीसँग बोल्नुभएको छ भनी हिब्रू १:१-३ ले कसरी बताएको छ ?

____ **क.** उहाँका पुत्रद्वारा

____ **ख.** भविष्यवक्ताहरूद्वारा

____ **ग.** प्राकृतिक वस्तुहरूद्वारा

३. येशू ख्रीष्टले कस्तो प्रकारको नैतिक स्तरको घोषण गर्नुभयो र यसमा आफू पनि जिउनुभयो ।

____ **क.** उहाँको समयमा प्रचलित भएको स्तर

____ **ख.** थाहा पाइएकोमा सबैभन्दा उच्च

____ **ग.** अवस्थित नीतिको नयाँ नैतिकता

४. परमेश्वरको न्याय, कृपा र प्रेमको स्पष्ट वर्णन हामी कहाँ देख्छौं ?

____ **क.** प्रभुको प्रार्थनामा

____ **ख.** डाँडाको उपदेशमा

____ **ग.** क्रूसको मृत्युमा

## परमेश्वरका भावना, विचार र योजनाहरू

येशू ख्रीष्टले परमेश्वरका भावना, विचार र योजनाहरूलाई उहाँका शिक्षाहरू र उहाँको व्यक्तिगत जीवनद्वारा प्रकट गर्नुभयो । येशू ख्रीष्ट महान् गुरू हुनुहुन्थ्यो । तर उहाँले भन्नुभयो:

**यूहन्ना ८:२८** 'म आफ्नै अधिकारमा केही पनि गर्दिन, तर पिताले सिकाउनुभएका कुराहरू बोल्दछु भनी जान्नेछौ ।'

**यूहन्ना १५:१५** 'जे मैले मेरा पिताबाट सुनें, मैले ती सबै तिमीहरूलाई जनाइदिएको छु ।'

यसकारण येशू ख्रीष्टले हामीलाई सुसमाचारमा सिकाउनुभएको परमेश्वरको साँचो प्रकाश र उहाँको सत्यतामा हामी भरोसा राख्नसक्छौं । हामी परमेश्वरलाई स्वर्गमा विराजमान हुनुहुने सर्वज्ञानी र प्रेमी पिताको रूपमा हेर्छौं । उहाँले आफ्ना सन्तानहरूलाई कृपालु दृष्टिले हेरचाह गर्नुहुन्छ । उहाँले पाप र कपटीपनालाई घृणा गर्नुहुन्छ तर पापीहरूलाई प्रेम गर्नुहुन्छ । उहाँले हामीलाई कसरी उद्धार पाउनुपर्छ भनी बताउनुहुन्छ र आनन्दित जीवन जिउनको निम्ति उपायहरू दिनुभएको छ । बेचैनसँग हिँड्ने उहाँका सन्तानहरूले आ-आफ्ना पाप छोडेर उहाँको घरमा फर्केर आएको उहाँ चाहनुहुन्छ । उहाँले हामीलाई उहाँको अनन्त राज्यमा उहाँले योजना गर्नुभएको जीवनको विषयमा

थाहा दिनुहुन्छ । परमेश्वरको वचनमा लेखिएका यी सत्यताहरू हामीसँग छन् ।

जीवित वचन येशू ख्रीष्टले परमेश्वरका भावनाहरू प्रकट गराउनुभएको छ । उहाँका साथीहरूका विलापमा, मानवताको दुःखमा र नाश हुन लागेका शहरले उहाँलाई इन्कार गरेर अविश्वास गरेकोमा परमेश्वर उहाँमा रूनुभयो । वहना, छल र पापमा नाश भएका मानिसहरूलाई जब परमेश्वरले गोठालो बिनाको भेडाजस्ता देख्नुभयो, उहाँको दया तिनीहरूमाथि पलायो । मानिसहरू खुशी भएका र रोग, पाप, दोष र डरबाट स्वतन्त्र भएका परमेश्वरले देख्न चाहनुहुन्थ्यो ।

## तपाईंको अभ्यासको निम्ति

५. येशू ख्रीष्टले तलका कुराहरूमा प्रतिक्रिया जनाउँदा यी कुराहरूमध्ये के प्रकट गर्नुभयो ? (दुःख, रीस, आनन्द, तटस्थता वा दया)

क. धर्मको व्यापार ? ................................................

ख. वहना र छल ? ................................................

ग. अविश्वास र इन्कार ? ..........................................

घ. मानवताको दुःख ? ............................................

ङ. उहाँका साथीहरूको वेदना (विलाप) ? ....................

६. विचार गर्नुहोस्: तपाईंको जीवन हेर्दा परमेश्वरले कस्तो अनुभव गर्नुहुन्छ ?

## परमेश्वरको शक्ति र इच्छा

परमेश्वर के चाहनुहुन्छ र उहाँको शक्तिद्वारा आफ्नो उद्देश्य कसरी पूरा गर्नुहुन्छ भन्ने कुरा येशू ख्रीष्टले हामीलाई देखाउनुभयो र परमेश्वरप्रति येशू ख्रीष्टको आज्ञाकारिताको जीवन र परमेश्वरसँग उहाँले राख्नुभएको संगतिले हाम्रो जीवन कस्तो प्रकारको भएको परमेश्वर चाहनुहुन्छ भनी हामीलाई थाहा गराउँछ। येशू ख्रीष्टले गर्नुभएका आश्चर्यकर्महरूले परमेश्वरको शक्ति र मानिसका आवश्यकताअनुसार उनीहरूलाई सहायता गर्ने उहाँको इच्छाको प्रकट गराउँछ। येशू ख्रीष्टले भन्नुभयो कि उहाँ पिताको इच्छा पूरा गर्न आउनुभयो र उहाँले उहाँका पिताका कामहरू गर्नुभयो । यसले यो प्रमाणित गर्छ कि परमेश्वर हामीलाई निको पार्न, क्षमा दिन र हाम्रा सबै आवश्यकताहरू पूरा गर्न चाहनुहुन्छ ।

**यूहन्ना ५:३६** जुन कामहरू पूरा गर्न पिताले मलाई दिनुभएको छ, ती काम म गरिरहेको छु, अनि तिनैले मेरो विषयमा गवाही दिइरहेछन् कि पिताले मलाई पठाउनुभएको हो ।

**१ कोरिन्थी १:२४** ख्रीष्ट नै परमेश्वरको शक्ति र बुद्धि हुनुहुन्छ ।

### तपाईंको अभ्यासको निम्ति

७. १ कोरिन्थी १:२४ कण्ठ गर्नुहोस् ।

८. परमेश्वरप्रति येशू ख्रीष्टको पूर्ण आज्ञाकारिता र उहाँसँगको संगतिले के प्रकट गर्छ ?

____ **क.** हाम्रो जीवनको निम्ति परमेश्वरको नमूना ।

____ **ख.** परमेश्वरलाई समर्पण गर्ने व्यक्तिहरूलाई सहायता गर्नको निम्ति उहाँको शक्ति ।

____ **ग.** परमेश्वरको स्तरलाई भेट्न सक्ने हाम्रो असफलता।

____ **घ.** उहाँको इच्छाअनुसार गर्नको निम्ति हामीलाई परमेश्वरको शक्तिको आवश्यकता

____ **ङ.** माथिका सबै

९. येशू ख्रीष्टले हामीलाई देखाउनुभएको छ कि परमेश्वर यी कुराहरू गर्न चाहनुहुन्छ र गर्न सक्नुहुन्छ:

**क.** रोगीलाई ..................................................

**ख.** पापीहरूलाई ...............................................

**ग.** जीवनहरू ..................................................

**घ.** हाम्रा सबै आवश्यकताहरू .............................

१०. विचार गर्नुहोस्: परमेशवर तपाईंको निम्ति के गर्न चाहनुहुन्छ ? के तपाईं आफ्नो जीवनमा परमेश्वरलाई कृही गर्न दिनुहुन्छ ? परमेश्वरले तपाईंको निम्ति गर्नुभएका कुराहरू के के छन् माथि अध्ययन गर्नुभएको आधारमा जाँच गर्नुहोस्। तपाईंको जीवनमा परमेश्वरले तपाईंलाई के गरेको चाहनुहुन्छ ?

## येशू ख्रीष्टमा परमेश्वरको नामको वर्णन

बाइबल धर्मशास्त्रमा परमेश्वरको निम्ति धेरै नाम दिइएको हामी पाउँछौं। येशू ख्रीष्टले हामीलाई ती नामहरू बुझ्न सहायता गर्नुहुन्छ, किनकि उहाँ परमेश्वरको साँचो प्रकट हुनुहुन्छ।

## म हुँ


जब परमेश्वरले उहाँका मानिसहरूदलाई अगुवाइ गर्नको निम्ति मोशालाई बोलाउनुभयो, मोशाले उहाँको नाम सोधेका थिए । परमेश्वरले जवाफ दिएर भन्नुभयो, "म हुँ जो म हुँ" । उहाँले मोशालाई भन्नुभयो, "त्यहाँका मानिसहरूलाई गएर भन म हुँ ले तँलाई पठाएको हो । यो नामले हामीलाई बताउँछ कि परमेश्वर अनन्त, बदली नहुने र सधैं उपस्थित हुनुहुन्छ । परमेश्वरमा कुनै प्रकारको छल छैन । उहाँ उही हुनुहुन्छ जो हुनुहुन्छ र उहाँ जे इच्छा गर्नुहुन्छ त्यही गर्नुहुन्छ । हामी उहाँमा भरोसा राख्न सक्छौं ।

तर परमेश्वर के कस्तो हुनुहुन्छ ? उहाँले के गर्न सक्नुहुन्छ ? येशू ख्रीष्टले यी प्रश्नका उत्तरहरू आफ्ना सन्देशहरूमा दिनुभयो । जुन यूहन्नारचित सुसमाचारमा अङ्कित भएका छन् । येशू ख्रीष्टले आठपल्ट 'म हुँ' भन्ने परमेश्वरको नाम आफैलाई प्रयोग गर्नुभयो । एकपल्ट उहाँले आफ्नै अनन्त स्वभाव प्रकट गर्नको निम्ति त्यो नाम प्रयोग गर्नुभयो । उहाँले यसबाट हामीलाई भन्नुभएको छ कि उहाँ अब्राहामभन्दा पहिल्यै नै हुनुहुन्छ । अरू समयमा येशू ख्रीष्टले परमेश्वर र उहाँको स्वभावको वर्णन गर्न परमेशवरको नाम प्रयोग गर्नुभएको छ । उहाँमा देखाउनुभयो । ती महान्, म हुँ, ले हाम्रा सबै आवश्यकताहरू पूरा गर्नेछन् ।

१. 'म जीवनको रोटी हुँ ।' यूहन्ना ६:३५
२. 'म संसारको ज्योति हुँ ।' यूहन्ना ८:१२
३. 'अब्राहाम हुनुभन्दा अघिदेखि नै म छँदैछु ।' यूहन्ना ८:५८
४. 'ढोका म हुँ ।' यूहन्ना १०:९
५. 'म असल गोठालो हुँ ।' यूहन्ना १०:११
६. 'पुनरूत्थान र जीवन मै हुँ ।' यूहन्ना ११:२५

७. 'बाटो, सत्य र जीवन मै हुँ।' यूहन्ना १४:६

८. 'साँचो दाखको बोट म हुँ।' यूहन्ना १५:१



## तपाईंको अभ्यासको निम्ति

११. किन 'म हुँ' पदहरू महत्त्वपूर्ण छन् ?

___ **क.** तिनीहरूले परमेश्वरको नामको व्याख्या गर्छन्।

___ **ख.** तिनीहरूले हामीलाई परमेश्वरको स्वभाव देखाउँछन्।

___ **ग.** तिनीहरूले येशू ख्रीष्ट हाम्रो निम्ति के हुनुहुन्छ भनी देखाउँछन्।

___ **घ.** माथिका सबै।

१२. विचार गर्नुहोस्: येशू ख्रीष्टका 'म हुँ' भनाइहरू अध्ययन गर्नुहोस्। के उहाँ तपाईंका निम्ति साँचै यी सबै कुराहरू हुनुहुन्छ।


| |
|---|
| येशू खीष्टमा तपाईं आनन्दित हुन चाहने प्रत्येक सम्बन्धको जाँच गर्नुहोस्, जुन माथि सूचीमा बताइएको छ। यी 'म हुँ' शीर्षक अनुसार येशू खीष्टले तपाईंका के के आवश्यकताहरू पूरा गर्नुहुन्छ ? परमेश्वर को हुनुहुन्छ त्यसको लागि धन्यवाद दिनुहोस्। |

## यह्वे

यह्वेको अर्थ अनन्त अर्थात् स्वयम् प्रकट हो। अरू मिश्रित नामहरू बनाउनको निम्ति यो अरू शब्दहरूसँग जोडिएको छ। यी सबै नै परमेश्वरको व्यक्तिगत प्रकाशमा आधारित छन् र परमेश्वर को हुनुहुन्छ र मानिसहरूको निम्ति के गर्नुहुन्छ भनी बताउँछन्। येशू खीष्ट जो जीवित वचन हुनुहुन्छ उहाँले नै परमेश्वरलाई हामीकहाँ प्रकट गराउनुहुन्छ र परमेश्वरका यी नामहरूको पनि प्रकट गराउनुहुन्छ।

१. **यह्वे-जाइरे –** परमप्रभुले जुटाउनुहुन्छ

**उत्पत्ति २२:८** - अब्राहामले भने, 'छोरा, परमेश्वरले नै होमबलिको निम्ति थुमा जुटाइदिनुहुनेछ'।



**१ पत्रुस १:१९,२०** तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो खीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्टयाइएका छौ। उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा उहाँ प्रकट हुनुभयो। येशू खीष्ट परमेश्वरले जुटाउनुभएको थुमा हुनुहुन्छ, जसले हाम्रा पाप र दोष बोकेर हाम्रो सट्टामा मर्नुभयो।

२. **यह्वे-रोफेका –** उहाँ निको पार्ने परमप्रभु हुनुहुन्छः

**प्रस्थान १५:२६** 'किनकि तिमीहरूलाई निको पार्ने म परमप्रभु हुँ ।'




**मत्ती ८:१६** उहाँकहाँ भूत लागेका धेरै जनालाई ल्याए । र उहाँले वचनद्वारा नै भूतहरूलाई निकाल्नुभयो, र जति बिरामी थिए, सबैलाई निको पार्नुभयो ।

महान् डाक्टर येशू ख्रीष्टले शरीर, मन, हृदय र भाँचिएका आत्माहरूलाई निको पार्नुहुन्छ ।

३. **यह्वे-शलोम –** हाम्रो शान्ति परमप्रभु हुनुहुन्छ

**न्यायकर्ता ६:२४** गिदोनले परमप्रभुको निम्ति एउटा वेदी बनाए, र त्यसको नाउँ यह्वे-शलोम राखे ।

**यूहन्ना १४:२३,२७** येशूले तिनलाई जवाफ दिई भन्नुभयो, "म शान्ति तिमीहरूसँग छोडिराख्छु, म आफ्नो शान्ति तिमीहरूलाई दिन्छु" ।



येशू ख्रीष्टले हामीलाई भित्रीय शान्ति दिनुहुन्छ, जुन परिस्थितिमा आधारित हुँदैन । यो परमेश्वरसँगको शान्ति, हामी आफैसँगको शान्ति र अरूहरूसँगको शान्ति हो ।

४. **यह्वे-रोही –** परमप्रभु मेरो गोठालो हुनुहुन्छ

**भजन संग्रह २३:१** 'परमप्रभु मेरो गोठालो हुनुहुन्छ मलाई केहीको खाँचो हुँदैन ।'

**यूहन्ना १०:७,११** यसकारण येशूले फेरि तिनीहरूलाई भन्नुभयो, "म असल गोठालो हुँ । असल गोठालाले आफ्ना भेडाहरूका निम्ति आफ्नो प्राण अर्पण गर्छ ।"



येशू ख्रीष्ट जो असल गोठालो हुनुहुन्छ हामीलाई उद्धार गर्नको निम्ति मर्नुभयो र उहाँलाई पछ्याउनेहरूलाई हेरचाह गर्नको निम्ति उहाँ अहिले जिउनुहुन्छ ।

५. **यह्वे-सीडकेनू –** परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ

**यर्मिया २३:६** 'परमप्रभु मेरो धार्मिकता हुनुहुन्छ' भन्ने नाउँले तिनी कहलाइनेछन् ।

**२ कोरिन्थी ५:२१** हामी उहाँमा परमेश्‍वरको धार्मिकता बन्न सकौं भनेर पाप नचिन्नुहुनेलाई परमेश्‍वरले हाम्रा खातिर पाप बनाउनुभयो ।



शुद्ध हृदय र जीवन हुनको निम्ति खालि एउटा मात्र उपाय छ । येशू ख्रीष्टसँग संयुक्त भएर मात्र हामीले परमेशवरसँग साँचो प्रकारको जीवन र सम्बन्ध राख्न सक्छौं । येशू ख्रीष्ट हाम्रो धार्मिकता हुनुहुन्छ ।

६. **यह्वे-शम्मह –** परमप्रभु उपस्थित हुनुहुन्छ


**इजकिएल ४८:३५** परमप्रभु यहाँ हुनुहुन्छ ।

**मत्ती १:२३** "उहाँको नाउँ इम्मानुएल राखिनेछ, जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग" ।"



येशू ख्रीष्टले हामीहरूसित सधैँ हुने प्रतिज्ञा गर्नुभएको छ । उहाँ हामीलाई सहायता गर्नको निम्ति सधैँ नजीक हुनुहुन्छ ।

७. **यह्वे-निस्सी –** परमप्रभु हाम्रो झण्डा



**प्रस्थान १७:१५** 'अनि मोशाले त्यहाँ एउटा वेदी बनाएर त्यसको नाउँ यह्वे-निस्सी राखे ।'

**यूहन्ना १६:३३** "संसारमा तिमीहरूलाई सङ्कष्ट हुनेछ, तर साहस गर, मैले संसारलाई जितेको छु ।"

यस शीर्षकले बताउँछ कि येशू ख्रीष्ट हाम्रा अगुवा, विजय र बल हुनुहुन्छ । हाम्रो दैनिक जीवनको युद्धमा हामी उहाँसँग बलवान् र विजयी हुन सक्छौँ ।

यी नामहरूले तपाईंलाई के अर्थ दिन्छन् ? तिनीहरूले यिनै अर्थ दिन्छन् कि यदि तपाईंसँग मुक्तिदाता येशू ख्रीष्ट हुनुहुन्छ भने परमप्रभुले तपाईंको निम्ति जुटाउनु हुनेछ । परमप्रभुले तपाईंलाई निको पार्नुहुनेछ । परमप्रभु तपाईंको शान्ति हुनुहुनेछ । परमप्रभु तपाईंको धार्मिकता, तपाईंसँग उपस्थित र तपाईंको विजय हुनुहुनेछ । यदि तपाईंले आफ्ना

पापहरूको स्वीकार गरेर तपाईको जीवनमा उहाँलाई ग्रहण गर्नुभयो र आफूलाई उहाँको हातमा समर्पण गर्नुभयो भने, येशू ख्रीष्ट नै तपाईंको निम्ति यी सबै कुरा हुनुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

१३. यी नामहरूका अर्थ दिनुहोस्:

**क.** यह्वे-जाइरे ..................................................

**ख.** यह्वे-रोफेका ..................................................

**ग.** यह्वे-शलोम ..................................................

**घ.** यह्वे-रोही ..................................................

**ङ.** यह्वे-सीडकेनू ..................................................

**च.** यह्वे-शम्मह ..................................................

**छ.** यह्वे-निस्सी ..................................................

१४. विचार गर्नुहोस्: आफ्नो व्यक्तिगत अनुभवको आधारमा यी प्रत्येक शीर्षकहरूको अध्ययन गर्नुहोस्। के येशू ख्रीष्ट तपाईंलाई जुटाउने, निको पार्ने परमेश्वरको रूपमा प्रकट हुनुभएको छ ? तपाईंले व्यक्तिगत रूपमा पाउनुभएको परमेश्वरको प्रकाशको प्रत्येक अनुभवलाई जाँच्नुहोस्। तपाईंले अहिले अनुभव गर्न चाहनुहुने प्रत्येक वाक्यको अगाडि ठीक (✓) चिन्ह लगाउनुहोस्। यस विषयमा प्रार्थना गर्नुहोस् र तपाईंको निम्ति येशू ख्रीष्टमा परमेश्वर आफै प्रकट हुनुभएको लागि उहाँलाई धन्यवाद दिनुहोस्।

१५. आफ्ना उत्तरहरू जाँच गर्नुहोस् र पाठ ५ को विद्यार्थी-प्रतिवेदनमा भर्नुहोस्।

## पाठ ५ - उत्तरहरू


यस पाठमा २२ वटा विषयहरूको सूचना दिइनुपर्छ। यदि तपाईंले २० वटा देखि २२ वटासम्म ठीक गर्नुभयो भने "उत्तम" श्रेणी लेख्नुहोस्, १६ वटा देखि १९ वटा सम्म ठीक छन् भने "राम्रो" लेख्नुहोस्, ११ वटा देखि १५ वटा सम्म ठीक छन् भने "असल" लेख्नुहोस्। यदि तपाईंले ११ वटाभन्दा पनि कम मिलाउनुभयो भने पाठलाई फेरि दोहोऱ्याएर अध्ययन गर्नुहोस्।

१. ग) वचन।
२. क) उहाँका पुत्रद्वारा।
३. ख) थाहा पाइएकोमा सबैभन्दा उच्च।
४. ग) क्रूसको मृत्युमा।
५. क) रीस, ख) रीस, ग) विलाप, दया, घ) विलाप, दया,
    ङ) विलाप, दया
८. ङ) माथिका सबै।
९. क) निको पार्नु, ख) क्षमा दिनु, ग) बदलि गर्नु, घ) पूरा गर्नु।
११. घ) माथिका सबै
१३. क) यह्वे-जाइरे – परमप्रभुले जुटाउनुहुनेछ
    ख) यह्वे-रोफेका – निको पार्ने परमप्रभु हुनुहुन्छ
    ग) यह्वे-शलोम – हाम्रो शान्ति परमप्रभु हुनुहुन्छ
    घ) यह्वे-रोही – परमप्रभु मेरो गोठालो हुनुहुन्छ
    ङ) यह्वे-सीडकेनू – परमप्रभु हाम्रो धार्मिकता हुनुहुन्छ
    च) यह्वे-शम्मह – परमप्रभु उपस्थित हुनुहुन्छ
    छ) यह्वे-निस्सी – परमप्रभु हाम्रो झण्डा

ठीक भएका उत्तरहरूका संख्या ..... श्रेणी ..... अब पाठ पाँचको विद्यार्थी-प्रतिवेदनमा भर्नुहोस्।

पाठ ६

# येशू ख्रीष्ट संसारको ज्योति हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

संसारको निम्ति ज्योति
- संसारको अन्धकार
- परमेश्वरको ज्योति

ज्योतिको स्वभाव
- ज्योतिले अन्धकारलाई धपाउँछ
- ज्योति प्रकट हुन्छ
- ज्योति बलवान् हुन्छ
- ज्योति अपक्षपाती हुन्छ

ज्योतिप्रति प्रतिक्रिया
- तिरस्कार
- स्वीकार

# संसारको निम्ति ज्योति

## संसारको अन्धकार

अँध्यारोमा हिँडेर देख्नको निम्ति तपाईंले कहिले बत्तीको चाहना गर्नुभएको छ ? अँध्यारोमा हिँड्दा, यताउति र अगाडिपट्टि भएको खतराको विषयमा तपाईंले थाहा पाउनुभएन होला । तपाईं ठीक दिशातिर गइरहनुभएको छ भन्ने कुरा पनि तपाईंलाई थाहा नभएको हुन सक्छ । अँध्यारो ठाउँमा सजिलैसँग हराउन सकिन्छ ।

हुनसक्छ तपाईंले जानी नजानीकन कुनै रात खतराको डरमा बिताउनुभएको छ । जब तपाईं अर्को दिन चम्किलो बिहान उठ्नुहुन्छ, तब सबै कुरा फरक भएको अनुभव तपाईंलाई लाग्छ । बाइबलले किन अन्धकारलाई दुष्ट, भूल, अनिश्चयता, समस्या र मृत्युको चिन्हको रूपमा प्रयोग गर्छ, सो तपाईंले सजिलैसँग बुझ्न सक्नुहुन्छ । जीवन, आनन्द, सत्यता र सबै असल कुराहरूको चिन्ह ज्योति हो ।

ज्योतिको अनुपस्थितिमा अँध्यारो हुन्छ । आदम र हव्वालाई पापले परमेश्वरबाट अलग पारेपछि संसार आत्मिक अन्धकारमा डुबेको थियो । किन ? किनकि परमेश्वर ज्योतिको मुहान हुनुहुन्छ । उहाँबिना हामी अँध्यारोमा यताउति भौंतारिन्छौं र हामी कहाँ गइरहेका छौं भन्ने कुरा थाहा नभएकोले हराउँछौं । बाइबलले यस अवस्थाको विषयमा वर्णन गर्छः

> **यशैया ५९:२,९,१०** तिमीहरूका अधर्मले तिमीहरूका परमेश्वरबाट तिमीहरूलाई अलग गरेका छन्, र तिमीहरूका पापले गर्दा उहाँले आफ्नो मुख तिमीहरूबाट लेकाउनुभएको छ । यसैकारण इन्साफ हामीहरूदेखि टाढा भएको छ । धर्मले हामीलाई भेट्टाउन सक्दैन । हामीहरू उज्यालोको बाटो हेर्छौं, तर हेर, अँध्यारो छ ! प्रकाशको बाटो हेर्छौं तर घोर अँध्यारोमा हिँड्दछौं !

अन्धा मानिसझैँ हामी भित्ता छाम्दछौँ ! आँखा नभएकाहरूले झैँ छाम्दछौँ !

**एफिसी ४:१८** तिनीहरूका हृदयको कठोरताले ल्याएको तिनीहरूका अज्ञानताको कारणले तिनीहरू परमेश्वरको जीवनदेखि बिराना भएका छन् ।

**१ यूहन्ना २:११** तर जसले आफ्नो भाइलाई घृणा गर्छ, त्यो अन्धकारमा हुन्छ, र अँध्यारोमा हिँड्छ, र त्यो कहाँ गइरहेछ, सो थाहा पाउँदैन ।

## तपाईंको अभ्यासको निम्ति

१. अँध्यारो के हो ?

____ **क.** यसैमा भएको शक्ति

____ **ख.** ज्योतिको अनुपस्थिति

____ **ग.** आँखाको नजरको असफलता

२. केले संसारमा आत्मिक अँध्यारो ल्याएको छ ?

____ **क.** भाग्य

____ **ख.** आत्मिक ज्योतिको सृष्टि नभएकोले ।

____ **ग.** पाप, जसले मानिसलाई परमेश्वरबाट छुट्याएको छ ।

३. तल दिइएका शीर्षक मुनि यी शब्दहरू मिलाएर राख्नुहोस् ? जीवन, मृत्यु, आनन्द, भलाइ, दुष्टता, प्रेम, घृणा, भूल, सत्यता ।

| अँध्यारो | ज्योति |
|---|---|
| .............................. | .............................. |
| .............................. | .............................. |

## परमेश्‍वरको ज्योति

परमेश्‍वर ज्योति र सबै ज्योतिहरूका मुहान हुनुहुन्छ । मानिसहरूले परमेश्‍वरको ज्योतिको विशेष प्रकाश नपाउन्जेल तिनीहरू आत्मिक अन्धकारमा नै रहन्छन् । त्यसकारणले नै येशू ख्रीष्ट संसारको ज्योति बन्नुभएको हो । येशू ख्रीष्ट हामीहरूलाई परमेश्‍वरको ज्योति दिन र हाम्रो निम्ति परमेश्‍वरको इच्छा र प्रेम प्रकट गर्न आउनुभएको हो ।

**१ यूहन्ना १:५** परमेश्‍वर जयोति हुनुहुन्छ, र उहाँमा कत्ति पनि अँध्यारो छैन ।

**यूहन्ना १:४** उहाँमा जीवन थियो, र त्यो जीवन मानिसहरूको ज्योति थियो ।

येशू ख्रीष्टले आफ्नै विषयमा भन्नुभएका शब्दहरूलाई सुन्नुहोस्:



**यूहन्ना ८:१२** "म संसारको ज्योति हुँ, मलाई पछ्याउने अन्धकारमा हिँडडुल गर्नेछैन, तर त्यसले जीवनको ज्योति पाउनेछ ।"

**यूहन्ना ९:५** "म संसारमा रहुञ्जेल म संसारको ज्योति हुँ ।"

येशू ख्रीष्टले आफैलाई संसारको ज्योति हुँ भनेको सुन्दा मानिसहरूले आश्‍चर्य मानेनन् । भविष्यवक्ता यशैयाले धेरै पहिले भविष्यवाणी गरेका थिए कि येशू ख्रीष्ट परमेश्‍वरको ज्योति बनेर यस संसारमा आउनुहुन्छ । पुरानो नियमको यो भविष्यवाणी लिएर मत्तीले येशू ख्रष्टिमा यो पूरा भएको छ भनी देखाएका छन्:

**मत्ती ४:१६** अन्धकारमा बस्ने मानिसहरूले एउटा ठूलो ज्योति देखेका छन् । मृत्युका छायाको देशमा बस्नेहरूमाथि एउटा ज्योति उदाएको छ ।

## तपाईंको अभ्यासको निम्ति

४. परमेश्वर ज्योति हुनुहुन्छ भनेर बाइबलको कुन पदले बताउँछ ?

.........................................................................

यो पदलाई कण्ठ गर्नुहोस् ।

५. 'म संसारको ज्योति हुँ' भनेर कसले भन्यो ?

.........................................................................

६. यूहन्ना ८:१२ कण्ठ गर्नुहोस् । हामीले येशू ख्रीष्टलाई पछ्याउनाले के पाउँछौ भनेर उहाँले भन्नुभएको छ ?

.........................................................................

## ज्योतिको स्वभाव

### ज्योतिले अन्धकारलाई धपाउँछ

येशू ख्रीष्ट ज्योति हुनुभएको हुनाले अन्धकारलाई धपाउनुहुन्छ । हृदयमा भएको उहाँको उपस्थितिले पाप, दोष र डर धपाउँछ । उहाँको प्रेमले घृणालाई धपाउँछ । उहाँको ज्योतिले मानिसको आत्मामा आशा, निश्चयता, सान्त्वना र बल ल्याउँछ ।

**भजन २७:१** परमप्रभु मेरो ज्योति र मलाई मुक्ति दिने हुनुहुन्छ, मैले कसको डर मान्नु ? परमप्रभु नै मेरो जीवनको किल्ला हुनुहुन्छ, मैले कसको भय मान्नु ?



अन्धकारभन्दा ज्योति बलियो हुन्छ। 'संसारको सबै अँध्यारोले एउटा मैन बत्तीको ज्योतिलाई पनि विजय गर्न सक्तैन।' यदि तपाईंको जीवनमा येशू ख्रीष्ट हुनुहुन्छ भने तपाईंको वरिपरि भएको दुष्टताको शक्ति र जीवनको अँध्यारो अनुभवले उहाँको ज्योतिलाई तपाईंबाट अलग गर्न सक्तैन। धेरै महिनादेखि ओछ्यानमा परेर यताउति गर्न नसक्ने, एक ख्रीष्टियान स्त्री आनन्दित थिइन्। कसैले उनलाई आएर सोध्यो कि, त्यस्तो बिरामी अवस्थामा तिनी कसरी खुशी हुन सकिन् किनकि धेरै दिनदेखि तिनी बाहिर घाममा पनि जान सकेकी थिइनन्। तिनले जवाफ दिइन्, 'मेरो कोठा अँध्यारो छ तर मेरो हृदयमा सूर्य हुनुहुन्छ।' येशू ख्रीष्ट तिनको आत्मिक ज्योतिको भित्री मुहान हुनुहुन्थ्यो, र उहाँले नै तिनको निराशपना हटाइदिनुभएको थियो। उहाँले तिनको हृदय ज्योतिद्वारा भर्नुभएको थियो।

**यूहन्ना १:५** त्यो ज्योति अन्धकारमा चम्कन्छ, र अन्धकार त्यसमाथि विजयी भएको छैन।

**मीका ७:८** 'जब म अँध्यारोमा हुन्छु, तब परमप्रभु मेरो ज्योति हुनुहुनेछ।'

## तपाईंको अभ्यासको निम्ति

७. के ले मानिसहरूको हृदयबाट डर, दोष, पाप, घृणा र क्रोध हटाउन (धपाउन) सक्छ ?


____ **क.** सकारात्मक विचार।

____ **ख.** ठीक व्यवहारको निम्ति बनाइएका नियमहरू।

____ **ग.** उसको जीवनमा येशू ख्रीष्टको उपस्थिति ।

८. विचार गर्नुहोस्: के तपाईंको जीवनबाट यी कुनै अन्धकारका कुराहरू हटाउन, तपाईंलाई येशू ख्रीष्टको आवश्यकता छ ? दु:खमा वा समस्यामा तपाईंको हृदयभित्र चम्कने ज्योति के तपाईंसँग छ ?

## ज्योतिले प्रकट गर्छ



ज्योतिले हामीलाई वस्तुहरूजस्ता छन् त्यस्तै देख्न सम्भव तुल्याउँछ । हामीले आत्मिक सत्यता थाहा पाउने एकमात्र बाटो परमेश्वरबाट आएको आत्मिक ज्योति हो । हामीहरू यो ज्योति परमेश्वरको लिखित वचन बाइबल र परमेश्वरको जीवित वचन येशू ख्रीष्टमा पाउँछौं । येशू ख्रीष्ट जीवन प्रकट गर्ने र व्याख्या गर्ने व्यक्ति हुनुहुन्छ । उहाँले हामीलाई परमेश्वरको वचन बुझ्न सहायता गर्नुहुन्छ र हाम्रो निम्ति परमेश्वरको बाटो देखाउनुहुन्छ । येशू ख्रीष्ट आफै नै बाटो हुनुहुन्छ ।

**यूहन्ना १४:६** येशूले तिनलाई भन्नुभयो, "बाटो, सत्य र जीवन म नै हुँ । मद्वारा बाहेक कोही पनि पिताकहाँ आउन सक्दैन ।"

हामी जस्तो छौं त्यस्तै रूपमा हेर्नलाई येशू ख्रीष्टले हामीलाई सहायता गर्नुहुन्छ । परमेश्वरले हाम्रो निम्ति बनाउनुभएको स्तरमा हामी कति घटी छौं भन्ने कुरा उहाँको सिद्ध जीवन र शिक्षामा हामी देख्छौं । हामीहरू हाम्रा पापहरू, घमण्ड, स्वार्थीपना, र लुकेका उद्देश्यहरू देख्छौं । हामीलाई चाहिने क्षमाको आवश्यकता र उहाँले हामीलाई दिने नयाँ जीवनको बारेमा येशू ख्रीष्टले बताउनुहुन्छ ।

परमेश्‍वर कस्तो हुनुहुन्छ र कसरी हाम्रा खाँचाहरू पूरा गर्नुहुन्छ सो येशू ख्रीष्टले हामीलाई देखाउनुहुन्छ। हामी येशू ख्रीष्टमा हाम्रो निम्ति परमेश्‍वरको प्रेम, हामीसँग उहाँको सहनशीलता, र हाम्रो जीवनमा परमेश्‍वर कसरी पाउनुपर्छ र सदाको निम्ति उहाँको ज्योतिमा कसरी आनन्द मनाउनुपर्छ, सो कुरा उहाँले हामीलाई देखाउनुहुन्छ।

**२ कोरिन्थी ४:६** जुन परमेश्‍वरले "अँध्यारोबाट ज्योति चम्कोस्" भन्‍नुभयो, उहाँ हाम्रा हृदयमा चम्कनुभएको छ, ताकि परमेश्‍वरका महिमाको ज्ञानको ज्योति ख्रीष्टको मुहारमा चम्कोस्।

**हिब्रू १:३** उहाँ नै परमेश्‍वरका महिमाको प्रतिबिम्ब र परमेश्‍वरकै स्वभावको वास्तविक प्रतिरूप हुनुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

९. परमेश्‍वर, हामीहरू र जीवनको सत्यताको विषयमा थाहा गराउने दुई ठाउँहरू लेख्नुहोस्:

क. ..................................................

ख. ..................................................

१०. २ कोरिन्थी ४ अध्यायको ६ पद कण्ठ गर्नुहोस्।

११. २ कोरिन्थी ४:६ अनुसार परमेश्‍वरको महिमा कहाँ चम्किन्छ ?

.................................................................

१२. परमेश्‍वरको महिमाको ज्ञानको प्रकाश हामीमा ल्याउन, परमेश्‍वरले आफ्नो ज्योति कहाँ चम्काउनुहुन्छ ?


.................................................................

१३. हिब्रू १:३ अनुसार येशू ख्रीष्ट कस्तो ज्योतिले चम्कनुहुन्छ ?


..............................................................

१४. विचार गर्नुहोस्: के तपाईं येशू ख्रीष्टको अनुहारमा परमेश्वरको महिमालाई देख्न चाहनुहुन्छ ?

## ज्योति बलवान् हुन्छ



ज्योति चम्किलो शक्ति हो । वैज्ञानिकहरू सूर्यबाट आएको ज्योतिको शक्तिको विषयमा धेरै धेरै सिक्दैछन् । सूर्यको ज्योतिको बल मानव जातिको प्रयोगको निम्ति शक्तिको विशिष्ट मुहान हो । मानिसले ज्योतिलाई तिनीहरूको घर तताउन र कलपुर्जाहरू चलाउनको निम्ति पनि प्रयोग गर्न सक्छन् । तर ती सबैमध्ये मुख्य चाहिँ जीवन र शरीरमा यसको असर हो । सूर्यको ज्योतिले रोगका किटाणुहरू मार्छ र हाम्रो शरीर र बलमा योगदान दिन्छ । धेरै बोटहरू छायाँमा उम्रन सक्तैनन् । सूर्यविनाको संसारको विषयमा विचार गर्नुहोस् । त्यहाँ कुनै ताप हुँदैन र जीवन पनि हुँदैन । ग्रह-पथको कुनै शक्तिले पनि यसलाई थाम्न सक्तैन । कालो बादलमा जमेर हराएको भकुण्डोजस्तो यो हुन्छ र नाशको बाटोतिर गइरहेको हुन्छ ।



जसरी सूर्य पृथ्वीको लागि आवश्यक छ त्यस्तै गरी धार्मिकताको सूर्य येशू ख्रीष्ट पनि हाम्रा लागि आवश्यक हुनुहुन्छ । उहाँलाई स्वीकार गर्नेहरूलाई उहाँले जीवन, न्यानोपन, शरीर, बल र शक्ति दिनुहुन्छ । उहाँको शक्तिले हामीलाई ठीक कक्षमा राख्छ ।

उहाँले हाम्रा शरीर र आत्मालाई निको पार्नुहुन्छ। येशू ख्रीष्टले दिनुहुने जीवनको ज्योति मृत्युभन्दा बलवान् छ। जसरी बीउबाट बिरूवाहरू उत्पन्न भएर सूर्यको ज्योति पाउनलाई बढ्छन् त्यस्तै गरी येशू ख्रीष्टलाई विश्वास गर्ने मानिसहरूले पनि उहाँ संसारमा फेरि आउनुहुँदा चिहानबाट उठी नयाँ शरीर लिई उहाँलाई भेट्न पुग्नेछन्।

**मलाकी ४:२** तर तिमीहरू मेरो नाउँको भय मान्नेहरूमाथि चाहिँ धर्मको सूर्यले आफ्नो पखेटामा निको पार्ने शक्ति लिएर उदय हुनेछ।

### तपाईंको अभ्यासको निम्ति

१५. मलाकी ४:२ मा येशू ख्रीष्टलाई कुन शीर्षक दिएर बोलाएको हामी पाउँछौं ? ..........................................................

१६. विचार गर्नुहोस्: सूर्यविनाको पृथ्वीजस्तै, येशू ख्रीष्टविनाको व्यक्ति कस्तो होला ? के यस्तो प्रकारको कुनै व्यक्तिको विषयमा तपाईंलाई थाहा छ ? यदि यसो हो भने, त्यस व्यक्तिले येशू ख्रीष्ट मुक्तिदातालाई चिनोस् भनी परमेश्वरसँग प्रार्थना गर्नुहोस्।

## ज्योति अपक्षपाती हुन्छ

ज्योति सबैको निम्ति र सबै ठाउँको लागि हो। जसरी सूर्यको ज्योति पहाडको टाकुरामा र मैदानमा, धनी र गरीबमा, बुद्धिमान मानिस र मुर्खमा चम्किन्छ त्यसैगरी येशू ख्रीष्टको ज्योति पनि सबै संसारमा असल र खराब दुवैमाथि चम्किन्छ। कुनै कुनै मानिसले विचार गरेका थिए कि मुक्तिदाता खालि तिनीहरूको राज्यको लागि

मात्र हुनुहुन्छ । तर परमेश्‍वरले यो स्पष्ट पार्नुभयो कि उहाँले मुक्तिको ज्योति सारा संसारकै निम्ति हो ।

**यूहन्ना १:९** हरेक मानिसलाई ज्ञान प्रदान गर्ने साँचो ज्योति संसारमा आउँदै हुनुहुन्थ्यो ।




**लूका १:७८-७९** "हाम्रा परमेश्‍वरका कोमल कृपाको कारणले, स्वर्गबाट बिहानको ज्योति हामीमाथि पर्नेछ, र अन्धकार र मृत्युको छायाँमा बस्नेहरूलाई ज्योति मिल्नेछ, र हाम्रा पाउ शान्तिको बाटोतिर डोऱ्याइनेछन् ।"

एक माग्ने अन्धो मानिस सडकको किनारमा बसेको थियो । उसले भीड आइरहेको आवाज सुन्यो । उसले थाहा पायो कि येशू ख्रीष्ट भीडको बीचमा भएर गइरहनुभएको थियो । त्यस माग्ने अन्धाले येशू ख्रीष्टको चंगाई गर्ने शक्तिको विषयमा सुनेको थियो । उसले चर्को स्वरमा यसो भनेर करायो 'येशू ! दाऊदका पुत्र ! ममाथि दया देखाउनुहोस् !' मानिसहरूले उसलाई गाली गरे र चूप लाग्ने आज्ञा दिए ! माग्नेलाई सहायता गर्ने समय येशू ख्रीष्टसँग छ भनेर तिनीहरूले विचार गरेनन् । तर उहाँलाई पुकार्नेहरूलाई सहायता गर्ने समय येशू ख्रीष्टसँग जहिले पनि छ । त्यस माग्ने अन्धाले लगातार रूपमा येशू ख्रीष्टलाई पुकारिरह्यो । येशू ख्रीष्ट अडिएर त्यस माग्नेलाई आफूकहाँ ल्याउन लगाउनुभयो र उसलाई निको पारिदिनुभयो ।



**लूका १८:४३** "अनि तुरुन्तै त्यो देख्ने भयो, र परमेश्वरको प्रशंसा गर्दै त्यो उहाँको पछि लाग्यो ।"

अन्धाले येशू ख्रीष्टलाई भेटेपछि उसको जीवनमा नयाँ अर्थ र नयाँ उद्देश्य प्राप्त भयो । उसको अँध्यारो संसार दिनमा परिवर्तन भयो । ऊ कस्तो प्रकारको व्यक्ति थियो, कहाँ बसेको थियो, कसरी अँध्यारोमा यताउति भौँतारिएको थियो, ती सबैको मतलब अब केही पनि भएन । अब त्यो व्यक्ति उज्यालोमा हिँड्न थाल्यो, ऊ अब अन्धो माग्ने थिएन, तर संसारको ज्योति ख्रीष्टलाई पछ्याउने भएको थियो ।

## तपाईंको अभ्यासको निम्ति

१७. यूहन्ना ८:१२ अनुसार येशू ख्रिष्टि के हुनलाई आउनुभयो ?

____ **क.** उहाँको आफ्नो राज्यको निम्ति मात्र ज्योति हुनलाई ।

____ **ख.** धार्मिकताको सूर्य हुनलाई ।

____ **ग.** संसारको ज्योति हुनलाई ।

१८. लूका १:७८-७९ लाई फेरि पढ्नुहोस् र खाली ठाउँमा तपाईंको आफ्नो नाम लेख्नुहोस्: परमेश्वरले ........ माथि मुक्तिको ज्योति प्रकट गर्नुभएको छ। ताकि ...... जो अन्धकार वा मृत्युको छायामा बस्छन्, तिनीहरूलाई पनि स्वर्गीय ज्योति प्रकट होस्।

१९. विचार गर्नुहोस्: येशू ख्रीष्टलाई पुकार्नाले र उहाँलाई भेट्नाले त्यस माग्ने अन्धाको जीवन कसरी परिवर्तन भयो ? यदि तपाईंले उहाँसँग प्रार्थना गर्नुभयो भने कसरी उहाँले तपाईंको जीवन परिवर्तन गर्नुहुनेछ ? के तपाईंका वरिपरि येशू ख्रीष्टको आवश्यक भएका मानिसहरू छन् ? के तपाईं तिनीहरूलाई येशू ख्रीष्टकहाँ पुऱ्याउनुहुन्छ वा तिनीहरूको वास्तै गर्नुहुन्न ?

## ज्योतिप्रति प्रतिक्रिया

### तिरस्कार

कोही कोही मानिसले येशू ख्रीष्टलाई मन पराउँदैनन् र उहाँको ज्योति स्वीकार्नलाई इन्कार गर्छन्। तिनीहरू आफूले इच्छा गरेको जीवन जिउन चाहन्छन्, आफ्नै इच्छा गर्छन् र येशू ख्रीष्टले भनेअनुसारको जीवन जिउँदैनन्। येशू ख्रीष्ट यस संसारमा छँदा कोही कोही व्यक्तिले उहाँलाई घृणा गरे किनकि तिनीहरू कस्ता पापी हुन् भन्ने कुरा येशू ख्रीष्टले आफ्नो शिक्षाद्वारा तिनीहरूलाई थाहा गराउनुभयो कि उहाँले सबैको निम्ति मुक्ति ल्याउनुभएको छ। ज-जसले उहाँलाई स्वीकार गर्छन्, तिनीहरूले उद्धार पाउनेछन्। तर ज-जसले उहाँको ज्योतिको इन्कार गर्नेछन् तिनीहरूले आफैलाई अन्धकारमै जिउन र त्यहीँ मर्न रोजेर आफूमाथि दण्डको आज्ञा ल्याउँछन्।

**यूहन्ना ३:१९,२०** फैसलाचाहिँ यही हो: ज्योति संसारमा आएको छ, र मानिसहरूले ज्योतिभन्दा बरू अन्धकारलाई रूचाए, किनकि तिनीहरूका काम दुष्ट थिए। किनभने दुष्ट काम गर्ने हरेकले ज्योतिलाई घृणा गर्छ, र ज्योतिमा आउँदैन, नत्रता त्यसका काम प्रकट हुनेछन्।

## तपाईंको अभ्यासको निम्ति

२०. विचार गर्नुहोस्: येशू ख्रीष्टलाई इन्कार गर्ने व्यक्तिहरूलाई के तपाईं चिन्नुहुन्छ ? किन तिनीहरूले इन्कार गरेका होलान् ? तिनीहरूले येशू ख्रीष्टको विषयमा अझै सुन्ने मौका पाए भने, तिनीहरूको मन परिवर्तन हुन्छ होला भनी के तपाईं विचार गर्नुहुन्छ : येशू ख्रीष्टलाई स्वीकार वा इन्कार के गरेको हो त्यसको निर्णय दिन हिचकिचाउने व्यक्तिको विषयमा के होला ? के यो तिरस्कार हो ? यो कति खतारापूर्ण छ ? येशू ख्रीष्टमा परमेश्वरले दिनुभएको मुक्तिको स्वीकार नगर्ने व्यक्तिहरूको विषयमा परमेश्वरले कस्तो विचार गर्नुहुन्छ जस्तो तपाईंलाई लाग्छ ?

### स्वीकार

येशू ख्रीष्टले प्रतिज्ञा गर्नुभयो 'जसले मलाई पछ्याउँछ उसले जीवनको ज्योति पाउनेछ।' यो आत्मिक सम्पत्ति र लगातार रूपमा हुने अनुभव हो। येशू ख्रीष्ट ज्योति हुनुहुन्छ। उहाँलाई पाउनु जीवनको ज्योति र ज्योतिले ल्याउने सबै कुराहर पाउनु हो। संसारको ज्योतिलाई पाउनु ज्ञान, शक्ति वा कुनै धर्मको सदस्य हुनुभन्दा उच्च हो। येशू ख्रीष्ट र उहाँको शिक्षाको बारेमा थाहा पाउनुभन्दा यो बढ्ता हो। यो ता येशू ख्रीष्टलाई नै, ज्योति, शक्ति र प्रकाशको रूपमा तपाईंको जीवनमा प्राप्त गर्नु हो।



येशू ख्रीष्टले भन्नुभयो, "जसले मलाई पछ्याउँछ ।' परमेश्वरको ज्योति हामीसँग हुनलाई हामीले येशू ख्रीष्टलाई पछ्याएर उहाँको ज्योतिमा हिँड्नुपर्छ । परमेश्वरले आफ्नो प्रकाश र सत्यता ती मानिसहरूलाई प्रकट गराउनुहुन्छ, जसले उहाँको सत्यता स्वीकार गरेर उहँलाई पछ्याउन चाहन्छन् । उहाँले प्रत्येक दिन हामीलाई अगुवाइ गर्नुहुन्छ ।

**१ यूहन्ना १:७** तर उहाँ ज्योतिमा हुनुभएझैं यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एउटा अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ ।

**हितोपदेश ४:१८** धर्मीको चाल बिहानको उज्यालो जस्तो हो, त्यो मध्यदिन नहोउञ्जेल झन्झन् चहकिलो हुँदै जान्छ ।

के तपाईं जीवनको ज्योति पाएर येशू ख्रीष्टलाई पछ्याउन चाहनुहुन्छ ? अहिले नै उहाँलाई तपाईंको जीवनको प्रत्येक क्षेत्रमा आउनुहोस् भनी निमन्त्रणा गर्नुहोस् । उहाँको चम्किलो उपस्थितिले सबै अँध्यारो धपाउन दिनुहोस् । ज्योतिलाई पछ्याउनुहोस् र तपाईंका वरिपरि भएका अरूहरूलाई पनि यस ज्योतिको विषयमा बताउनुहोस् । तपाईंको जीवनलाई उहाँको हातमा सुम्पिदिनुहोस् र यसलाई उहाँले आफ्नो ज्योतिद्वारा भर्नुहुन्छ ।

**प्रार्थनाः** प्रभु येशू ख्रीष्ट मेरो हृदयमा आउनुहोस् । मेरा पाप र डरको अन्धकार मबाट हटाउनुहोस् । तपाईं जस्तो चाहनुहुन्छ त्यस्तै व्यक्ति मलाई बनाउनुहोस् । तपाईंको ज्योतिले मलाई चम्काउनुहोस् । प्रत्येक दिन तपाईंलाई पछ्याउनको निम्ति मलाई सहायता गर्नुहोस् । तपाईंको ज्योतिको लागि म धन्यवाद दिन्छु ।



## तपाईंको अभ्यासको निम्ति

२१. १ यूहन्ना १:७ कण्ठ गर्नुहोस् । यदि हामीहरू ज्योतिमा रह्यौं भने, येशू ख्रीष्टको रगतले हाम्रो निम्ति के गर्छ ?

..........................................................................................

..........................................................................................

२२. यदि तपाईंले येशू ख्रीष्टलाई स्वीकार गर्नुभएको छैन भने, के अहिले स्वीकार गर्न चाहनुहुन्छ ? तपाईंले यहाँ दिइएको प्रार्थना प्रयोग गर्न सक्नुहुन्छ । यदि तपाईंले उहाँलाई स्वीकार गर्नुभएको छ भने, उहाँको ज्योतिको निम्ति उहाँलाई धन्यवाद दिनुहोस् । यस ज्योतिमा हिँड्न र अरूहरूलाई यस ज्योतिको विषयमा बताउन, सहायता गर्नुहोस् भनी परमेश्वरसँग माग्नुहोस् ।

२३. आफ्ना उत्तरहरूको जाँच गरी, विद्यार्थी प्रतिवेदन पाठ ६ मा यी उत्तरहरू भर्नुहोस् ।

## पाठ ६ - उत्तरहरू


यस पाठका प्रश्नहरूमा तपाईंले २४ वटा विषयका सूचनाहरू दिनुपर्नेछ। यदि तपाईंले २२ वटा देखि २४ वटा सम्म ठीक मिलाउनुभयो भने "उत्तम श्रेणी" लेख्नुहोस्, यदि १८ वटा देखि २१ वटा सम्म ठीक मिलाउनुभयो भने "राम्रो" लेख्नुहोस्, यदि १३ वटा देखि १७ वटा सम्म ठीक मिलाउनुभयो भने "असल" लेख्नुहोस्। यदि १३ वटाभन्दा पनि घटी मिलाउनुभयो भने यस पाठलाई फेरि दोहोऱ्याएर अध्ययन गर्नुहोस्।

१. ख) ज्योतिको अनुपस्थिति।
२. ग) पाप, जसले मानिसलाई परमेश्वरबाट छुट्याएको छ।
३. अँध्यारोः मृत्यु, दुष्टता, घृणा, भूल।
४. १ यूहन्ना १:५
५. येशू ख्रीष्ट
६. जीवनको ज्योति
७. ग) उसको जीवनमा येशू ख्रीष्टको उपस्थिति।
९. क) बाइबलमा ख) येशू ख्रीष्टमा।
११. येशू ख्रीष्टको अनुहारमा।
१२. हाम्रा हृदयमा।
१३. परमेश्वरको महिमाको चमकले।
१५. धार्मिकताको सूर्य।
१७. ग) संसारको ज्योति।
१८. हामी, सबैजना।
२१. हाम्रा सबै पापबाट हामीलाई शुद्ध पार्नुहुन्छ।

ठीक भएका उत्तरहरूका संख्या ............ श्रेणी ......... अब पाठ ६ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस्।

पाठ ७

# येशू ख्रीष्ट निको पार्ने र बप्तिस्मा-दिने हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

येशू ख्रीष्ट दीव्य डाक्टर हुनुहुन्छ
- उहाँले शरीर र आत्मालाई निको पार्नुहुन्छ
- उहाँको काम अझ लगातार रूपमा चलेको छ

येशू ख्रीष्टले पवित्र आत्माको बप्तिस्मा दिनुहुन्छ
- प्रतिज्ञा
- परिपूर्ति

# येशू ख्रीष्ट दिव्य डाक्टर हुनुहुन्छ

सुसमाचारका पन्नाहरूमा हामी येशू ख्रीष्टलाई एक महान् डाक्टरको रूपमा देख्छौं। उहाँले शरीर र आत्मा दुवैलाई चंगाई (निको) गर्नुभयो। जब हामी येशू ख्रीष्टका मानिसहरूसँग कुराकानी गर्छौं तब थाहा पाउँछौं कि उहाँले आज पनि निको पार्ने काम गरिरहनुभएको छ।

## उहाँले शरीर र आत्मालाई निको पार्नुहुन्छ

डाक्टर के हो ? उसले के गर्छ ? यी प्रश्नहरूको उत्तरले हामीलाई येशू ख्रीष्ट हाम्रा दीव्य डाक्टरको विषयमा साँचो मूल्याङ्कन गर्न सहायता पुऱ्याउँछ।

एक असल डाक्टर

१. रोगीहरूलाई सहायता गर्न र निको पार्न चाहन्छन्।
२. रोगीहरूलाई औषधी उपचार गर्न योग्य र तयार हुन्छन्।
३. आफूकहाँ आउने रोगीलाई एक एक गरी राम्रो सँग जाँच गर्छन्।
४. उसको रोगीको समस्या के हो जाँचेर पत्ता लगाउन चाहन्छन्।
५. उसको रोगीलाई ठीक प्रकारको उपचार गर्नुपर्छ भनी सल्लाह दिन्छन्।
६. रोगीको सल्लाह लिएर आवश्यक औषधी उपचार गर्छन्।

के यी ६ वटा बयान येशू ख्रीष्टको बारेमा सत्य देखिन्छन् ? हो, यिनीहरू सत्य देखिन्छन्। यिनीहरूमध्ये प्रत्येक सत्य छन् ! उहाँले देखाउनुभयो कि, जो आत्मा र शरीरमा बिरामी थिए, उहाँले तिनीहरूको हेरचाह गर्नुभयो। हाम्रा सृष्टिकर्ता हुनुभएकोले खिचेर हेरिरहनु आवश्यक छैन। उहाँले हामीलाई चिन्नुहुन्छ र हाम्रा आवश्यकताहरू बुझ्नुहुन्छ। उहाँले हामीलाई बनाउनुभयो र हाम्रो जुन भाग राम्रोसँग चलेको छैन त्यसलाई उहाँले सजिलैसँग मर्मत गर्न सक्नुहुन्छ।

मुक्तिदाताको सेवकाइमा रोगबाट निको पार्ने र पापबाट उद्धार गर्ने काम मुख्य भाग थिए। वास्तवमा बाइबलमा प्रयोग भएको 'मुक्ति वा उद्धार' शब्द शरीरको निम्ति असल स्वास्थ्य र आत्माको निम्ति छुटकारा र रक्षाको रूपमा प्रयोग गरिएको छ।

**मत्ती ४:२३,२४** अनि येशू तिनीहरूका सभाघरहरूमा सिकाउँदै, राज्यको सुसमाचार प्रचार गर्दै, र मानिसहरूमा भएका हरेक किसिमका रोग र शारीरिक दुर्बलता निको पार्दै सारा गालीलभरि घुम्नुभयो। उहाँको कीर्ति सिरियाभरि फिँजियो, र बिरामीहरू, अर्थात् विभिन्न प्रकारका रोग र पीडाले सताइएका, भूत लागेका, र छारेरोग लागेका, र पक्षाघात भएकाहरू सबैलाई मानिसहरूले उहाँकहाँ ल्याए। उहाँले तिनीहरूलाई निको पार्नुभयो।



**मत्ती ८:१७** यशैया अगमवक्ताले बोलेको अगमवाणी पूरा हुनलाई यो भएको थियो, "उहाँ आफैले हाम्रा रोगहरू र दुर्बलताहरू उठाइलानुभयो।"

निको हुनको निम्ति जतिजना येशू ख्रीष्टमा आए तिनीहरू सबैलाई येशू ख्रीष्टले निको पार्नुभयो। उहाँले अन्धा, रोगी, कुँजो, आत्मामा डराउनेहरू, शंखालु, र घृणा गर्ने सबैलाई निको पार्नुभयो। हाम्रा दीव्य डाक्टर येशू ख्रीष्ट पूर्ण मानिसको शरीर, मन, भावना र आत्मालाई स्वस्थ बनाउनुहुन्छ। हामीले हाम्रो जीवन यसको पूर्णतामा उपभोग गरेको उहाँ चाहनुहुन्छ।

**यूहन्ना १०:१०** म त तिनीहरूले जीवन पाऊन्, र त्यो प्रशस्त मात्रामा पाऊन् भन्ने हेतुले आएँ।

### तपाईंको अभ्यासको निम्ति

१. बाइबलमा प्रयोग भएको मुक्ति वा उद्धार शब्दले के के अर्थ दिन्छ? ..........................................................................

..........................................................................

२. यूहन्ना १०:१० अनुसार येशू ख्रीष्टले हामीलाई कस्तो प्रकारको जीवन दिन चाहनुहुन्छ? ..................................................

..........................................................................

३. मत्ती ८:१७ अनुसार येशूले मानिसहरूलाई निको पारेर ख्रीष्टको विषयमा भएको कुन भविष्यवाणी पूरा गर्नुभयो?

..........................................................................

..........................................................................

### उहाँको काम अझ लगातार रूपमा चलेको छ

येशू ख्रीष्ट अझ पनि महान् डाक्टर हुनुहुन्छ। उहाँले आफ्ना चेलाहरूलाई उहाँको नाउँमा रोगीहरू निको पार्नको लागि पठाउनुभयो। येशू ख्रीष्ट यस संसारमा हुँदा मानिस भएर जे काम गर्नुभयो, अहिले

पनि हाम्रा प्रार्थनाको उत्तरको लागि पवित्र आत्माद्वारा त्यही काम गर्नुहुन्छ। येशू ख्रीष्ट अहिले पनि उस्तै हुनुहुन्छ। हजारौँले तपाईँलाई भन्न सक्छन् कि प्रार्थनाको कारणले परमेश्वरले तिनीहरूलाई कसरी निको पार्नु भएको छ।

**मर्कूस १६:१७,१८,२०** विश्वास गर्नेहरूसँग यी चिन्हहरू हुनेछन्– मेरो नाउँमा तिनीहरूले भूतहरू धपाउनेछन्, तिनीहरूले नयाँ भाषाहरूमा बोल्नेछन्, तिनीहरूले सर्पहरू समात्नेछन् र रोगीहरूमाथि आफ्ना हात राख्नेछन् र तिनीहरू निको हुनेछन्। अनि ती चेलाहरूले गएर सबै ठाउँमा प्रचार गरे। प्रभुले तिनीहरूका साथमा काम गर्दै रहनुभयो, र चिन्हहरूद्वारा वचनलाई सुदृढ पार्नुभयो।

**हिब्रू १३:८** येशू ख्रीष्ट हिजो, आज र सदासर्वदा एकसमान हुनुहुन्छ।

**याकूब ५:१४,१५** के तिमीहरूमध्ये कोही बिरामी छ? त्यसले (एकलेसिया) मण्डलीका एल्डरहरूलाई बोलाओस्। तिनीहरूले प्रभुको नाउँमा त्यसलाई तेलले अभिषेक गरेर त्यसको निम्ति प्रार्थना गरून्, र विश्वासको प्रार्थनाले बिरामीलाई बचाउनेछ, र प्रभुले त्यसलाई निको पार्नुहुनेछ, र यदि त्यसले पाप गरेको छ भने त्यसलाई क्षमा हुनेछ।


## तपाईंको अभ्यासको निम्ति

४. विचार गर्नुहोस्: हिब्रू १३:८ ले तपाईँलाई के अर्थ दिन्छ? के तपाईंलाई येशू ख्रीष्टबाटको चंगाई आवश्यक छ?

# येशू ख्रीष्टले पवित्र आत्माको बप्तिस्मा दिनुहुन्छ

**प्रतिज्ञा**

हामीहरू पुरानो नियममा परमेश्वरका मानिसका अगुवाहरूको बारेमा पढ्छौँ। तिनीहरू भविष्यवक्ता, पूजाहारी र शासकहरू थिए, जो पवित्र आत्माले भरिएका थिए। तिनीहरूलाई परमेश्वरको कामको निम्ति छुट्याउन तेलले अभिषेक गरिन्थ्यो। तिनीहरूमाथि खन्याइएको तेल एक चिन्ह मात्र थियो। परमेश्वरका आत्मा आफूमाथि खन्याउन भनी तिनीहरू उहाँमा भरोसा राख्थे। पवित्र आत्माको शक्तिद्वारा नै तिनीहरू परमेश्वरले इच्छा गरेको काम गर्न चाहन्थे।



एक दिन परमेश्वरले अगमवक्ता योएललाई एक अचम्मको प्रतिज्ञा दिनुभयो। समय आएपछि परमेश्वरले आफ्नो आत्मा मानिसहरूका अगुवाहरूलाई मात्र नखन्याएर सबै मानिसहरूमाथि खन्याउनुहुनेछ।

> **योएल २:२८,२९** त्यसपछि म मेरो आत्मा सबैमाथि खन्याउनेछु, र तिमीहरूका छोरा-छोरीहरूले भविष्यवाणी बोल्नेछन्, तिमीहरूका बूढा मानिसहरू स्वप्नदर्शी हुनेछन्, र तिमीहरूका दास र तिमीहरूका दासीहरूमाथि पनि म आफ्नो आत्मा खन्याउनेछु।

यसको सयौँ वर्ष पछि परमेश्वरले बताउनुभयो कि येशू ख्रीष्टले मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुनेछ। ख्रीष्टको निम्ति बाटो तयार गर्न र मानिसहरूको बीचमा ख्रीष्टको परिचय गराउनको निम्ति परमेश्वरले बप्तिस्मा- दिने यूहन्नालाई उहाँको विशेष दूत बनाएर पठाउनुभएको थियो। बप्तिस्मा-दिने यूहन्नाले प्रचार गरेको सुन्न धेरै ठूलो भीड भेला हुन्थ्यो। मानिसहरू तिनीहरूका पापबाट फर्किएका छन् र परमेश्वरका भएका छन् भनी देखाउनलाई यूहन्नाले मानिसहरूलाई पानीमा बप्तिस्मा दिन्थे। बप्तिस्मा दिने यूहन्नाले तिनीहरूलाई यसो भनेका छन्:



**मत्ती ३:११** "मचाहिँ त तिमी-हरूलाई पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा शक्तिशाली हुनुहुन्छ, उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ।"



बप्तिस्मा-दिने यूहन्नाले येशू ख्रीष्टलाई मानिसहरूको अगाडि प्रकट गराएको केही समयमा नै, येशू ख्रीष्ट र उहाँको सेवकाइको विषयमा शीर्षक दिएर उनले यसरी व्याख्या गर्छन्:

१. परमेश्‍वरका थुमा
२. मभन्दा पनि महान् व्यक्ति
३. एकमात्र व्यक्ति जसले पवित्र आत्माको बप्तिस्मा दिनुहुन्छ
४. परमेश्‍वरका पुत्र

**यूहन्ना १:२९,३०,३२-३४** भोलिपल्ट उनले येशूलाई आफूतिर आइरहनुभएको देखेर भने, “हेर, संसारको पाप उठाइलैजाने परमेश्‍वरका थुमा !” तिनी उहाँ नै हुनुहुन्छ, जसको विषयमा मैले भनेको थिएँ, ‘मपछि एक जना मानिस आउनुहुन्छ, जो मभन्दा उच्च हुनुहुन्छ, किनभने उहाँ मभन्दा अघिबाटै हुनुहुन्थ्यो ।’ योआनेसले यसो भन्दै गवाही दिए, “मैले पवित्र आत्मालाई ढुकुरको रूपमा स्वर्गबाट ओर्लेर आई उहाँमाथि बस्नुभएको देखें । मैले उहाँलाई चिनेको थिइनँ, तर जसले मलाई पानीले बप्तिस्मा दिनू भनी पठाउनुभयो, उहाँले नै मलाई भन्नुभयो, ‘जसमाथि तिमी पवित्र आत्मालाई ओर्लंदै र बस्दै गर्नुभएको देख्छौ, पवित्र आत्माले बप्तिस्मा दिनुहुने उहाँ नै हुनुहुन्छ ।’ मैले देखेको छु, र गवाही दिएको छु, कि परमेशवरका पुत्र उहाँ नै हुनुहुन्छ ।”



तीन वर्ष आधाको येशू ख्रीष्टको सेवकाइको समयमा येशू ख्रीष्टका चेलाहरूले उनीहरूलाई येशू ख्रीष्टले कहिले पवित्र आत्माले भरिदिनुहुन्छ होला भनी अचम्म मानेका थिए होलान् । येशू ख्रीष्टले यस अनुभवलाई ‘पिताको प्रतिज्ञा’ भनी भन्नुभयो । तर येशू ख्रीष्टले तिनीहरूलाई पवित्र

आत्माको बप्तिस्मा दिन अगाडि परमेश्वरको थुमा बनेर आफ्नो सेवकाइ पूरा गर्नुपर्ने थियो । उहाँ मानिसहरूका निम्ति मर्नु, बौरी उठ्नु र फेरि स्वर्ग जानुपर्ने थियो । त्यसपछि मात्र उहाँले तिनीहरूको निम्ति पवित्र आत्मा पठाउन सक्नुहुन्थ्यो । येशू ख्रीष्ट क्रूसमा मर्नुभएको अगिल्लो रात उहाँले आफ्ना चेलाहरूलाई पवित्र आत्मा को हुनुहुन्छ र उहाँले के गर्नुहुन्छ भनी धेरै कुराहरू बताउनुभयो ।

> **यूहन्ना १४:१६,२६; १५:२६; १६:७, १३** "म पितासँग बिन्ती गर्नेछु, र उहाँले तिमीहरूलाई अर्को सल्लाहकार दिनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ, र उहाँ तिमीहरूसँग सदासर्वदा रहनुहुनेछ । तर सल्लाहकार, अर्थात् पवित्र आत्मा, जसलाई पिताले मेरो नाउँमा पठाउनुहुनेछ, उहाँले तिमीहरूलाई सबै कुरा सिकाउनुहुनेछ, र मैले तिमीहरूलाई भनेका सबै कुरा तिमीहरूलाई याद दिलाउनुहुनेछ । जब सल्लाहकार आउनुहुन्छ, जसलाई म पिताको तर्फबाट तिमीहरूकहाँ पठाइदिनेछु, अर्थात् सत्यका आत्मा, जो पिताबाट आउनुहुन्छ, उहाँले नै मेरो विषयमा गवाही दिनुहुनेछ । तापनि म तिमीहरूलाई सत्य कुरा भन्दछु, म जानमा नै तिमीहरूको हित छ । किनभने म गइनँ भने, सल्लाहकार तिमीहरूकहाँ आउनुहुनेछैन । तर गएँ भने म उहाँलाई तिमीहरूकहाँ पठाइदिनेछु । जब उहाँ, अर्थात् सत्यका आत्मा आउनुहुनेछ, तब उहाँले तिमीहरूलाई सबै सत्यतामा डोऱ्याउनुहुनेछ ।"

येशू ख्रीष्टको पुनरूत्थान भएपछि उहाँ स्वर्ग जान अगाडि, उहाँले आफ्ना चेलाहरूलाई यसो भन्नुभयो:

१) सर्वप्रथम, उहाँको गवाही हुनको निम्ति पवित्र आत्मा उहाँको शक्ति पाउन आवश्यक छ ।

२) त्यसपछि सबै ठाउँमा गएर सबैलाई येशू ख्रीष्ट र उहाँको मुक्तिको बारेमा सुनाओ ।

**प्रेरित १:४,५,८** “पिताले गर्नुभएको प्रतिज्ञाको प्रतीक्षा गर। यसबारे तिमीहरूले मबाट सुनिसकेका छौ। किनभने योआनेसले त पानीले बप्तिस्मा दिए, तर अबका थोरै दिनमा पवित्र आत्मामा तिमीहरूको बप्तिस्मा हुनेछ। तर पवित्र आत्मा तिमीहरूमा आउनुभएपछि तिमीहरूले शक्ति पाउनेछौ, र तिमीहरू यरूशलेममा, सारा यहूदियामा, सामरियामा र पृथ्वीको अन्तिम छेउसम्म मेरा साक्षी हुनेछौ।”

## तपाईंको अभ्यासको निम्ति

५. परमेश्वरले आफ्नो आत्मा कसरी खन्याउनुहुन्छ भनेर पुरानो नियमका भविष्यवक्ताहरूले बताएका थिए ?

...........................................................................................

६. समाजमा येशू ख्रीष्टको परिचय गराउँदा, बप्तिस्मा-दिने यूहन्नाले के चार कुराहरू बताएका थिए ?

क. ..................................................................

ख. ..................................................................

ग. ..................................................................

घ. ..................................................................

७. तल दिइएका बयानहरूमध्ये कुनचाहिँलाई येशू ख्रीष्टले पिताको प्रतिज्ञा हो भन्नुभएको छ ?

____ **क.** संसारमा पवित्र आत्माको आगमन।

____ **ख.** पवित्र आत्माको बप्तिस्मा।

____ **ग.** पापीहरूमा पवित्र आत्माको काम।


८. येशू ख्रीष्टले प्रतिज्ञा गर्नुभयो कि पवित्र आत्माले उहाँका चेलाहरूलाई ..... हुने शक्ति दिनुहुनेछ ।

९. विचार गर्नुहोस्: तपाईं येशू ख्रीष्टका चेलाहरूमध्ये एउटा हुनुहुन्छ भनी कल्पना गर्नुहोस् । येशू ख्रीष्टले पवित्र आत्माको विषयमा भन्नुभएका शब्दहरूलाई फेरि पढ्नुहोस् । कुनचाहिँ प्रतिज्ञाले विशेष गरी तपाईंलाई आकर्षण गर्छ ? येशू ख्रीष्टले यसोभन्दा तपाईंलाई आकर्षण गर्छ ? येशू ख्रीष्टले यसो भन्दा तपाईंलाई कस्तो लाग्छ ? जब उहाँले भन्नुभयो, 'अबको थोरै दिनमा तिमीहरू पवित्र आत्माले बप्तिस्मा हुन्छौ ।'

## परिपूर्ति

येशू ख्रीष्ट स्वर्ग जानुभन्दा केही समय मात्र अगाडि उहाँले आफ्ना चेलाहरूलाई भन्नुभयो कि, केही दिनपछि तिनीहरू पवित्र आत्माको बप्तिस्माले भरिपूर हुनेछन् । तिनीहरू फर्केर यरूशलेममा गएर त्यहाँ पर्खीरहे । दश दिनपछि वा पेन्तिकोसको दिनमा यो घटना घट्यो । येशू ख्रीष्टले त्यहाँ जम्मा भएका १२० जना विश्वासीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुभयो । उहाँले प्रतिज्ञा गर्नुभएको शक्ति तिनीहरूले पाए, जुन शक्तिद्वारा तिनीहरू गवाही हुन सक्थे ।

> **प्रेरित २:१-७,११** "जब पेन्तिकोसको दिन आयो, तिनीहरू सबै एकै ठाउँमा भेला भएका थिए । अनि स्वर्गबाट अचानक ठूलो बतासको झोँकाजस्तै एउटा आवाज आयो, र तिनीहरू बसेको पूरा घरै भरिदियो । आगोका जिब्राहरूजस्ता तिनीहरूकहाँ देखा परे, र भाग-भाग भएर तिनीहरू हरेकमाथि बसे । अनि तिनीहरू सबै जना पवित्र आत्माले भरिए, र पवित्र आत्माले तिनीहरूलाई दिनुभएको उच्चारणबमोजिम तिनीहरू अन्य भाषाहरूमा बोल्न लागे । स्वर्गमुनि भएको हरेक देशबाट ईश्वरभक्त यहूदीहरू



त्यस बेला यरूशलेममा बसेका थिए । तब यो आवाज सुनेर भीड जम्मा भयो । तिनीहरू आश्चर्यचकित भए, किनकि हरेकले आ-आफ्नो भाषामा तिनीहरू बोलिरहेका सुन्यो । तिनीहरू सबै आश्चर्यचकित भए, र अचम्म मानेर भन्न लागे, के यी बोल्नेहरू सबै गालीलीहरू होइनन् र ? क्रेटका वासिन्दाहरू र अरबीहरू पनि छौं, अनि हामी आ-आफ्ना भाषामा परमेश्वरका महान् कार्यहरूको चर्चा तिनीहरूले गरिरहेका सुन्दैछौं ।"

पत्रुसले पवित्र आत्मामा भरिपूर भएर मानिसहरूलाई परमेश्वरको सन्देश दिए । तिनीहरूले योएलको भविष्यवाणीलाई परमेश्वरले पूरा गर्नुभएको देखिरहेका थिए । तिनीहरूले ख्रीष्टलाई इन्कार गरेर उहाँलाई क्रूसमा टाँगेका थिए । तर परमेश्वरले उहाँलाई मुर्दाबाट बिउँताउनुभयो । स्वर्ग गएर येशू ख्रीष्टले आफ्ना चेलाहरूको निम्ति पवित्र आत्मा पठाउनुभएको हो । यसले प्रमाणित गर्छ कि येशू नै ख्रीष्ट वा मसीह हुनुहुन्छ ।

> **प्ररित २:३२,३३,३६** “यिनै येशूलाई परमेश्वरले जीवित पार्नुभयो। यस कुराका हामी सबै साक्षी छौं। यसैकारण परमेश्वरको दाहिने बाहुलीपट्टि उहँ उच्च पारिनुभयो, र पिताबाट पवित्र आत्माको प्रतिज्ञा पाउनुभयो, र उहाँले यो खन्याइदिनुभएको हो, जे तपाईंहरू देख्नु र सुन्नुहुन्छ। त्यसैकारण इस्राएलको सारा परिवारले यो पक्का गरी जानोस्, कि येशू, जसलाई तपाईंहरूले क्रूसमा टाँग्नुभयो, परमेश्वरले उहाँलाई प्रभु र ख्रीष्ट बनाउनुभयो।”

येशू ख्रीष्टले मानिसहरूलाई पवित्र आत्माले बप्तिस्मा दिनुहुन्छ भनी बप्तिस्मा-दिने यूहन्नाले भनेको कुरा के तिनीहरूले सम्झे होलान् भन्ने विचार तपाईं गर्नुहुन्छ ? यूहन्नाले दिएको सन्देश साँचो थियो। येशू ख्रीष्ट, परमेश्वरका थुमा, पवित्र आत्माको बप्तिस्मा-दिने, परमेश्वरका पुत्र र मसीह वा ख्रीष्ट हुनुहुन्थ्यो। तिनीहरूले येशू ख्रीष्टमा विश्वास नगरेर कस्तो डरलाग्दो काम गरेका थिए ! तिनीहरूको अविश्वासले येशू ख्रीष्टलाई क्रूसमा पठाएको थियो। के परमेश्वरले तिनीहरूलाई क्षमा दिन सक्नुहुन्छ ?

> **प्रेरित २:३७-३९,४१** यो कुरा सुनेर तिनीहरूको हृदय छियाछिया भयो, अनि पत्रुस र अरू प्रेरितहरूलाई तिनीहरूले भने, “ए भाइ हो, हामीले के गर्ने ?” पत्रुसले तिनीहरूलाई भने, “पश्चाताप गर, र तिमीहरूका पाप क्षमाको निमित येशू ख्रीष्टको नाउँमा तिमीहरू प्रत्येकले बप्तिस्मा लेऊ, र तिमीहरूले पवित्र आत्माको वरदान पाउनेछौ। किनकि प्रतिज्ञा तिमीहरूका निम्ति, तिमीहरूका सन्तानको निम्ति र टाढा-टाढामा रहेका सबैका निम्ति हो, प्रत्येक जसलाई प्रभु हाम्रा परमेश्वरले बोलाउनुहुन्छ।” तब ज-जसले उनको कुरा ग्रहण गरे तिनीहरूले पानीको बप्तिस्मा लिए, र त्यसै दिन प्रायः तीन हजार मानिसहरू तिनीहरूको संख्यामा थपिए।

यस मुख्य घटनापछि प्रेरितको पुस्तकले यसरी बताएको छ कि पवित्र आत्मामा भरपूर भएका विश्वासीहरू जहाँ गएपनि येशू ख्रीष्टको गवाही बनेर गएका थिए।

के येशू ख्रीष्टले अझै पनि पवित्र आत्माले बप्तिस्मा दिनुहुन्छ ? हो उहाँले दिनुहुन्छ ! योएल भविष्यवक्ताको भविष्यवाणी इतिहासको अरू कुनै समयमा भन्दा अहिले प्रशस्त रूपमा पूरा भइरहेको छ संसार वरिपरिका लाखौँ विश्वासीहरूले पवित्र आत्माको भरिपूरीको बप्तिस्मा पाएर पेन्तिकोसको अनुभव गरिरहेका छन् येशू ख्रीष्टले धेरै मण्डलीहरूमा नयाँ जीवन र शक्ति ल्याइरहनुभएको छ। हामी यसलाई क्यारिसम्याटिक जागृति भन्छौँ। क्यारिस्माको अर्थ हो 'वरदान'। पवित्र आत्मा वरदानको रूपमा आउनुहुन्छ र आत्मिक शक्तिको लागि आफूसँग अरू धेरै वरदानहरू पनि ल्याउनुहुन्छ।

येशू ख्रीष्ट तपाईंका मुक्तिदाता, चंगाईकर्ता र पवित्र आत्माको बप्तिस्माकर्ता हुन चाहनुहुन्छ। आफ्ना खाँचोहरू उहाँकोमा लिएर जानुहोस्। आफूलाई पूर्ण रूपमा उहाँकहाँ दिनुहोस्। उहाँले अहिले नै तपाईंलाई भेट्नुहुनेछ।

## तपाईंको अभ्यासको निम्ति

१०. पेन्तिकोसको दिनमा कति जनाले पवित्र आत्माको बप्तिस्मा पाएका थिए ? ........................................................................

११. पवित्र आत्माले भरिपूर भएपछि विश्वासीहरूले के गरे ?

........................................................................

____ **क.** तिनीहरूले सुसमाचार प्रचार सभा गरे।

____ **ख.** तिनीहरूले जान्दै नजानेको भाषामा परमेश्वरको प्रशंसा गरे।

____ **ग.** तिनीहरूले सिकेको भाषामा विदेशीहरूलाई गवाही दिए।

१२. पेन्तिकोसको दिनमा विश्वासीहरूले कस्तो प्रकारको शक्ति पाए ?
____ **क.** राजनैतिक शक्ति ।
____ **ख.** मण्डलीसम्बन्धी शक्ति ।
____ **ग.** गवाहीको निम्ति आत्मिक शक्ति ।

१३. योएलको भविष्यवाणीको परिपूर्ति सबैभन्दा बढी कुन समयमा भएको हामी पाउँछौं ?
____ **क.** पेन्तिकोसको दिनमा ।
____ **ख.** बीसौं शताब्दीको शुरूमा ।
____ **ग.** यस क्यारिसम्याटिक जागृतिमा ।

१४. विचार गर्नुहोसः के तपाईं सबै ख्रीष्टियानहरू पवित्र आत्माले भरिएको र येशू ख्रीष्टको निम्ति गवाही भएको देख्न चाहनुहुन्छ ? यस विषयमा प्रार्थना गर्नुहोस् ।

१५. आफ्ना उत्तरहरू जाँच्नुहोस् र पाठ ७ को निम्ति विद्यार्थी प्रतिवेदनमा भर्नुहोस् ।

## पाठ ७ - उत्तरहरू


यस पाठका प्रश्नहरूमा तपाईंले १४ वटा विषयका सूचनाहरू दिनुपर्नेछ । यदि तपाईंले १३ वटा देखि १४ वटा ठीक मिलाउनुभयो भने "उत्तम श्रेणी" लेख्नुहोस्, यदि १० वटा देखि १२ वटा ठीक मिलाउनुभयो भने "राम्रो" लेख्नुहोस्, यदि ७ वटा देखि ९ वटा ठीक मिलाउनुभयो भने "असल" लेख्नुहोस् यदि तपाईंले ७ वटाभन्दा पनि घटि मिलाउनुभयो भने यस पाठलाई फेरि दोहोऱ्याएर पढ्नुहोस् ।

१. शरीरको निम्ति असल स्वास्थ्य र आत्माको निम्ति छुटकारा र रक्षा ।
२. प्रशस्तताको जीवन ।
३. उहाँ आफैले हाम्रा बिरामीपना उठाउनुभयो र हाम्रा रोगहरू हटाइदिनुभयो ।
५. योएल ।
६. क) परमेश्वरका थुमा ।
ख) मभन्दा पनि महान् व्यक्ति ।
ग) एकमात्र व्यक्ति जसले पवित्र आत्माको बप्तिस्मा दिनुहुन्छ ।
घ) परमेश्वरका पुत्र ।
७. ख) पवित्र आत्माको बप्तिस्मा ।
८. उहाँको निम्ति गवाही ।
१०. १२० ।
११. ख) तिनीहरूले जान्दै नजानेको भाषामा परमेश्वरको स्तुति (प्रशंसा) गरे ।
१२. ग) गवाहीको निम्ति आत्मिक शक्ति ।
१३. ग) यस कयारिसम्याटिक जागृतिमा ।

ठीक भएका उत्तरहरूका संख्या ..... श्रेणी ..... अब पाठ ७ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस् ।

पाठ ८

# येशू ख्रीष्ट मुक्तिदाता हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

संसारका मुक्तिदाता
- येशू ख्रीष्टको नाम
- मुक्तिको स्वभाव

परमेश्वरका थुमा
- थुमाको बलिदान
- थुमाप्रतिको व्यवहार

## संसारका मुक्तिदाता

"मानिसको पुत्र हराएकाहरूलाई खोज्न र उद्धार गर्न आएको हो।" ख्रीष्टियान धर्मको अर्थ पनि यही हो। हराएका मानिसहरूलाई उद्धार गर्ने परमेश्वरको योजनालाई येशू ख्रीष्टले संसारमा आएर पूरा गर्नुभयो। मानिस आफूले आफैलाई बचाउन सक्तैन भन्ने वास्तविकतालाई ख्रीष्टियान धर्मले स्वीकार गर्छ।

ख्रीष्टियान विश्वासको सन्देश मानिसको मुक्ति हो। यसैकारण यो धर्म अरू धर्महरूभन्दा फरक छ। अरू धर्महरूले जीवनका महान् आदर्शहरूको व्याख्या गर्ने कोशिश गरेका छन्। तिनीहरू यो जोड दिन्छन् कि मानिस एक असफल प्राणी हो र ऊ असफल नै रहनेछ। यी मानिसहरूले बताउँछन् कि मानिस किन कष्ट भोग्छ, उसले कस्तो प्रकारको जीवन जिउनुपर्छ, र यदि उसले पाप गर्‍यो भने उसलाई पापमाथि विजयी भएर जिउन सक्ने शक्ति दिन सक्तैनन्। तर येशू ख्रीष्टचाहिँ मानिसको जीवनको प्रत्येक मार्गमा आउनुहुन्छ र उसको निम्ति मुक्तिको सन्देश ल्याउनुहुन्छ। तपाईं असफल हुनुभएको छ तर तपाईं सफल हुन सक्नुहुन्छ। तपाईंलाई पापको दोषले ढाकेको हुन सक्छ तर तपाईं शुद्ध हुन सक्नुहुन्छ। मुक्तिदाताको शक्तिबाट मात्र यो सम्भव छ - जो पापीहरूको निम्ति आउनुभयो, मर्नुभयो, मृत्यु, पाप, नरक र चिहानमाथि विजय प्राप्त गरी बौरी उठ्नुभयो।

सुसमाचारको शुभ सन्देशचाहिँ यो हो कि येशू ख्रीष्ट सबै मानव जातिको निम्ति मुक्तिदाता बनेर आउनुभएको छ। जब येशू ख्रीष्टको जन्म भयो तब एक स्वर्गदूतले गोठालाहरूलाई यसो भनेः

**लूकास २:१०,११** "नडराओ, किनभने हेर, म तिमीहरूलाई बडो आनन्दको सुसमाचार सुनाउँछु, जो सबै मानिसहरूका निम्ति हुनेछ। आज दाऊदको शहरमा तिमीहरूका निम्ति एउटा मुक्तिदाताको जन्म भएको छ, जो ख्रीष्ट प्रभु हुनुहुन्छ।

## येशू ख्रीष्टको नाम

येशू नामको अर्थ यहवेले बचाउनुहुन्छ वा मुक्तिदाता हो। परमेश्वर पिताले आफ्ना पुत्रको निम्ति यो नाम छान्नु भयो। परमेश्वरले आफ्नो दूतलाई योसेफ (येशूको पालन पोषण गर्ने पिता) कहाँ पठाएर, मरियमले पाउने (जन्माउने) बालकको नाम येशू राख्नु भनी अह्राए। येशू ख्रीष्ट किन संसारमा जन्मिनुभएको हो सो कुरा यस येशू नामले तिनीहरूलाई निरन्तर सम्झना गराउँथ्यो। उहाँ परमेश्वरको पुत्र हुनुभए पनि हाम्रा पापबाट हामीलाई उद्धार गर्न उहाँ यस पृथ्वीमा आउनुभयो। स्वर्गदूतले भने:



**मत्ती १:२१** "तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट उद्धार गर्नुहुनेछ।"

येशू ख्रीष्टको नाम बोल्दा र सुन्दा तपाईंले याद गर्नुहोस् कि, यसको सन्देश तपाईंको निम्ति असल समाचार हो। यहवे, जो अनन्त र स्वयम् प्रकट परमेश्वर हुनुहुन्छ, तपाईंलाई उद्धार गर्नको निम्ति यस संसारमा आउनुभयो। परमेश्वरले उद्धार गर्नुहुनेछ। हामीले येशूको नाममा परमेश्वर पितासँग प्रार्थना गर्दा यो प्रतिज्ञाको दावी गर्छौं। आराधना र प्रार्थनामा येशू ख्रीष्टको नाम लिनुहोस्। मुक्तिदाता येशू

ख्रीष्टको बारेमा भजन गाउनुहोस् । उहाँको बारेमा अरूहरूलाई बताउनुहोस् । उहाँ एक मात्र मुक्तिदाता हुनुहुन्छ, जसलाई परमेश्वर पिताले हाम्रो उद्धार गर्नको निम्ति पठाउनुभयो । पत्रुस र यूहन्नाले येशू ख्रीष्टको नामको शक्तिमा एक लंगडो मानिसलाई निको पारे । पत्रुसले यसरी बताउँछन्:

> **प्रेरित ३:१६; ४:१२** "उहाँको नाउँमाथि गरेको विश्वासले र उहाँकै नाउँले तपाईंहरूले देखेका र जानेका यस मानिसलाई बलियो तुल्यायो । येशूबाट पाएको विश्वासले यस मानिसलाई तपाईंहरू सबैका सामुन्ने पूरा निको पार्‍यो । अरू कसैमा मुक्ति छैन, किनकि हामीले उद्धार पाउनलाई स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन ।"

नता अरू कसैबाट मुक्ति छ, किनकि स्वर्गमुनि मानिसहरूमा अर्को कुनै नाउँ दिइएको छैन, जसबाट हामीले उद्धार पाउन सक्छौं ।

## तपाईंको अभ्यासको निम्ति

१. येशू नाउँको अर्थ के हो ? ....................................
...........................................................................

२. येशूको निम्ति यो नाम कसले चुनेको हो ?
____ **क.** योसेफ ।
____ **ख.** गब्रिएल स्वर्गदूत ।
____ **ग.** परमेश्वर पिता ।

३. मत्ती १:२१ कण्ठ गर्नुहोस् ।

४. प्रेरित ३:१६; ४:१२ मा पत्रुसले के को विषयमा बताएका छन् ?
____ **क.** येशूको नाममा विश्वासद्वारा पाइने चंगाई ।
____ **ख.** येशू ख्रीष्टमा मात्र मुक्ति ।
____ **ग.** येशू ख्रीष्टको नाममा पुनरूत्थान ।
____ **घ.** माथिका क र ख दुवै ।

५. विचार गर्नुहोस्: तपाईंलाई येशू नाउँको के अर्थ हुन्छ ? तपाईंले येशू ख्रीष्टको नाममा प्रार्थना गर्दा यस नामले तपाईंलाई के अर्थ दिन्छ ? उहाँ को हुनुहुन्छ भनी विचार र उहाँको सम्झना गर्दा घरीघरी उहाँको नामलाई आराधनामा दोहोऱ्याउनुहोस् ।

६. तपाईंले यस पाठको अरू भाग पढ्न अगाडि पाठ २ को भविष्यवर्णन सम्बन्धी धार्मिक विधि, बलिदान र मुक्तिदाताको खण्ड फेरि पढ्नुहोस् ।

## मुक्तिको स्वभाव

मुक्ति वा उद्धार शब्द बाइबलमा एक महान् र संयुक्त शब्द हो । उद्धार गर्नु भनेको खतराबाट छुटकारा गर्नु, बन्धन वा न्यायबाट स्वतन्त्र पार्नु, रक्षा गर्नु र निको पार्नु भन्ने बुझिन्छ । येशू ख्रीष्ट हाम्रा उद्धारकर्ता हुनुभएकोले हामीलाई शैतानको शक्तिबाट छुटकारा गर्नुहुन्छ, पापको बन्धनबाट स्वतन्त्र पार्नुहुन्छ, दण्डमा हाम्रो ठाउँ र दोष लिनुहुन्छ, हामीलाई रक्षाको ठाउँमा ल्याउनुहुन्छ र हामीलाई शरीर र आत्माको निम्ति असल स्वास्थ्य दिनुहुन्छ ।

परमेश्‍वरबाट अलग भएको, हराएको र खतरामा परेको हाम्रो जीवनलाई उद्धार गर्न येशू ख्रीष्ट आउनुभएको हो । पापले हामी सबैलाई परमेश्‍वरबाट अलग पारेको छ । हामीले हाम्रो बाटो हराएका



छौँ । हामीहरू उद्देश्यहीन र व्यर्थ जीवनको अन्धकारपूर्ण क्षेत्रमा यताउति भौँतारिएका थियौँ । परमेश्वरविनाको हाम्रो जीवनमा अनन्त मृत्युले हामीलाई छोपेको थियो । तर हामीलाई उद्धार गर्न र फेरि फर्काएर परमेश्वरमा ल्याउनको निम्ति येशू ख्रीष्ट आउनुभएको छ । उहाँले हामीलाई ठीक बाटोमा फर्काउनुहुनेछ, उहाँको उपस्थितिको ज्योति दिनुहुनेछ, र हाम्रो जीवनमा यसको उद्देश्य र अर्थ ल्याउनुहुनेछ । येशू ख्रीष्टले हाम्रा डरहरू हटाउनुहुन्छ, हामीलाई शान्ति र आनन्द दिनुहुन्छ, हामीलाई नाश पार्ने कुराहरूबाट टाढा राख्नुहुन्छ र हाम्रो अनन्त घरमा हामीलाई लैजानुहुन्छ । येशू ख्रीष्टले भन्नुभयो:

> **लूकास १९:१०** "किनभने मानिसको पुत्र हराएकालाई खोज्न र बचाउन आएको हो ।"

येशू ख्रीष्ट हामीलाई हाम्रा पापहरूको दोष र दण्डबाट उद्धार गर्नको निम्ति आउनुभएको हो । हामीले परमेश्वरका नियमहरू भङ्ग गरेका हुनाले उहाँबाट अनन्तसम्म अलग भएर रहनुपर्ने दण्ड पाएका छौँ । तर येशू ख्रीष्टले हाम्रा पापहरूको दण्ड बोक्नुभयो र हामीले क्षमा पाउन सकौँ भनी स्वेच्छासाथ हाम्रो ठाउँमा मर्नुभयो ।

> **रोमी ६:२३** किनकि पापको ज्याला मृत्यु हो, तर परमेश्वरको सित्तैँको वरदान ख्रीष्ट येशू हाम्रा प्रभुमा अनन्त जीवन हो ।

हामीलाई पाप र शैतानको शक्तिबाट उद्धार गर्न येशू ख्रीष्ट आउनुभयो। हाम्रो पापपूर्ण, विद्रोही र स्वार्थी स्वभावहरूबाट उहाँले हामीलाई स्वतन्त्र पार्नुहुन्छ, र परमेश्‍वरका सन्तानमा हुनुपर्ने नयाँ स्वभाव हामीलाई दिनुहुन्छ। परीक्षाको शक्तिलाई उहाँले तोड्नुहुन्छ र हाम्रो शरीरलाई नाश पार्ने इच्छा र बानीबाट हामीलाई स्वतन्त्र पार्नुहुन्छ शैतानबाट आउने हमलाको सुरक्षा हामी येशू ख्रीष्टमा पाउँछौं। हामीसँग अझै युद्धहरू छन्, तर येशू ख्रीष्टले हामीलाई विजय दिनुहुन्छ।

**रोमी ६:२२** अब तिमीहरू पापबाट मुक्त भई परमेश्‍वरका कमारा भएका छौ।

**२ कोरिन्थी ५:१७** यसकारण कोही ख्रीष्टमा छ भने त्यो नयाँ सृष्टि हो। पुरानो बितिगएको छ, हेर, नयाँ आएको छ।

पापको प्रभाव र यसको उपस्थितिबाट हामीलाई उद्धार गर्न येशू ख्रीष्ट आउनुभएको छ। हाम्रो शरीर र आत्माको निम्ति येशू ख्रीष्टले असल स्वास्थ्य ल्याउनुभएको छ। एक दिन उहँले हामीलाई रोग नलाग्ने र नमर्ने खालको नयाँ शरीर दिनुहुनेछ। पापबाट उद्धार गर्नुभएका मानिसहरूका निम्ति, उहाँले स्वर्गमा घर तयार गरिरहनुभएको छ। जब हामी मर्छौं अथवा, जब हाम्रो निम्ति येशू ख्रीष्ट संसारमा फर्किएर आउनुहुन्छ, उहाँले हामीलाई स्वर्गीय घरमा लैजानुहुनेछ र एक दिन येशू ख्रीष्टले यस संसारमाथि आफ्नो राज्य स्थापना गर्नुहुनेछ र यस पृथ्वीलाई सबै पापबाट शुद्ध पार्नुहुनेछ। प्राकृतिक वस्तुहरू पनि खतरा र नाशबाट स्वतन्त्र हुनेछन्। सबै थोक सिद्ध र पूर्ण हुनेछन्। यो कस्तो महान् उद्धार हो।

**प्रकाश २१:३,४** "हेर, परमेश्‍वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्‍वर आफै तिनीहरूका परमेश्‍वर भएर तिनीहरूसँग

रहनुहुन्छ । उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मत्यु नै हुनेछैन, र शोक र पीडा पनि हुनेछैन । किनकि पहिलेका कुराहरू बितिसकेका छन् ।"

## तपाईंको अभ्यासको निम्ति

७. रोमी ६:२३ र २ कोरिन्थी ५:१७ कण्ठ गर्नुहोस् ।

८. तपाईंले उद्धार पाउन चाहने कुराहरूको पछाडि चिन्ह (✓) लगाउनुहोस् ।

हराइएको जीवन .......
परमेश्वरबाट अलग ......
दोष .......
पापको निम्ति दण्ड .......
तपाईंको स्वभावमा पापको शक्ति .......
शैतानको शक्ति ........
पापको असर .......
पापको उपस्थिति .......

के तपाईंले यी कुराहरूमाथि येशू ख्रीष्टले दिनुभएको उद्धारलाई स्वीकार गर्नुभएको छ ? यदि स्वीकार गर्नुभएको छ भने, जुन जुन कुराहरूबाट उद्धार गर्नुभएको छ, ती खाली ठाउँमा "धन्यवाद येशू" भनी लेख्नुहोस् । यदि तपाईंले स्वीकार गर्नुभएको छैन भने, यस विषयमा उहाँसँग कुराकानी गर्नुहोस् ।

## परमेश्वरका थुमा


'परमेश्वरका थुमा' भन्ने शीर्षकले विशेष गरी येशू ख्रीष्ट संसारका मुक्तिदाताको काम गर्न आउनुभएको हो भन्ने बुझाउँछ।

### थुमाको बलिदान

जब येशू ख्रीष्टले आफ्नो सेवकाइ गर्न शुरू गर्नुभयो, तब बप्तिस्मा-दिने यूहन्नाले ठूलो भीडको अगाडि येशू ख्रष्टिको विषयमा यसरी परिचय दिए:

**यूहन्ना १:२९** "हेर, संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा !

ज-जसले यूहन्नाका शब्दहरू सुने, यूहन्नाले भनेका शब्दहरू एकै प्रकारमा मात्र व्याख्या गर्न सक्थे। थुमाहरूलाई पापको निम्ति बलिदानको रूपमा मारिन्थ्यो। पापीहरूले आफ्ना दोष परमेश्वरको अगाडि स्वीकार गर्थे र तिनीहरूका ठाउँमा त्यस थुमाको मृत्यु स्वीकार गर्नुहोस् भनी बिन्ती गर्थे। येशू ख्रीष्ट त्यो बलिदान हुनुहुन्छ जसलाई परमेश्वरले सबै पापीहरूका निम्ति मर्न पठाउनुभयो। उहाँ संसारको पाप उठाइलैजानुहुने परमेश्वरका थुमा हुनुहुन्छ।



परमेश्वरले कसरी ख्रीष्टलाई हाम्रो बलिदान बनाउनुहुन्छ, त्यस विषयमा महान् भविष्यवक्ता यशैयाले धेरै वर्ष पहिले लेखेका थिए। उहाँलाई झुटो दोष लगाइनेछ र कैदीजस्तै गरी मारिनेछ। उहाँले हाम्रा सबै पापको दोष लिनुहुनेछ। उहाँ हाम्रो ठाउँमा, हाम्रो सट्टामा र

हामीलाई पापबाट स्वतन्त्र पार्नको निम्ति मर्नुहुनेछ। पछि उहाँ फेरि जीवनमा फर्किएर आफ्नो बलिदानको नतिजा देख्नुहुनेछ र तृप्त हुनुहुनेछ।


भविष्यवक्ता यशैयाले भनेजस्तै यी सबै कुरा येशू ख्रीष्टलाई भयो।

> **यशैया ५३:३-१२** उसलाई तुच्छ ठानियो, मानिसहरूबाट इन्कार गरियो, ऊ दु:खी व्यक्ति थियो र रोगले ग्रस्त भएको थियो, हामीले उसको मुखको सामुन्ने हाम्रो मुख लुकायौँ, ऊ मानिसहरूबाट घृणित भयो तर हामीले उसलाई कुनै मोलको गनेनौँ।
>
> निश्चय उसले हाम्रै कष्टहरू सह्यो, र हाम्रा दु:ख भोग्यो। तापनि हामीले उसलाई परमेश्वरबाट हिर्काइएको, पिटिएको र दु:खमा परेको ठान्यौँ।
>
> तर ऊ त हाम्रा अपराधको निम्ति घायल भयो। उसले हाम्रा अधर्मको निम्ति चोट पायो। हाम्रै शान्तिको निम्ति दण्ड उसमाथि पर्‍यो, र उसले पाएको कोर्राको चोटले हामी निको भयौँ।
>
> हामी सबै भेडाझैँ बरालिएका छौँ। हामी हरेक आफ्नै बाटोतिर लागेका छौँ, अनि परमप्रभुले उसमाथि हाम्रा सबै अधर्म हालिदिनुभयो।
>
> ऊ थिचोमिचोमा पर्‍यो, र उसलाई कष्ट थियो, तापनि उसले आफूलाई नम्र तुल्याएर आफ्नो मुख खोलेन।
>
> उसलाई अत्याचार गरियो, र दोष लगाएर उसलाई लगियो। उसको पुस्तामध्येको कसले विचार गर्‍यो, कि ऊ जीवितहरूको देशबाट अलग गरियो र मेरो प्रजाको अपराधको निम्ति उसमाथि कुटाइ पर्‍यो?

> अनि तिनीहरूले उसको चिहान दुष्टहरूसित बनाए, र मृत्युमा धनी उसको साथमा भयो। उसले केही उपद्रव गरेन। उसको मुखमा केही छल थिएन।
>
> तापनि उसलाई चोट पार्न परमप्रभुको इच्छा भयो। उहाँले उसलाई दुःखमा पार्नुभयो। जब उसले आफैलाई पापको निम्ति बलिदान गर्छ, तब उसले आफ्नो सन्तान देख्नेछ। उसले आफ्नो दिन बढाउनेछ, र परमप्रभुको आनन्द उसमा पूरा हुनेछ।
>
> प्राणको वेदना देखेर परमप्रभु सन्तुष्ट हुनुहुनेछ। आफ्नो ज्ञानद्वारा धर्मीजन मेरो दासले धर्मीको गणनामा ल्याउनेछ, र उसले तिनीहरूका अधर्म बोक्नेछ।
>
> यसैकारण महान्हरूसँगै उसलाई पनि म भाग बाँडिदिनेछु, र उसले लूटको माल सामर्थीहरूसित बाँड्नेछ। किनभने उसले आफ्नो जीवन-रक्त खन्याएर प्राण दियो र ऊ अपराधीहरूको गन्तीमा गनियो। तापनि उसले धेरैको पाप बोक्यो र अपराधीहरूका निम्ति अर्जबिन्ती गर्‍यो।

येशू ख्रीष्ट हाम्रा पापको लागि कसरी मर्नुभयो सो कुरा चारैवटा सुसमाचारहरूले बताएका छन्। त्यहाँका धार्मिक अगुवाहरूले येशूलाई ख्रीष्ट भनेर स्वीकार गर्न चाहेनन्। तिनीहरूले उहाँको डाह गरे र उहाँलाई मार्ने निश्चय गरे। तिनीहरूले उहाँको दोष लगाएर रोमी बडाहाकिमकोमा लगे र उहाँको विरूद्धमा झूटा गवाहीहरू दिनलाई साक्षीहरू तयार पारे। रोमी बडा हाकिम पिलातसलाई थाहा थियो कि येशू ख्रीष्टमा कुनै दोष छैन तर उनले धार्मिक अगुवाहरू र त्यहाँ जम्मा भएका भीडको माग पूरा गर्नको निम्ति येशू ख्रीष्टलाई दण्डको निम्ति सुम्पिदिए।

येशू खष्टिलाई हात र खुट्टामा किला ठोकेर क्रूसमा टाँगियो । यस्तो प्रकारको दण्ड सबैभन्दा खराब अपराधीहरूलाई दिइन्थ्यो । उहाँ कलवरी भनिने डाँडामा दुई अपराधीहरूका बीचमा झुण्डिनुभएको थियो । परमेश्वरका थुमा हाम्रा पापका निम्ति त्यहाँ बलिदान भएर मर्नुभयो ।



## तपाईंको अभ्यासको निम्ति

९. येशू खीष्टको कुनचाहिँ शीर्षकले मानिसलाई थाहा दिन्छ, कि उहाँ तिनीहरूका पापबाट तिनीहरूलाई उद्धार दिन मर्नुभयो ?

...........................................................................................

१०. परमेश्वरले हाम्रा पाप खीष्टमा राख्नुहुन्छ भनेर कुन भविष्यवक्ताले बताएका थिए ? .................. उनको पुस्तकको कुन अध्यायमा बताएका छन् ? ..........................................

११. येशू खीष्ट कसरी मर्नुभयो ? .......................................

...........................................................................................

१२. उहाँ मर्नुभएको ठाउँको नाम दिनुहोस् । ........................

१३. यस्तो प्रकारको मृत्युदण्ड कस्ता प्रकारका व्यक्तिलाई दिइन्थ्यो ?

...........................................................................................

१४. यशैया ५३ मा जुन-जुन खण्डहरू तपाईंसँग सम्बन्धित छन् तिनीहरूको मुनि धर्को तान्नुहोस् ।


## थुमाप्रतिको व्यवहार

मानिसहरूले कलवरीप्रति गरेको व्यवहारमा हामीहरू संसारको तस्वीर देख्न सक्छौं । कोही कोहीले उहाँ र उहाँका शिक्षाहरूलाई गिल्ला गरी घृणाको दृष्टिले हेरे । कोही तटस्थ भएर उहाँ मरिरहनुहुँदा उहाँका लुगाहरूमा चिट्ठा हाले । कोही निराश भएर उहाँलाई हेरिरहे । तर कोही कोहीले विश्वास, आशा र प्रेमसँग यशू ख्रीष्टलाई हेरिरहेका थिए ।

तीनवटा क्रूसहरू डाँडामा उभ्याइएका थिए, त्यस दिन तीन जना मानिसहरू कलवरीमा मरे । तिनीहरूले प्रकट गरेको व्यवहारमा हामी आफ्नो निम्ति केही मुख्य कुरा पाउन सक्छौं ।

> **लूकास २३:३३,३४,३९-४३** तिनीहरूले उहाँलाई क्रूसमा टाँगे, र ती अपराधीहरूमध्ये एउटालाई दाहिनेपट्टि र अर्कालाई देब्रेपट्टि क्रूसमा टाागे । अनि येशूले भन्नुभयो, "हे पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरूले के गर्दैछन् सो जान्दैनन् ।"

अब टाँगिएका अधर्मीहरूमध्ये एउटाले यसो भनेर उहाँको गिल्ला गऱ्यो, 'के तिमी ख्रीष्ट होइनौ ? तिमी आफैलाई र हामीलाई पनि बचाऊ ।' तर त्यसलाई हकारेर अर्कोले जवाफ दियो, 'तँ पनि त्यही दण्डमा परेको छस्, तापनि परमेश्वरको डर मान्दैनस् ? अनि हामी त न्यायबमोजिम नै, किनकि हामीले त हाम्रा कामको उचित फल पाइरहेछौं, तर यी मानिसले ता केही अनुचित काम गरेका छैनन् ।' अनि त्यसले भन्यो, 'हे येशू तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोस् ।' उहाँले त्यसलाई भन्नुभयो, 'म तिमीलाई साँच्चै भन्दछु, आजै तिमी मसित स्वर्गलोकमा हुनेछौ ।'





तीनवटा क्रूसहरूले हामीलाई १) विद्रोह, २) उद्धार र ३) पश्चात्तापको बारेमा बताउँछन् । पहिलो क्रूसमा एक मानिस आफ्नो पापमा मरिरहेको थियो । दोस्रो क्रूसमा परमेश्वरको थुमा पापको निम्ति मरिरहनुभएको थियो । तेस्रो क्रूसमा एक पापी पाप गर्नलाई मरिरहेको थियो ।

***विद्रोहः-*** विद्रोहको क्रूसमा आफ्ना पापहरूका निम्ति मरिरहेको एक मानिस झुण्डिएको थियो । उसले आफ्नो पूरा जीवन भूल गरेर बिताएको थियो । जीवनले उसलाई तीतो र कडा बनाएको थियो । अब उसले मृत्युको सामना गर्नु परेकोले अन्तिम हारको अनुभव गरिरहेको थियो । यदि उसले विश्वास मात्र गरेको भए उसको दाहिनेपट्टि सहायता गर्ने व्यक्ति त्यहीँ हुनुहुन्थ्यो । ऊ परमेश्वरको उपस्थितिमा थियो ।



तर उसको हृदयमा विद्रोहको भावना भएकोले आत्मिक सत्यता बुझ्नबाट ऊ अन्धो भएको थियो । मुक्तिदाताको उपस्थितिमा भएर पनि ऊ आत्माको तीतोपना, पूर्ण घृणा, क्रोध र आशाहीनतामा नै मऱ्यो ।



***उद्धारः-*** हामीलाई उद्धार गर्नको लागि येशू ख्रीष्ट हाम्रा पापको निम्ति बीचको क्रूसमा मर्नुभयो । शैतानले हामी सबैलाई धोका दिएको छ, अपहरण गरेको छ र त्यसका दासहरू बनाएको छ । हाम्रो उद्धारको मूल्य परमेश्वरको पुत्रको मृत्यु नै हो । उहाँले हामीलाई शैतानको शक्तिबाट उद्धार गर्नुभयो । उहाँ आफैमा फर्काएर ल्याउनुभयो । र हाम्रो सट्टामा उहाँ मर्नुभयो ।

**१ पत्रुस १:१९** तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौँ ।



**पश्चात्ताप:-** तेस्रो क्रूसमा भएको पापी उसको पापको निम्ति मऱ्यो र येशू ख्रीष्टमा भरोसा गर्नाले सधैँको निम्ति ती पापहरूबाट स्वतन्त्र भयो । यस मानिस आफै नै सत्यताको सामना गर्न इच्छुक थियो, र उसले आफ्नो भूल स्वीकार गऱ्यो । उसले येशूलाई ख्रीष्ट र मुक्तिदाताको रूपमा चिन्यो ।

येशू ख्रीष्ट मरिरहनुभएको थियो तर त्यस पश्चात्तापी अपराधीले विश्वास गरेको थियो कि कुनै दिन येशू ख्रीष्टले यस संसारलाई शासन गर्नुहुनेछ । येशू ख्रीष्ट राजा भएर आउँदा उसलाई सम्झिनु (दया देखाउनु) भनी उसले मुक्तिदातासँग बिन्ती गऱ्यो । कस्तो विश्वास हो ! येशू ख्रीष्ट मर्नुभन्दा अगाडि गर्नुभएको अन्तिम कामचाहिँ त्यस मर्ने आँटेको अपराधीको पापको क्षमा गरी उसलाई अनन्त जीवन दिनुभएको हो ।

मुक्तिदाताको विषयमा प्रत्येक व्यक्तिले गरेको विचारअनुसार उसले आफ्नो अनन्त भाग्यको निर्णय गर्छ । ती दुवै अपराधीहरूले एउटै मौका पाएका थिए । एउटाले आफ्नै विद्रोही र घृणात्मक कुरामा झुण्डिएर, उसलाई उद्धार गर्न सक्ने एक मात्र मुक्तिदाताको गिल्ला गऱ्यो । अर्कोले पश्चात्ताप गरेर मुक्तिदाताको दया माग्यो । एक जना अनन्त कष्टको ठाउँ नरकमा गयो । अर्कोचाहिँ अनन्त आनन्द हुने ठाउँ स्वर्गमा गयो । यी मानिसहरू हामी सबैका नमूनाहरू हुन् । एउटा




विद्रोही थियो र नाश भयो । अर्कोले पश्चात्ताप गरी आफूलाई येशू ख्रीष्टको खाँचो छ भनी स्वीकार गरेकाले उद्धार पायो । तपाईं कसको उदाहरण पछ्याउनु हुन्छ ? तपाईंले येशू ख्रीष्टलाई प्रार्थनामा पुकारेर उहाँबाट अनन्त जीवन, क्षमा, र शान्ति पाउन सक्नुहुन्छ । उहाँ अहिले तपाईंको नजीकै हुनुहुन्छ ।

**एफिसी १:६,७** यस हेतुले कि उहाँले हामीलाई आफ्ना प्रिय पुत्रमा सित्तैँमा दिनुभएको आफ्नो महिमामय अनुग्रहको प्रशंसा होस् । उहाँको अपार अनुग्रहअनुसार ख्रीष्टको रगतद्वारा हामी उहाँमा उद्धार, हाम्रा पापको क्षमा पाउँछौँ ।

**१ पत्रुस २:२४,२५** हामी पापका लेखि मरेर धार्मिकताको लेखि जिऔँ भनी उहाँले क्रूसमा आफ्नै शरीरमा हाम्रा पाप बोक्नुभयो । उहाँकै चोटहरूद्वारा तिमीहरू निको भयौ । किनभने तिमीहरू भेडाहरूझैँ बरालिरहेका थियौ, तर अब तिमीहरूका आत्माको संरक्षककहाँ फर्किआएका छौ ।

## तपाईंको अभ्यासको निम्ति

१५. तलका तीनवटा क्रूसहरूका शीर्षक दिनुहोस् ।
तपाईंको स्थितिअनुसारको क्रूसमुनि आफ्नो नाम लेख्नुहोस् । यस चित्रको अर्थ तपाईंका साथी वा परिवारका सदस्यहरूलाई बनाउनुहोस् ।



१६. आफ्ना उत्तरहरूको जाँच गर्नुहोस् र पाठ ८ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस् ।

## पाठ ८ - उत्तरहरू

यस पाठका प्रश्नहरूमा तपाईंले १२ वटा विषयका सूचनाहरू दिनुपर्नेछ । यदि तपाईंले ११ वटा देखि १२ वटा ठीक मिलाउनुभयो भने "उत्तम श्रेणी" लेख्नुहोस् । यदि ९ वटा देखि १० वटा ठीक मिलाउनुभयो भने "राम्रो" लेख्नुहोस् । यदि ६ वटा देखि ८ वटा ठीक मिलाउनुभयो भने यस पाठलाई फेरि दोहोऱ्याएर पढ्नुहोस् ।

१. मुक्तिदाता (यहवेले उद्धार गर्नुहुन्छ)

२. ग) परमेश्वर पिता ।

३. घ) माथिका दुवै क र ख ।

९. परमेश्वरका थुमा।

१०. यशैया ५३।

११. क्रूसमा (क्रूसमा झुण्डिएर)।

१२. कलवरी।


१३. सबैभन्दा खराब अपराधीहरू।

१५. शीर्षकहरू: विद्रोह, उद्धार, पश्चात्ताप।

ठीक भएका उत्तरहरूका संख्या .... श्रेणी ..... अब पाठ ८ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस्।

पाठ ९

# येशू ख्रीष्ट पुनरूत्थान र जीवन हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

मृत्युमाथि येशू ख्रीष्टको विजय
- पुनरूत्थानका आश्चर्यकर्महरू
- उहाँको पुनरूत्थानको प्रमाण
- उहाँको पुनरूत्थानको शक्ति

येशू ख्रीष्ट र हाम्रो पुनरूत्थान
- उहाँको प्रतिज्ञा
- परिपूर्ति

## मृत्युमाथि येशू ख्रीष्टको विजय

येशू ख्रीष्ट हाम्रा पापको निम्ति मर्नुभयो र हामीलाई अनन्त जीवन दिनको निम्ति फेरि बौरी उठ्नुभयो । यो ख्रीष्टियान विश्वासको मुटु हो । बाइबलका महान् सत्यताहरू एक साँचो परमेश्वरको वचन येशू ख्रीष्टको पुनरूत्थानको वास्तविकतामा नै केन्द्रित छन् । यदि येशू ख्रीष्ट मुर्दाबाट नबिउँतनुभएको भए मुक्तिको पूरै योजना असफल हुनेथियो । तर उहाँले मृत्युलाई जित्नुभएको कारणले, हामी उहाँलाई अहिले जीवित प्रभु र मुक्तिदाताको रूपमा चिन्छौं ।

### पुनरूत्थानका आश्चर्यकर्महरू

मृत्युमाथि आफ्नो शक्ति छ भनी आफ्नो सेवकाइको समयमा येशू ख्रीष्टले प्रमाणित गर्नुभयो । उहाँले तीन जना व्यक्तिहरूलाई मृत्युबाट बौरी उठाउनुभएको घटना बाइबलमा अङ्कित गरिएको छ ।


येशू ख्रीष्टकहाँ जाइरस नाम भएका एक जना शासक गई आफ्नी बिरामी छोरीलाई निको पारिदिने बिन्ती गरे । जब उनी येशू खष्टिसँग घरमा फर्के, तब आफ्नी छोरीलाई मरेको भेट्टाए ।

> **लूकास ८:५२,५४,५५** सबै जना रोइरहेका र बिलौना गरिरहेका थिए, तर उहाँले भन्नुभयो, “नरोओ, त्यो मरेकी छैन, तर सुतेकी छे ।” तर उहाँले त्यसको हात समातेर यसो भनेर बोलाउनुभयो, “नानी, उठ ।” अनि त्यसको प्राण फर्केर आयो, र त्यो तुरून्तै उठी ।

नाइन भन्ने एक विधवाको छोरो मरेको थियो । मानिसहरूले रूँदै विलाप गर्दै उसलाई चिहानमा लगिराखेका थिए । येशू ख्रीष्टले तिनीहरूलाई बाटोमा भेट्नुभयो  तिनीहरूलाई रोक्नुभयो ।

**लूकास ७:१४,१५** अनि नजीक गएर उहाँले अरथी छुनुभयो, र बोक्नेहरू टक्क अडिए । उहाँले भन्नुभयो, "ए युवक, म तिमीलाई भन्दछु, 'उठ' ।" तब मृत मानिस उठेर बस्यो, र बोल्न लाग्यो । येशूले त्यसलाई आमाको जिम्मा लगाउनुभयो ।

लाजरस र उनका दुई दिदीहरू मार्था र मरियम येशू ख्रीष्टका असल मित्रहरू थिए । लाजरस मरे र उनलाई गाडियो । चार दिन पछि येशू ख्रीष्ट त्यहाँ आउनुभयो ।



**यूहन्ना ११:४३,४४** अनि यो कुरा भन्नुभएपछि उहाँ उच्च सोरले कराउनुभयो, "लाजरस, बाहिर निस्की आऊ ।" त्यो मृत मानिस त्यसको हात-खुट्टा बाँधिएकै र अनुहार लुगाले बेह्रिएकैमा बाहिर निस्की आयो । येशूले तिनीहरूलाई भन्नुभयो, "त्यसको बन्धन खोलिदेओ, र त्यसलाई जान देओ ।"

येशू ख्रीष्टको आफ्नै पुनरूत्थान मृत्युमाथि सबैभन्दा ठूलो विजय हो । ज-जसलाई उहाँले मुर्दाबाट बौरी उठाउनुभयो, तिनीहरू मरणशील नै थिए – तिनीहरू फेरि मर्नुपऱ्यो । तर नमर्ने शरीर लिएर येशू ख्रीष्ट मुर्दाबाट बौरी उठ्नुभयो जुन शरीर फेरि कहिल्यै मर्दैन । उहाँले मृत्युलाई जित्नुभयो ।

**तपाईंको अभ्यासको निम्ति**

१. येशू ख्रीष्टले मुर्दाबाट बिउँताउनुभएका तीन व्यक्तिहरूका नाम दिनुहोस् । .....................................

..............................................................................

२. लाजरसलाई चिहानमा गाडिएको कति दिन भएको थियो ?

..............................................................................

३. येशू ख्रीष्टको मृत्युमाथिको सबैभन्दा ठूलो विजय के थियो ?

..............................................................................

४. यदि येशू ख्रीष्ट बौरी नउठ्नुभएको भए, मुक्तिको योजना के हुने थियो ? .....................................

..............................................................................


## उहाँको पुनरूत्थानको प्रमाण

येशू ख्रीष्ट बौरी उठ्नुभयो भनी कसरी हामीलाई थाहा हुन्छ ? धेरै प्रमाणहरूमध्ये दसवटा प्रमाण यहाँ छन्:

**१. सिपाहीहरूको प्रतिवेदनः–** येशू ख्रीष्टको मरेको शरीरलाई चेलाहरूले चोरेर लगी उहाँ बिउँतनुभयो भन्लान् भनेर छाप लगाएको चिहानमा रोमी सिपाहीहरूलाई पालो बस्न लगाइएको थियो । तेस्रो दिन बिहान, स्वर्गदूतले चिहानलाई खोलेको तिनीहरूले देखे । पृथ्वी हल्लियो । रित्तो चिहान देख्दा तिनीहरू बडो भयभीत भए ! येशू ख्रष्टिको शरीर त्यहाँ थिएन ! त्यहाँ घटेको घटनाको खबर दिन तिनीहरू तुरून्तै दौडे ।




**२. रित्तो चिहान र चिहानमा भएको लुगाः–** त्यसको केही समयपछि नै केही स्त्रीहरू चिहानमा आए। येशू ख्रीष्टको शरीर त्यहाँ थिएन। दुइवटा स्वर्गदूतहरूले ती स्त्रीहरूलाई भने कि येशू ख्रीष्ट जीवित हुनुहुन्छ। पत्रुस र यूहन्ना दौडदै चिहानमा गए र त्यसलाई रित्तो भेट्टाए। येशू ख्रीष्टको शरीर त्यहाँ थिएन, तर उहाँलाई बाँधिएको कात्रो मात्र त्यहाँ थियो। त्यो सफासँग बेह्रिएको थियो। शरीर चोर्ने मानिसले त्यो कात्रोलाई फुकाई शरीर लिएर, फेरि कात्रोलाई अहिले बाँधेकोजस्तै गरी मिलाउँदैनथ्यो होला।



**३. स्वर्गदूतहरूको सन्देशः–** चिहानमा स्वर्गदूतहरूले स्त्रीहरूलाई भनेका थिएः

**लूका २४:५,६**
"तिमीहरू जीवित व्यक्तिलाई मृतकहरूका बीचमा किन खोज्छौ ? उहाँ यहाँ हुनुहुन्न, तर जीवित भई उठ्नुभएको छ।"





**४. येशू ख्रीष्ट प्रकट हुनुभएकोः– प्रेरित १:३** आफ्नो दुःख-भोगपछि धेरै अकाट्य प्रमाणद्वारा तिनीहरूका सम्मुख उहाँले आफैलाई जीवित प्रस्तुत गर्नुभयो। चालीस दिनसम्म उहाँ

तिनीहरूकहाँ देखा पर्नुभयो अनि परमेश्वरका राज्यको विषयमा तिनीहरूलाई बताउनुभयो ।

येशू ख्रीष्ट धेरै समयमा धेरै व्यक्तिहरूकहाँ प्रकट हुनुभयोः

१) स्त्रीहरूको झुण्डलाई
२) मरियम मग्दलिनीलाई
३) पत्रुसलाई
४) इम्माउसको बाटोमा दुई चेलाहरूलाई
५) यरूशलेममा दश चेलाहरूलाई
६) यरूशलेममा एघार चेलाहरूलाई
७) गालीलको समुद्रमा सात चेलाहरूलाई
८) गालीलमा एकैपल्ट ५०० विश्वासीहरूलाई
९) येशूका भाइ याकूबलाई
१०) बेथानीको नजीकै स्वर्गारोहणको समयमा चेलाहरूलाई ।

फर्किएर स्वर्गमा गइसकेपछि पनि, येशू ख्रीष्ट तीन जना व्यक्तिहरूसँग प्रकट हुनुभयोः

क) पहिलो ख्रीष्टियान शहीद स्तिफनलाई
ख) दमस्कसतिर गइरहेको शाऊल (पावल) लाई
ग) प्रकाशको पुस्तकमा यूहन्नालाई

**५. येशू ख्रीष्टको शरीरको स्वभावः–** येशूमा भएको शरीरले दुई कुराहरूको प्रमाणित गर्छः १) विश्वासीहरूले खालि आत्मा मात्र देखेका होइनन् । येशू ख्रीष्टले तिनीहरूसँग खानुभयो । तिनीहरूले उहाँलाई छोए । उहाँको मासु र हाडको साँचो शरीर थियो । २) मृत्युबाट पुनरूत्थान हुँदा उहाँले त्यही मृतक शरीर पाउनुभएन । पुनरूत्थान भएको उहाँको शरीर महिमित थियो । यो कुनै शारीरिक सीमितपनको अधीनमा, कष्ट वा मृत्युको अधीनमा थिएन । उहाँ बन्द गरिएका



ढोकाहरूभित्र पनि पस्नुभयो । उहाँ आफ्नो इच्छाअनुसार प्रकट हुनुभयो र तुरून्तै अदृश्य पनि हुनुभयो । देखिने रूपमा उहाँ स्वर्ग जानुभयो । पुनरूत्थानले उहाँको शरीरमा नयाँ शक्ति दिएको थियो ।


**६. पवित्र आत्माको बप्तिस्माः–** जीवित येशू खष्टिले गर्नुभएको प्रतिज्ञा पेन्तिकोसको दिनमा आएर पूरा भयो । उहाँको आत्माको निरन्तर उपस्थितिले प्रमाणित गरेको छ कि येशू ख्रीष्ट जीवित हुनुहुन्छ ।



**७. ख्रीष्टियानहरूको गवाही वा साक्षीः–** येशू ख्रीष्टका चेलाहरूले लगातार रूपमा यस वास्तविकतालाई साक्षी दिइनै रहे कि उहाँ मृत्युबाट बौरी उठ्नुभएको हो । यस सत्यतालाई इन्कार गर्ने वा उनीहरूलाई मार्ने धम्की दिँदा उनीहरूले मृत्यु रोजे । यदि यो कुरा सत्य नभएको भए तिनीहरू झूट कुराको निम्ति यसरी मर्न तयार हुने थिएनन् होला ।



**८. शाऊलको जीवन परिवर्तनः–** यहूदी व्यवस्थाका बुद्धिमान् विद्वान् जवान शाऊलले ख्रीष्टियान विश्वासलाई नाश गर्ने कोशिश गरिरहेका थिए । दमस्कसका ख्रीष्टियानहरूलाई समात्न बाटोमा गइरहेको बेलामा प्रभु येशू ख्रीष्टले उनी आफैलाई नै समात्नुभयो । सूर्यभन्दा पनि चम्किलो ज्योति स्वर्गबाट प्रकट भयो । त्यस ज्योतिबाट येशू ख्रीष्टले शाऊललाई नाम काढेर बोलाउनुभयो र ऊसँग कुरा गर्नुभयो । शाऊलले आफ्नो जीवन येशू ख्रीष्टलाई अर्पण गरे र एक महान् पावल प्रेरित बने ।





**९. ख्रीष्टियान विश्वासः–** ख्रीष्टियान विश्वास पुनरूत्थानको वास्तविकतामा अडिएको छ । "रित्तो चिहानमा ख्रीष्टियान विश्वास बनाइएको छ ।"

**१०. येशू ख्रीष्टसँग कुराकानीः–** येशू ख्रीष्टलाई भेट्नाले हाम्रो जीवन परिवर्तन भएको छ। हामी प्रत्येक दिन उहाँसँग कुराकानी गर्छौं । उहाँले हामीलाई उत्तर दिनुहुन्छ । भजनले पनि यसरी बताएको छः

म जीवित मुक्तिदाताको सेवा गर्छु,<br>
उहाँ आज यस संसारमा हुनुहुन्छ<br>
उहाँ कसरी जिउनुहुन्छ भनेर मलाई सोध्नुहोस्,<br>
उहाँ मेरो हृदयको भित्र जिउनुहुन्छ ।

**तपाईंको अभ्यासको निम्ति**

५. येशू ख्रीष्टको पुनरूत्थानमा विश्वास दिलाउने दश कुराहरू लेख्नुहोस् ।...................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................
..........................................................................................

६. विचार गर्नुहोस्: पुनरूत्थानभन्दा अगाडिको येशू ख्रीष्टको शरीर कस्तो थियो होला ? यो कसरी फरक भयो ? के तपाईं पनि महिमित शरीर पाएको चाहनुहुन्छ ?

## उहाँको पुनरूत्थानको शक्ति

येशू ख्रीष्ट क्रूसमा मर्नुभयो, तर उहाँले त्यहाँ मृत्युलाई जित्नुभयो । लाज र गिल्लाको चिन्हको क्रूसलाई उहाँले उद्धार, शक्ति र विजयको चिन्हमा बदल्नुभयो । येशू ख्रीष्टको शरीरलाई चिहानमा राखिएको थियो तर चिहानले उहाँलाई त्यसैभित्र कैदी बनाएर राख्न सकेन । उहाँले मृत्युलाई जित्नुभयो र आफ्ना चेलाहरूसँग विजयको भाग बाँड्नलाई फेरि बौरी उठ्नुभयो । पावलले ख्रष्टिको पुनरूत्थानको शक्तिमा उहाँलाई चिनेर लेखेका छन् । यो शक्ति के हो ?

**१. येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने प्रमाणः** उहाँ मृत्युबाट बौरी उठ्नुभएको कारणले हामी जान्दछौं कि उहाँचाहिँ उहाँ आफैँले भन्नुभएको व्यक्ति हुनुहुन्छ । उहाँ परमेश्वरका पुत्र र संसारका मुक्तिदाता हुनुहुन्छ ।

**२. मुक्तिको निश्चयताः** येशू ख्रीष्ट फेरि बौरी उठ्नुभएको कारणले हामी जान्दछौं कि उहाँले हाम्रो निम्ति दिनुभएको बलिदान परमेश्वरले ग्रहण गर्नुभएको छ। जसले उहाँमाथि विश्वास गर्छ उसको पापको क्षमा हुन्छ।

**३. येशू ख्रीष्टसँग संयुक्त भएको नयाँ जीवनः** हाम्रा जीवित प्रभु मण्डलीका शिर बन्नुभएको छ। हामीहरू उहाँका शरीर हौं। उहाँ सधैँ नै हामीसँग हुनुहुन्छ। उहाँको जीवन हामीमा छ। हामीद्वारा उहाँको शक्तिको काम हुन्छ।

> **१ पत्रुस १:३** उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरूत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं।

**४. येशू ख्रीष्टमा विजयः–** येशू ख्रीष्टको पुनरूत्थानले प्रमाणित गर्छ कि उहाँले शैतान, पाप र मृत्युलाई जित्नुभएको छ। उहाँमा तपाईंले डर, दोष र परीक्षाको जीवन जिउँनु पर्दैन। येशू ख्रीष्टले तपाईंको हारलाई जीतमा परिवर्तन गर्नुहुन्छ।

**५. आशाः–** ख्रीष्टियानहरूले आशा राखेर मृत्युको सामना गर्न सक्छन्। येशू ख्रीष्टको पुनरूत्थानले हाम्रो जीवन चिहानमा टुङ्गिदैन भन्ने निश्चयता दिन्छ। उहाँले भन्नुभयोः

> **यूहन्ना १४:१९** म जीवित भएको हुनाले, तिमीहरू पनि जीवित रहनेछौ।

**६. पुनरूत्थानः–** येशू ख्रीष्टको पुनरूत्थानको शक्ति जान्नुमा उहाँको जस्तै भएर हाम्रो शरीरको पनि पुनरूत्थान हुनुपर्छ भन्ने बुझिन्छ।

**१ कोरिन्थी १५:२०** वास्तवमा ख्रीष्ट मृतकहरूबाट जीवित हुनुभएको छ। सुतिजानेहरूमध्येमा उहाँचाहिँ प्रथम फल हुनुहुन्छ।

## तपाईंको अभ्यासको निम्ति

७. येशू ख्रीष्टको पुनरूत्थानबाट हामीले प्राप्त गर्ने ६ वटा कुराहरू लेख्नुहोस्। तपाईंले अनुभव गरिसक्नुभएका कुराहरूको मुनि धर्को तान्नुहोस्। ................................................................

..........................................................................

..........................................................................

..........................................................................

..........................................................................

८. येशू ख्रीष्टलाई उहाँको पुनरूत्थानको शक्तिमा चिन्न पाएकोमा परमेश्वरलाई धन्यवाद दिनुहोस्।

## येशू ख्रीष्ट र हाम्रो पुनरूत्थान

### उहाँको प्रतिज्ञा

लाजरसलाई बिउँतानुभन्दा केही अगाडि येशू ख्रीष्टले भन्नुभयो:

**यूहन्ना ११:२५,२६** येशूले तिनलाई भन्नुभयो, "पुनरूत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने मऱ्यो भने पनि जीवित हुनेछ। अनि जिउने र ममाथि विश्वास गर्ने प्रत्येक कहिल्यै मर्नेछैन।"

जब येशू ख्रीष्टले खुला चिहानमा "लाजरस, बाहिर निस्की आऊ" भन्नुभयो, लाजरस जिउँदो र ठीक भएर निस्कियो। कुनै दिन येशू ख्रीष्ट यस संसारमा फर्किएर आउनुहुनेछ। उहाँले धुलोमा मिलेका र

खरानी भएर छरिएका शरीरहरूलाई बोलाउनुहुनेछ र बीउबाट बिरूवा उम्रिएजस्तै तिनीहरू नयाँ जीवन पाएर उभिनेछन् । उहाँको अमर र महिमित शरीर जस्तै हामीले पनि अचम्मको नयाँ शरीर पाउनेछौँ ।

> **यूहन्ना ५:२४,२६,२८,२९** "साँच्चै, म तिमीहरूलाई भन्दछु, जसले मेरो वचन सुन्छ र मलाई पठाउनुहुनेमाथि विश्वास गर्छ, त्यससित अनन्त जीवन छ । त्यो न्यायमा आउँदैन, तर मृत्युदेखि त्यसले जीवनमा प्रवेश गरेको छ । किनभने जसरी पिता आफैमा जीवन छ, उसरी नै उहाँले पुत्रलाई पनि आफैमा जीवनको स्रोत हुने अधिकार दिनुभएको छ । यसमा अचम्म नमान, किनभने समय आइरहेछ, जब चिहानमा हुनेहरू सबैले उसको सोर सुन्नेछन्, र बाहिर निस्किआउनेछन्: सुकर्म गर्नेहरू जीवनको पुनरूत्थानको निम्ति, र कुकर्म गर्नेहरूचाहिँ दण्डाज्ञाको पुनरूत्थानको निम्ति ।"

तपाईंको समुदायमा भएको चिहानले तपाईंको निम्ति केही सन्देश दिन्छ । कत्ति व्यक्तिहरूका लागि यो आशा नभएको सन्देश हुन्छ । चिहानले हामीलाई सम्झना गराउँछ कि हामी सबै मर्नुपर्छ । हामी यस संसारमा रित्तै आयौँ र यहाँबाट पनि रित्तै जानेछौँ । तर यो यति मात्र होइन । येशू ख्रीष्टको चिहान रित्तो छ भनी याद गर्नुहोस् । यदि येशू ख्रीष्ट तपाईंका मुक्तिदाता हुनुहुन्छ भने उहाँको पुनरूत्थान तपाईंको पुनरूत्थानको निश्चयता हो । तपाईंको शरीर मर्न सक्छ तर तपाईंको आत्मा कहिल्यै मर्नेछैन । यदि तपाईंको शरीर धुलोमा मिल्यो भने पनि, येशू ख्रीष्टले यसलाई जीवनमा फर्काएर ल्याउनुहुनेछ । उहाँ नै पुनरूत्थान र जीवन हुनुहुन्छ ।

**तपाईंको अभ्यासको निम्ति**

९. हाम्रो पुनरूत्थानको निश्चयता के हो ?

____ **क.** स्वभावमा जीवनको जागृति ।

____ **ख.** मृत्युपछि जीवन छ भन्ने साधारण विश्वास ।

____ **ग.** येशू ख्रीष्टको पुनरूत्थान र प्रतिज्ञा ।

१०. यूहन्ना ११:२५,२६ कण्ठ गर्नुहोस् ।

११. यूहन्ना ११:२५ मा येशू ख्रीष्टले आफैलाई के भनेर बोलाउनुभएको छ ? ..........................................................

## परिपूर्ति

आफ्नो स्वर्गीय घरमा फर्केर जानु अगाडि, फेरि फर्केर आउँछु भनी येशू ख्रीष्टले आफ्ना चेलाहरूलाई प्रतिज्ञा गर्नुभएको थियो ।

> **यूहन्ना १४:३** "अनि गएर मैले तिमीहरूका निम्ति ठाउँ तयार पारेपछि म फेरि आउनेछु, र तिमीहरूलाई मकहाँ लैजानेछु, र जहाँ म छु, त्यहाँ तिमीहरू पनि हुनेछौ ।"

उहाँ पुनरूत्थान हुनुभएको चालीस दिनपछि चेलाहरूले हेर्दाहेर्दै उहाँ स्वर्गारोहण हुनुभयो । त्यसपछि दुईवटा स्वर्गदूतहरूले तिनीहरूलाई सन्देश दिए:

> **प्रेरित १:११** "यही येशू, जो तिमीहरूबाट स्वर्गमा लगिनुभयो, अहिले जसरी तिमीहरूले उहाँलाई स्वर्गमा जानुभएको देख्यौ, त्यसरी नै उहाँ फेरि आउनुहुनेछ ।"

येशू ख्रीष्ट फेरि फर्केर आउँदा कस्तो प्रकारको पुनरूत्थानले ठाउँ लिन्छ सो कुरा परमेश्वरले प्रेरित पावललाई प्रकट गरिदिनुभएको छ । यूहन्नाले पनि यस विषयमा लेखेका थिए ।

**१ कोरिन्थी १५:३७, ३८, ४२-४४, ४९, ५१-५४, ५७** जे तिमी रोप्तछौ त्योचाहिँ पछि हुने शरीर होइन, तर बीउमात्र रोप्तछौ, चाहे त्यो गहूँ, अथवा अरू कुनै किसिमको अन्न होस् । तर आफूलाई खुशी लागेबमोजिम परमेश्‍वरले त्यसलाई एउटा शरीर दिनुहुन्छ, हरेक किसिमको बीउलाई त्यसैको शरीर दिनुहुन्छ । मृतकहरूको पुनरूत्थान पनि त्यस्तै हो । जुन शरीर विनाशमा गाडिन्छ, त्यो अविनाशमा जीवित हुन्छ । अनादरमा त्यो गाडिन्छ, महिमामा त्यो जीवित हुन्छ । दुर्बलतामा त्यो गाडिन्छ, शक्तिमा त्यो जीवित हुन्छ । प्राकृतिक शरीरमा त्यो गाडिन्छ, आत्मिक शरीरमा त्यो जीवित हुन्छ । जसरी हामीले माटोका मानिसको रूप धारण गरेका छौं, त्यसरी नै स्वर्गका मानिसको रूप धारण गर्नेछौं ।

हेर, म तिमीहरूलाई एउटा रहस्य भन्दछु, हामी सबै मरिजाँदैनौं, तर हामी सबैको परिवर्तन हुनेछ । एकै क्षणमा, आँखाको एक निमेषमा, तुरहीको आखिरी आवाजमा, किनभने तुरही बज्नेछ, र मरेकाहरू अविनाशी रूपमा बिउँताइनेछन्, अनि हाम्रो चाहिँ परिवर्तन हुनेछ । किनकि यस विनाशीले अविनाशी र यस मरणशीलले अमर रूप धारण गर्नैपर्छ । तर जब यस विनाशीले अविनाशी धारण गरेको र मरणशीलले अमर धारण गरेको हुन्छ, तब लेखिएको त्यो कुरो पूरा हुनेछ, 'मृत्यु विजयमा निलियो । विजय पूर्ण भयो ।' परमेश्‍वरलाई धन्यवाद होस्, जसले हामीलाई हाम्रा प्रभु येशू ख्रीष्टद्वारा विजय दिनुहुन्छ ।

**फिलिप्पी ३:२०,२१** तर हाम्रो नागरिकता स्वर्गमा छ । त्यहाँबाट आउनुहुने मुक्तिदाता, अर्थात् प्रभु येशू ख्रीष्टको प्रतीक्षा हामी गर्दछौं । उहाँले, जुन शक्तिद्वारा सबै कुरालाई उहाँको अधीनमा ल्याउन सक्नुहुन्छ, हाम्रा हीन शरीरलाई आफ्नै महिमाको शरीरजस्तै हुनलाई परिवर्तन गरिदिनुहुनेछ ।

**१ यूहन्ना ३:२,३** जब उहाँ प्रकट हुनुहुन्छ, तब हामी उहाँजस्तै हुनेछौँ । किनकि उहाँ जस्तो हुनुहुन्छ हामी उहाँलाई त्यस्तै देख्नेछौँ । अनि जस्तो उहाँ पवित्र हुनुहुन्छ, उहाँमाथि यो आशा राख्ने हरेक मानिसले आफूलाई पवित्र पार्छ ।

**१ थेसलोनिकी ४:१६-१८** किनकि प्रभु स्वयम् हुकुमको गर्जनसित, प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको सोरसित स्वर्गबाट ओर्लिनुहुनेछ, र ख्रीष्टमा मरेकाहरूचाहिँ पहिले बौरिउठ्नेछन् । तब हामी बाँचिरहेका र छोडिएकाहरू प्रभुलाई आकाशमा भेट्न तिनीहरूका साथसाथै बादलमा उठाइलगिनेछौँ, र यसरी हामी सधैँ प्रभुसँग रहनेछौँ । यसैकारण एउटाले अर्कालाई यी वचनहरूले सानत्वना देओ ।

## तपाईंको अभ्यासको निम्ति

१२. कहिले हाम्रो पुनरूत्थान हुनेछ ? ........................

१३. हामी तयार हुनैपर्छ भन्ने विषयमा १ यूहन्ना ३:३ ले के भनेको छ ? ...................................................................

१४. तपाईंलाई सबैभन्दा बढी प्रभाव पार्ने बाइबलका खण्डहरू मुनि चिन्ह लगाउनुहोस् ।

१५. आफ्ना उत्तरहरूको जाँच गर्नुहोस् र पाठ ९ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस् ।

## पाठ ९ - उत्तरहरू

यस पाठका प्रश्नहरूमा तपाईंले २६ वटा विषयका सूचनाहरू दिनुपर्नेछ। यदि तपाईंले २३ वटा देखि २६ वटा ठीक मिलाउनुभयो भने "उत्तम श्रेणी" लेख्नुहोस्, यदि १९ वटा देखि २२ वटा ठीक मिलाउनुभयो भने "राम्रो" लेख्नुहोस्। यदि १३ वटा देखि १८ वटा ठीक मिलाउनुभयो भने "असल" लेख्नुहोस्। यदि तपाईंले १३ वटा भन्दा पनि घटि मिलाउनुभयो भने यस पाठलाई फेरि दोहोऱ्याएर पढ्नुहोस्।

१. जाइरसकी छोरी, नाइन विधवाको छोरो, लाजरस।

२. चार दिन।

३. उहाँको आफ्नै पुनरूत्थान।

४. यो असफल हुनेथियो।

५. १) सिपाहीहरूको प्रतिवेदन २) रित्तो चिहान र यसमा भएको लुगा ३) स्वर्गदूतहरूको सन्देश ४) येशू ख्रीष्ट प्रकट हुनुभएको ५) येशू ख्रीष्टको शरीरको स्वभाव ६) पवित्र आत्माको बप्तिस्मा ७) ख्रीष्टियानहरूको साक्षी ८) शाऊलको जीवन परिवर्तन ९) ख्रीष्टियान विश्वास १०) येशू ख्रीष्टको कुराकानी

७. १) येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने प्रमाण २) मुक्तिको निश्चयता ३) येशू ख्रीष्टसँग संयुक्त भएको नयाँ जीवन ४) येशू ख्रीष्टमा विजय ५) आशा ६) पुनरूत्थान

९. ग) येशू ख्रीष्टको पुनरूत्थान र प्रतिज्ञा

११. पुनरूत्थान र जीवन।


१२. जहिले प्रभु येशू ख्रीष्ट आउनुहुन्छ तहिले।

१३. हामीले आफूलाई पवित्र राख्नुपर्छ।

ठीक भएका उत्तरहरूका संख्या ........... श्रेणी ........... अब पाठ ९ को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस्।

पाठ १०

# येशू ख्रीष्ट प्रभु हुनुहुन्छ



**यस पाठमा तपाईंले अध्ययन गर्नुहुनेछ**

प्रभुको रूपमा अधिकार
- अधिकारको शीर्षक (उपाधि)
- अधिकारको प्रमाण

प्रभुको रूपमा मान्यता
- मण्डलीको शिर
- राजाहरूका राजा र प्रभुहरूका प्रभु

## प्रभुको रूपमा अधिकार

के तपाईं मृत्युबाट बौरी उठ्नुभएका प्रभुलाई आफ्ना मुक्तिदाता भनी विश्‍वास गर्नुहुन्छ ? यो ज्यादै नै महत्त्वपूर्ण छ । तपाईंको आत्मिक जीवन यसमा निर्भर छ ।

> **रोमी १०:९** यदि तिमीले येशूलाई प्रभु हो भनी आफ्नो मुखले स्वीकार गर्‍यौ, र परमेश्‍वरले उहाँलाई मरेकाहरूबाट जीवित पार्नुभयो भनी आफ्नो हृदयमा विश्‍वास गर्‍यौ भने तिम्रो उद्धार हुनेछ ।

### अधिकारको उपाधि

मानिसहरूले येशू ख्रीष्टलाई प्रभु भनी बोलाउँदा के अर्थ दिन्छन् ? किन प्रेरित पावलले २०० पल्टभन्दा पनि बढी यो उपाधिलाई प्रयोग गरेका छन् ? उद्धार पाउनको निम्ति प्रभु येशू ख्रीष्टमा विश्‍वास गर्नुपर्छ भनेको अर्थ के हो ? येशू ख्रीष्ट नै प्रभु हुनुहुन्छ भनी प्रत्येक जिब्रोले स्वीकार गर्नुपर्छ भनेर किन परमेश्‍वरले भन्नुभयो ?

बाइबलमा 'प्रभु' भनेर अनुवाद गरिएको शब्द ग्रीक भाषाको 'कुरिओस' शब्द हो । यो शब्द अधिकारको उपाधि बताउनको निम्ति प्रयोग गरिन्थ्यो । आदर देखाउनलाई मानिसहरूले यो शब्द प्रयोग गर्थे । नम्र व्यवहार देखाउनको निम्ति पनि यो शब्द प्रयोग गरिन्थ्यो । परिवारको मालिक उसको घरको प्रभु हुन्थ्यो । कमराहरूले आफ्ना मालिकलाई प्रभु भनी बोलाउँथे । जनताहरूले तिनीहरूका शासकहरूलाई प्रभुको रूपमा चिन्थे ।

विभिन्न धर्मका देवहरूलाई आराधना गर्दा पनि कुरिओस शब्द प्रयोग गरिन्थ्यो । यो शब्द साँचो परमेश्‍वर यह्वेको आराधना गर्दा पनि प्रयोग गरिन्थ्यो । यस प्रकारले हेर्दा बाइबलले प्रभु उपाधि परमेश्‍वर

पिता र उहाँका पुत्र येशू ख्रीष्टको निम्ति प्रयोग गरेको छ। येशू ख्रीष्टलाई प्रभु भनी बोलाउँदा उहाँको परमेशवरत्व, पितासँगको उहाँको संयुक्ति, विश्वमाथि उहाँको उच्च अधिकार, र हाम्रो जीवनमाथि उहाँले शासन गर्ने अधिकारको स्वीकार गरिनुपर्छ।




जब हामी येशू ख्रीष्टलाई हाम्रा प्रभु भन्छौं, तब आज्ञा पाउनको निम्ति हामी उहाँको सन्मुख उपस्थित हुन्छौं र उहाँका निर्देशनहरू प्राप्त गर्छौं। हामी प्रार्थनामा सबै कुरा उहाँको साथमा लान्छौ। उहाँको वचन हाम्रो निम्ति प्रत्येक दिनको सारग्रन्थ हो। हामीले केही कुराको पनि चिन्ता गर्नुपर्दैन। हाम्रा प्रभुसँग सबै शक्ति छ, उहाँ सबै कुराहरू जान्नुहुन्छ र उहाँ हामीलाई प्रेम गर्नुहुन्छ। हामीले खालि उहाँमाथि भरोसा र उहाँको आज्ञापालन गर्नुपर्छ।

## तपाईंको अभ्यासको निम्ति

१. रोमी १०:९ कण्ठ गर्नुहोस्।

२. प्रभु 'उपाधि' के को प्रकट गर्न प्रयोग गरिएको छ ?

____ **क.** अधिकारको मान्यता।

____ **क.** समानताको मान्यता।

____ **क.** मित्रता।

३. प्रेरित पावलले कतिपल्ट येशू ख्रीष्टलाई प्रभु भनी बोलाएका छन्? ........................................

४. विचार गर्नुहोस्: जब तपाईं येशू ख्रीष्टलाई प्रभु भनी बोलाउनुहुन्छ, यसले तपाईंको जीवनमा के अर्थ दिन्छ ? के यो नम्र अभिवादन मात्र हो कि ? कतिसम्म उहाँ तपाईंका प्रभु हुनुहुन्छ ?

## अधिकारको प्रमाण

येशू ख्रीष्टले आफ्ना शिक्षाहरूमा आफ्नो अधिकारको प्रमाण दिनुभयो । उहाँले पूर्ण निश्चयतासाथ परमेश्वर र मानिसका विषयको सत्यता प्रकट गराई मानिसहरूलाई अचम्मित पार्नुभयो । उहाँले आफैलाई बाटो, सत्य र जीवन भनी बोलाउनुभयो ।

येशू ख्रीष्टले प्राकृतिक कुराहरूमाथि आफ्नो अधिकार छ भनी प्रमाण दिनुभयो । उहाँ समुद्रमा हिँड्नुभयो । उहाँले "शान्त हो" भनेका शब्दहरूले हुरीबतास पनि शान्त भयो । उहाँले पानीलाई दाखरसमा बदल्नुभयो । उहाँले पाँच रोटी र दुई साना माछाले ५,००० मानिसहरूलाई खुवाउनुभयो ।

रोग र मृत्युमाथि आफ्नो अधिकार छ भनी येशू ख्रीष्टले प्रमाणित गर्नुभयो । उहाँले छुनेबित्तिकै बहिराले सुने, अन्धाले देखे र लङ्गडाहरू हिँडे । उहाँले मरेका मुर्दाहरूलाई जीवनमा ल्याउनुभयो । उहाँ मर्नुभयो र फेरि बौरी उठ्नुभयो ।


येशू ख्रीष्टले आफ्नो नैतिक अधिकारको प्रमाणित गर्नुभयो । उहाँले विना पापको जीवन जिउनुभयो । उहाँले एक यस्तो नैतिक-शास्त्रको स्थापना गर्नुभयो, जसलाई संसारले जानेकै थिएन । उहाँले नष्ट भएका जीवनहरूलाई सुन्दर, शुद्ध र प्रयोग गर्ने खालका बनाउनुभयो । उहाँ सिद्ध अगुवा हुनुहुन्थ्यो ।

येशू ख्रीष्टले आफ्नो आत्मिक अधिकारको प्रमाणित गर्नुभयो। उहाँले पापहरू क्षमा गर्नुभयो। उहाँले भूत लागेका मानिसहरूबाट भूतात्माहरू धपाउनुभयो। उहाँले आफ्ना पिताका कामहरू गरेर मानिसहरूलाई परमेश्वर प्रकट गराउनुभयो। उहाँ फर्किएर स्वर्ग जानुभयो र पवित्र आत्मालाई मण्डलीमा पठाउनुभयो।

येशू ख्रीष्टले मण्लीमाथि आफ्नो अधिकार छ भनी प्रमाणित गर्नुभयो। प्रभुको रूपमा उहाँले आफ्ना चेलाहरूलाई संसारमा सुसमाचार फैलाउन पठाउनुभयो र यो काम गर्नको निम्ति उहाँले तिनीहरूलाई अलौकिक शक्ति पनि दिनुभयो। जब हामी उहाँका आज्ञाहरूको पालन गर्छौं, तब हामीलाई स्वर्गको सबै अधिकार दिएर उहाँले सहायता गर्नुहुन्छ।

**यूहन्ना १३:१३** तिमीहरू मलाई 'गुरू र प्रभु' भन्दछौ, त्यो तिमीहरू ठीकै भन्दछौ, किनभने म उही हुँ।

**मत्ती २८:१८-२०** तब येशू तिनीहरूकहाँ आएर भन्नुभयो, "स्वर्ग र पृथ्वीमा समस्त अधिकार मलाई दिइएको छ। यसकारण जाओ, र सबै देशका जातिहरूलाई चेला बनाओ, पिता र पुत्र र पवित्र आत्माको नाउँमा तिनीहरूलाई बप्तिस्मा देओ, मैले तिमीहरूलाई आज्ञा गरेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ। हेर, म युगको अन्त्यसम्म सधैं तिमीहरूको साथमा छु।"



## तपाईंको अभ्यासको निम्ति

५. यूहन्ना १३:१३ कण्ठ गर्नुहोस् ।

६. तिनीहरूले बप्तिस्मा दिएका मानिसहरूलाई के सिकाउनु भनेर येशू ख्रीष्टले चेलाहरूलाई आज्ञा गर्नुभयो ?

____ **क.** ठूला ठूला मण्डलीहरू बनाउनु ।

____ **ख.** उहाँका सबै आज्ञाहरू पालन गर्नु ।

____ **ग.** उहाँको उदाहरण (नमूना) पछ्याउनु ।

७. तलका बायाँपट्टि अधिकारसँग दायाँ पट्टिको प्रमाणको जोडा मिलाउनुहोस् ।

| | |
|---|---|
| १) आत्मिक | क) रोगीको चंगाई |
| २) नैतिक | ख) हुरीबतास |
| ३) प्रकृतिमाथि | ग) आज्ञा |
| ४) मण्डलीमाथि | घ) पापको क्षमा |
| ५) रोगमाथि | ङ) पुनरूत्थान |
| ६) मृत्युमाथि | च) स्तर |

८. विचार गर्नुहोस्: जब हामी प्रार्थना गर्छौं, यी सबै कुरामा के हामी येशू ख्रीष्टको अधिकारको स्वीकार गर्छौं ?

## प्रभुको रूपमा मान्यता

आज यस संसारमा मण्डलीले येशू ख्रीष्टलाई प्रभुको रूपमा चिन्छ । स्वर्गमा पनि उहाँ सबै आत्मिक शक्तिहरूभन्दा महान् हुनुहुन्छ । कुनै दिन सारा संसारले नै उहाँलाई अधिकारपूर्ण शासक र प्रभुको रूपमा स्वीकार गर्नेछ ।

> **एफिसी १:२०-२२** जो उहाँले ख्रीष्टमा पूरा गर्नुभयो, जब उहाँले ख्रीष्टलाई मरेकाहरूबाट जीवित पार्नुभयो, अनि स्वर्गीय स्थानहरूमा आफ्नै दाहिने बाहुलीपट्टि बसाल्नुभयो । सबै शासन, र अधिकार, र शक्ति र राज्यमाथि, र यस युगका मात्र होइन, तर आउने युगका पनि जति नाउँ छन्, ती सबैमाथि उहाँलाई राख्नुभयो, र परमेश्वरले सबै कुरा उहाँका पाउमुनि राखिदिनुभयो, र (एकलेसिया) मण्डलीको निम्ति उहाँलाई नै सबै कुराको शिर बनाइदिनुभयो ।

## मण्डलीको शिर

येशू ख्रीष्टलाई आफ्ना मुक्तिदाता र प्रभु भनी स्वीकार गर्ने सबै जना उहाँको मण्डलीका सदस्यहरू हुन् । प्रेरित पावलले चारवटा पत्रहरूमा हामीलाई बताएका छन् कि येशू ख्रीष्ट हाम्रो शिर हुनुहुन्छ र मण्डली उहाँको शरीर हो । हामीले येशू ख्रीष्टसँगको संयुक्तिको अवसरको विषयमा अध्ययन गरिसकेका छौं येशू ख्रीष्टलाई हाम्रो जीवनमा प्रथम स्थान दिनाले नै हामीहरू ती कुराहरूलाई पूर्णरूपमा उपभोग गर्न सक्छौं । शिरले शरीरको अगुवाइ गर्नुपर्छ तर शरीरले शिरको होइन । शरीरमा प्रत्येक सदस्यको आफ्नै ठाउँ र काम छ । हामीहरू सबैले एकैसाथ शरीरको भलाइको निम्ति काम गर्नुपर्छ र हाम्रो शिरले ख्रीष्टको उद्देश्य पूरा गर्ने काम गरिरहनु पर्छ ।

> **कलस्सी १:१७,१८** उहाँ नै सबै कुराभन्दा अगाडि हुनुहुन्छ, र उहाँमा नै सबै कुरा बाँधिएर रहेका छन् । उहाँ शरीर, अर्थात् एकलेसियाका शिर हुनुहुन्छ, उहाँ नै शुरू हुनुहुन्छ, मरेकाहरूबाट जीवित हुनेहरूमा उहाँ ज्येष्ठ हुनुहुन्छ ।

**रोमी १२:५,६**
त्यसरी नै हामी जो धेरै छौं, हामी पनि ख्रीष्टमा एउटै शरीर हौं, र प्रत्येक एक-अर्काका अङ्ग हौं। हामीलाई दिइएको अनुग्रहअनुसार अलग-अलग वरदानहरू हामी प्रयोग गरौं।




येशू ख्रीष्टले यस पृथ्वीमा आफ्नो राज्य स्थापना गर्नु पहिले उहाँले आफ्नो मण्डलीलाई स्वर्गमा लगी उहाँसँगै राज्य गर्नको निम्ति तयार गर्नुहुनेछ। उहाँले हामी सबैको न्याय गर्नुहुनेछ हाम्रा भूल र असफलताको लेखा लिनुहुनेछ र हामीले उहाँको निम्ति जे गरेका छौं त्यसको इनाम दिनुहुनेछ। हामीले उहाँसँगै उहाँको अनन्त राज्यमा शासन गर्न अगाडि हाम्रो जीवनको प्रत्येक क्षेत्रमा उहाँको शासनको स्थापना भएको हुनुपर्छ।

**२ कोरिन्थी ५:१०** किनकि हामी सबै ख्रीष्टका न्याय-आसनको सामुन्ने खडा हुनुपर्छ, यसरी शरीरमा हुँदा आफूले गरेबमोजिम हरेकले असल वा खराब प्रतिफल पाउनेछ।

न्यायपछि स्वर्गमा थुमाको विवाहको भोजको महान् उत्सव पुस्तकमा २९ पल्ट येशू ख्रीष्टलाई थुमा भनिएको छ। उहाँ स्वर्ग फर्कनु भएपछि यो उपाधि उहाँको स्वभावको इज्जत गर्न दिइएको हो। मण्डली पनि थुमाको दुलही भएकोले यसले यो इज्जत बाँड्ने मौका पाएको छ।

**प्रकाश १९:५-८** तब सिंहासनबाट यसो भनिरहेको एउटा आवाज आयो, "हाम्रा परमेश्वरको प्रशंसा गर, उहाँका सबै दास हो, तिमीहरू साना र ठूला जसले उहाँको भय मान्दछौ।" त्यसपछि एउटा ठूलो भीडको सोरजस्तो मैले सुनें, उर्लंदो पानीहरूको आवाज र धेरै शक्तिशाली मेघ गर्जनको आवाजजस्तो मैले सुनें, जसले यसो भनिरहेको थियो: "हल्लेलूयाह ! किनकि परमप्रभु हाम्रा परमेश्वर सर्वशक्तिमान्ले राज्य गर्नुहुन्छ। हामी रमाऔं र अत्यन्त खुशी होऔं, र उहाँलाई महिमा दिऔं ! किनकि थुमाका विवाहका दिन आएको छ, र उहाँकी दुलही स्वयम् तयार भएकी छिन्। चहकिलो र स्वच्छ मलमलको वस्त्र पहिरन तिनलाई दिइयो।" चहकिलो मलमलको वस्त्र सन्तहरूका धार्मिक कार्य हुन्।

## तपाईंको अभ्यासको निम्ति

९. पावलले ख्रीष्टलाई ...................... र उहाँको मण्डलीलाई ................................................................. भनेका छन्।

१०. तपाईंको जीवनमा उपयुक्त स्थान कहाँ मिल्न सक्छ ?

...........................................................................

११. जीवनमा कसको स्थान प्रथम हुनुपर्छ ?

१२. क तपाईंको जीवनमा येशूको स्थान प्रथम छ ? उहाँको शरीरमा तपाईंले आफ्नो स्थान कसरी पूरा गरिरहनुभएको छ ? के तपाईं उहाँकी दुलहीको भाग बन्न पाएकोमा खुशी हुनुहुन्छ ?

**राजाहरूका राजा र प्रभुहरूका प्रभु**

येशू ख्रीष्ट को हुनुहुन्छ भन्ने चित्रको पुष्टि गर्न हामीले भविष्यमा हेर्दा उहाँको महिमालाई देख्छौं।

> **प्रकाश १:७,८** हेर, उहाँ बादलहरूसाथ आउँदै हुनुहुन्छ, "अल्फा र ओमेगा म नै हुँ," सर्वशक्तिमान् परमप्रभु परमेश्वर भन्नुहुन्छ, जो हुनुहुन्छ, जो हुनुहुन्थ्यो र जो आउनुहुनेछ।


अल्फा र ओमेगा ग्रीक अक्षरका पहिलो र अन्तिम अक्षर हुन्। येशू ख्रीष्ट अल्फा हुनुहुन्छ, जो पहिलो कारण र वास्तविकताको मुहान हुनुहुन्छ। येशू ख्रीष्ट ओमेगा हुनुहुन्छ उहाँले सबै कुरालाई ठीक सम्बन्धमा ल्याउनुहुनेछ। उहाँले सबै दुष्ट कुराहरूमाथि विजय पाउनुहुनेछ र राजाहरूका राजा र प्रभुहरूका प्रभु भएर शासन गर्नुहुनेछ।

उहाँ संसारमा फर्कनुभन्दा अगाडि आउने कठीन समयको विषयमा येशू ख्रीष्टले बताउनुभएको छ। प्रकाशको पुस्तकले अझ धेरै कुराहरू थपेको छः लडाइँ, महामारी, भुइँचालो, अनिकाल, दुषित पानी, माछाहरू मरेका, रूख-बिरूवाहरूको नष्टता, संसार तानाशाहको दबाबमा, र राज्यमा मृत्यु हुनेछ।

परमेश्वरलाई धन्यवाद होस्, किनकि यही नै अन्त होइन। यद्यपि, पापले कष्ट र मृत्यु ल्याउँछ, तर येशू ख्रीष्टले आफ्नो पूर्ण राज्य देखाउनको निम्ति मानिसहरूलाई र यस पृथ्वीलाई उद्धार गर्नुभएको छ। आफ्नो शक्तिले सृष्टि गर्नुभएको र आफ्नो रगतले उद्धार गर्नुभएको संसारको अधिकार गर्न उहाँ चाँडै आउनुहुनेछ।

**प्रकाश १९:११, १३, १४, १६** मैले स्वर्ग उघ्रेको देखें र त्यहाँ एउटा सेतो घोडा थियो। त्यसमाथि सवार हुनुहुने विश्वासयोग्य र सत्य कहलाइनुहुन्छ। धार्मिकतामा उहाँले इन्साफ र युद्ध गर्नुहुन्छ। उहाँले रगतमा चोबलिएको पोशाक पहिरिनुभएको थियो, र उहाँको नाउँ परमेश्वरको वचन थियो। स्वर्गका सेनाहरू सेता र स्वच्छ मलमलका वस्त्र पहिरिई सेता घोडाहरूमा चढेर उहाँको पछिपछि लागे। उहाँका पोशाक र तिघ्रामा राजाहरूका राजा र प्रभुहरूका प्रभु अङ्कित छ।

**मत्ती २४:३०; २५:३१,३२** पृथ्वीका सब जातिहरू विलाप गर्नेछन्, र तिनीहरूले मानिसको पुत्रलाई आकाशका बादलहरूमा शक्ति र ठूलो महिमासाथ आइरहेको देख्नेछन्। "जब मानिसको पुत्र सारा स्वर्गदूतहरूसँग आफ्नो महिमामा आउनेछ, तब आफ्ना आफ्नो महिमामय सिंहासनमा बस्नेछ। र उसको सामुन्ने सबै जातिहरू भेला हुनेछन्।



**यशैया ११:४, ६, ९; ३५: १, ५, ६, १०** तर गरीबहरूको न्याय उहाँले ठीकसित गर्नुहुनेछ, र पृथ्वीलाई लौरोले झैं आफ्नो वचनले हिर्काउनुहुनेछ ! ब्वाँसोचाहिँ थुमासित बस्नेछ, र चितुवा पाठासित सुतेर बस्नेछ। बाछा जवान सिंह र पालेको पशु एकैसाथ रहनेछन्, र एउटा सानो बालकले तिनीहरूलाई डोऱ्याउनेछ। तिनीहरूले मेरा सबै पवित्र पर्वतमा न ता केही हानि न नोक्सानी गर्नेछन्, किनकि समुद्र पानीले भरिएझैं पृथ्वी परमप्रभुको ज्ञानले भरिपूर्ण हुनेछ।

> उजाड र निर्जन भूमि हर्षित हुनेछ। मरूभूमि रमाउने छ। वसन्तको फूल झैँ त्यो फक्रनेछ। तब अन्धाहरूका आँखा खोलिनेछन्, र बहिराहरूका कान उघारिनेछन्। तब लंगडा मृगझैँ उफ्रनेछ,र गूङ्गाको जिब्रोले स्तुति गर्नेछ, किनकि उजाडस्थानमा पानी फुटेर निस्कनेछ, र मरूभूमिमा खोलाहरू बग्नेछन्।
>
> अनि परमप्रभुले उद्धार गर्नुभएकाहरू फर्केर आउनेछन्। तिनीहरू सियोनमा गाउँदै आउनेछन्। तिनीहरूका अनुहारमा सदा आनन्द देखिनेछ। तिनीहरूले आनन्द र रमाहट प्राप्त गर्नेछन्, शोक र सुस्केरा टाढा हुनेछ।
>
> **प्रकाश २१:३-५** "हेर, परमेश्वरको वास मानिसहरूसँग भएको छ। उहाँ तिनीहरूसँग वास गर्नुहुनेछ, र तिनीहरू उहाँका प्रजा हुनेछन्, र परमेश्वर आफै तिनीहरूका परमश्वर भएर तिनीहरूसँग रहनुहुनेछ। उहाँले तिनीहरूका आँखाको आँसु पूर्ण रूपले पुछिदिनुहुनेछ, र फेरि मृत्यु नै हुनेछैन, शोक र पीडा पनि हेनेछैन। किनकि पहिलेका कुराहरू बितिसकेका छन्।" सिंहासनमा विराजमान हुनुहुनेले मलाई भन्नुभयो, "हेर, म सबै कुरा नयाँ तुल्याउँछु।"

यस छोटो पाठ्यपुस्तकमा तपाईंले येशू ख्रीष्टका सबै उपाधिहरू वा उहाँको अचम्मको राज्यको बारेमा सबै कुराहरू अध्ययन गर्न सक्नुहुन्न। तर पनि हामी आशा राख्छौँ कि येशू ख्रीष्टको विषयमा तपाईंले पहिलेको भन्दा केही बढी सिक्नुभयो, र अहिले उहाँलाई बढी प्रेम गर्नुहुन्छ। हामी प्रार्थना गर्छौं कि तपाईंले उहाँको आगमनलाई पर्खंदा उहाँलाई प्रत्येक दिन अझ राम्रोसँग चिन्नुहुनेछ। त्यसपछि कुनै दिन उहाँ यस पृथ्वीमा आउनुहुँदा उहाँलाई देख्न सक्नुहुनेछ उहाँ जस्तो

हुनुहुन्छ त्यस्तैगरी चिन्नुहुनेछ र थुमाको प्रशंसाको निम्ति गाइएको विश्वव्यापी भजनमा तपाईं पनि मिलेर गाउन सक्नुहुनेछ ।

**प्रकाश ५:९-१३** तिनीहरूले यसो भन्दै एउटा नयाँ गीत गाए:

"तपाईं यो चर्मपत्रको मुट्ठो लिने र त्यसका मोहोरहरू तोड्ने योग्यका हुनुहुन्छ,
तपाईं मारिनुभयो र आफ्नो रगतद्वारा तपाईंले परमेश्वरको निम्ति हरेक कुल, भाषा, मानिस र जातिबाट मानिसहरूलाई छुटकारा दिनुभयो,
र तिनीहरूलाई राज्य र हाम्रा परमेश्वरका पूजाहारी बनाउनुभएको छ, र तिनीहरूले पृथ्वीमा राज्य गर्नेछन् ।"

तब मैले हेरें, अनि सिंहासन, जीवित प्राणीहरू र धर्म-गुरूहरूका वरिपरि धेरै स्वर्गदूतहरूका आवाज सुनें । तिनीहरूको सङ्ख्या लाखौं र करोडौं थियो । तिनीहरू चर्को सोरले यसो भनिरहेका थिए,

"मारिएका थुमा सामर्थ्य, वैभव, बुद्धि, शक्ति सम्मान, महिमा, र स्तुति ग्रहण गर्ने योग्यका हुनुहुन्छ ।"

अनि स्वर्गमा, पृथ्वीमा, पृथ्वीमुनि, समुद्र र त्यहाँ भएको हरेक प्राणीले यसो भनिरहेको मैले सुनें,

"सिंहासनमा विराजमान हुनुहुनेलाई र थुमालाई स्तुति, सम्मान, महिमा र सामर्थ्य सदासर्वदा होस् ।"

## तपाईंको अभ्यासको निम्ति

१३. यस खण्डको अभ्यास गर्नु अगाडि प्रत्येक पाठको पहिलो पन्नालाई दोहोऱ्याउनुहोस्। प्रत्येक भागलाई सकेसम्म सम्झने कोशिश गर्नुहोस्। प्रत्येक पाठलाई छिट्टै दोहोऱ्याउनुहोस्। तपाईंले अध्ययन गर्नुभएका प्रत्येक कुराले तपाईंलाई के सिकाइरहेका छन् विचार गर्नुहोस्। यसको विषयमा येशू ख्रीष्टसँग कुराकानी गर्नुहोस्।

१४. अब यस खण्डमा फर्केर आउनुहोस्– प्रकाश १९ मा येशू ख्रीष्टलाई दिइएका तीनवटा उपाधिहरू के हुन् ? ..................
..........................................................................

१५. संसारका समस्याहरूको समाधान गर्ने एउटै मात्र आशा हो
____ **क.** उत्तम वैज्ञानिक उपकरणहरू।
____ **ख.** विश्वव्यापी शिक्षा।
____ **ग.** उत्तम राजनैतिक प्रणाली।
____ **घ.** राजाको रूपमा आउने येशू ख्रीष्ट।

१६. यस खण्डलाई फेरि पढ्नुहोस्। तपाईंलाई सबैभन्दा उत्तम लागेका भागहरूको मुनि चिन्न लगाउनुहोस्।

१७. थुमाको भजन येशू ख्रीष्टलाई पढ्नुहोस्। तपाईंलाई उद्धार गर्नको निम्ति उहाँ मर्नुभएको लागि उहाँलाई धन्यवाद दिनुहोस्।

१८. आफ्ना उत्तरहरूको जाँच गर्नुहोस् र पाठ १० को विद्यार्थी प्रतिवेदनमा भर्नहोस्।

## पाठ १० - उत्तरहरू :

यस पाठका प्रश्नहरूमा तपाईंले १७ वटा विषयका सूचनाहरू दिनुपर्नेछ। यदि तपाईंले १५ वटादेखि १७ वटा ठीक मिलाउनुभयो भने "उत्तम श्रेणी" लेख्नुहोस्। यदि १२ वटा देखि १४ वटा ठीक मिलाउनुभयो भने "राम्रो" लेख्नुहोस्। यदि ९ वटा देखि ११ वटा ठीक मिल्यो भने "असल" लेख्नुहोस्। यदि तपाईंले ९ वटाभन्दा पनि घटि मिलाउनुभयो भने यस पाठलाई फेरि दोहोऱ्याएर पढ्नुहोस्।

२. क) अधिकारको मान्यता।

३. २०० पल्टभन्दा बढी।

६. ख) उहाँका सबै आज्ञाहरू पालन गर्नु।

७. ५) -क, ३) -ख, ४) -ग, १) -घ, ६) -ङ, २) -च

९. शिर, शरीर।

१०. येशू ख्रीष्टसँगको संयुक्तिमा।

११. येशू ख्रीष्टको।

१४. विश्वासयोग्य र साँचो, परमेश्वरको वचन, राजाहरूका महाराजा, प्रभुहरूका महाप्रभु।

१५. घ) राजाको रूपमा आउनुहुने येशू ख्रीष्ट।

ठीक भएका उत्तरहरूका संख्या .......... श्रेणी .......... अब पाठ १० को विद्यार्थी प्रतिवेदनमा भर्नुहोस्।